# शिक्षाको सोचपत्र-२०७९




नेपाल सरकार

## शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरवार, काठमाडौं

# शिक्षाको सोच पत्र - २०७९

# शिक्षाको सोच पत्र

## विषयसूची

**खण्ड–१**

**प्रारम्भिक**


१.१ पृष्ठभूमि ............ १
१.२ विगतको अभ्यास ............ ३
१.२.१ वि.सं. २००७ साल भन्दा अगाडि रहेका व्यवस्था ............ ३
१.२.२ वि.सं. २००७ देखि वि.सं. २०२७ सम्म भएका व्यवस्था ............ ४
१.२.३ वि.सं. २०२८ देखि वि.सं. २०४६ सम्म भएका व्यवस्था ............ ७
१.२.४ वि.सं. २०४७ देखि वि.सं. २०७१ सम्म भएका व्यवस्थाहरू ............ ९
१.२.५ वि.सं. २०७२ देखि हालसम्म भएका व्यवस्थाहरू ............ १२
१.३ शिक्षाका राष्ट्रिय उद्देश्यहरू ............ १७
१.४ शिक्षाको विद्यमान संरचना ............ १९
१.५ अन्तर्राष्ट्रिय व्यवस्थाहरू ............ २०


**खण्ड–२**

**दीर्घकालीन दृष्टिकोण एवम् सुधारका स्तम्भहरू (प्रमुख रणनीति)**


२.१ दीर्घकालीन दृष्टिकोणः ............ २३
२.२ सुधार तथा परिवर्तनका स्तम्भहरु (प्रमुख रणनीति) ............ २३


**खण्ड–३**

**प्रारम्भिक बाल विकास तथा शिक्षा**


३.१ विद्यमान अवस्था ............ २७
३.२ समस्या तथा चुनौतीहरू ............ २८
३.२.१ नीतिगत ............ २८
३.२.२ संस्थागत ............ २८
३.२.३ कार्यक्रमगत ............ २८

३.३ राष्ट्रिय उद्देश्य ...... २९
३.४ रूपान्तरणको क्षेत्र र अपेक्षित उपलब्धि ...... २९
३.५ सुधारका कार्यहरू ...... ३०

## खण्ड–४
## विद्यालय शिक्षा

४.१ विद्यमान अवस्था ...... ३२
४.२ समस्या तथा चुनौतीहरू ...... ३५
४.२.१ नीतिगत ...... ३५
४.२.२ संस्थागत ...... ३५
४.२.३ कार्यक्रमगत ...... ३६
४.३ राष्ट्रिय उद्देश्य ...... ३७
४.४ रूपान्तरणको क्षेत्र र अपेक्षित उपलब्धि ...... ३८
४.५ सुधारका कार्यहरू ...... ३९
४.५.१ विद्यालयीय सुविधाको सुनिश्चितता ...... ४०
४.५.२ आदर्श शैक्षिक वातावरणको निर्माण ...... ४१
४.५.३ शिक्षक व्यवस्थापन र विकास ...... ४२
४.५.४ पाठ्यक्रम तथा पाठ्यपुस्तक ...... ४६
४.५.५ शैक्षिक सामग्री ...... ४७
४.५.६ शैक्षिक सुशासन र सेवा प्रवाह ...... ४९
४.५.७ शिक्षक पेशागत सहयोग ...... ५२
४.५.८ अनुगमन ...... ५३
४.५.९ परीक्षा तथा मूल्याङ्कन ...... ५४
४.५.१० शैक्षिक गुणस्तर सुधारका लागि गरिने विविध कार्यहरू ...... ५६

## खण्ड–५
## उच्च शिक्षा

५.१ विद्यमान अवस्था ...... ५८
५.२ समस्या तथा चुनौतीहरू ...... ६०

५.२.१ नीतिगत ६१
५.२.२ संस्थागत ६१
५.२.३ कार्यक्रमगत ६१
५.३ राष्ट्रिय उद्देश्य ६२
५.४ रूपान्तरणको क्षेत्र र अपेक्षित उपलब्धि ६२
५.५ सुधारका कार्यहरू ६३


## खण्ड–६

## प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम


६.१ विद्यमान अवस्था ६९
६.२ समस्या तथा चुनौतीहरू ६९
६.२.१ नीतिगत ७०
६.२.२ संस्थागत ७०
६.२.३ कार्यक्रमगत ७०
६.३ राष्ट्रिय उद्देश्य ७१
६.४ रूपान्तरणको क्षेत्र र अपेक्षित उपलब्धि ७१
६.५ सुधारका कार्यहरू ७२


## खण्ड–७

## अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा


७.१ विद्यमान अवस्था ७६
७.२ समस्या तथा चुनौतीहरू ७६
७.२.१ नीतिगत ७६
७.२.२ संस्थागत ७६
७.३.३ कार्यक्रमगत ७७
७.३ राष्ट्रिय उद्देश्य ७७
७.४ रूपान्तरणको क्षेत्र र अपेक्षित उपलब्धि ७७
७.५ सुधारका कार्यहरू ७८

**खण्ड–८**

**विविध**


८.१ विद्यमान अवस्था ........ ७९
८.२ समस्या तथा चुनौतीहरू ........ ८०


**खण्ड–९**

**शिक्षामा लगानी**


९.१ शिक्षामा लगानी/ बजेट चार्ट ........ ८१
९.२ तहगत विनियोजन ........ ८२
९.३ शिक्षामा लगानीको ढाँचा ........ ८२


**खण्ड–१०**

**विभिन्न निकायको भूमिका**


१०.१ संघको भूमिका ........ ८४
१०.१.१ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको भूमिका ........ ८४
१०.१.२ अन्य संघीय निकायको भूमिका ........ ८४
१०.२ प्रदेश तहको भूमिका ........ ८५
१०.३ स्थानीय तहको भूमिका ........ ८५


**खण्ड–११**


११.१ अपेक्षित उपलब्धि ........ ८७


**खण्ड–१२**

**सोचपत्रको कार्यान्वयन सम्बन्धी व्यवस्था**


१२.१ कानूनी व्यवस्था ........ ८९
१२.२ कार्यक्रमगत व्यवस्था ........ ८९


**खण्ड–१३**

**जोखिम र अवरोध**


१३.१ जोखिम र अवरोध ........ ९१
सन्दर्भ सामग्रीहरू ........ ९२
अनुसूचीहरू ........ ९३

# शिक्षाको सोच पत्र

## खण्ड-१

### प्रारम्भिक

**१.१ पृष्ठभूमि**

"सुखी नेपाली, समृद्ध नेपाल" को लक्ष्य पूरा गर्न शिक्षाको अहम् भूमिका रहन्छ ।शिक्षाको विकासबाट मात्र समाज र राष्ट्रका आकांक्षा परिपूर्ति गर्न सकिन्छ। व्यक्तिको सर्वाङ्गीण जीवनपद्धति विकास र निर्माणको माध्यम शिक्षा हो । शिक्षाको विकासबाट नै ज्ञानवान्, गुणवान्, सिपवान्, क्षमताशील, दक्षतायुक्त, अनुशासित, प्रतिस्पर्धी र विवेकशील नागरिक तयार गर्न सकिन्छ र यसबाट राष्ट्रिय अभीष्ट हासिल गर्न सकिन्छ । नेपालको संविधानले व्यवस्था गरेअनुरूप अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सबै तहमा गुणस्तरीय शिक्षा प्राप्त गर्नु हरेक नेपालीको नैसर्गिक अधिकार हो । नेपालको संविधानले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने व्यक्तित्व विकासको संवाहकका रूपमा अङ्गीकार गरेको सन्दर्भ तथा शिक्षा सम्बन्धी दिगो विकास लक्ष्य, पन्ध्रौं योजना तथा शिक्षा नीति समेतलाई दृष्टिगत गरी शिक्षामा समसामयिक सुधार गर्दै आमूल परिवर्तन गर्न प्रस्तुत सोचपत्र तयार गरिएको छ।शिक्षासम्बन्धी दिगो विकासको लक्ष्य, पन्ध्रौं योजनाले परिलक्षित गरेको शिक्षासम्बन्धी समष्टिगत उद्देश्यका साथै राष्ट्रिय शिक्षा नीति समेतलाई दृष्टिगत गरी शिक्षामा आमूल परिवर्तन र समसामयिक सुधार गर्न यो सोचपत्र तयार गरिएको छ। यस सोचपत्रलाई दुई चरणमा कार्यान्वयन गरिने छ । पहिलो चरणमा भएका कानुनको कार्यान्वयन र आवश्यकताअनुसार कानुन परिमार्जनमार्फत् सोचपत्रको कार्यान्वयन गरिने छ । दोस्रो चरणमा आवश्यक नयाँ कानुन, संरचना तथा पूर्वाधारको निर्माण गरी यस सोचपत्रको पूर्ण कार्यान्वयन गरिने छ ।

नेपालको संवैधानिक व्यवस्था, नेपाल सरकारको “समृद्ध नेपाल, सुखी नेपाली” सहितको २५ वर्षे दीर्घकालीन सोचसहितको पन्ध्रौं आवधिक योजनामा तय गरिएका शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य, राष्ट्रिय शिक्षा नीति, २०७६, विज्ञान-प्रविधि तथा नवप्रवर्तन नीति, २०७६का मार्गदर्शन, सामुदायिक विद्यालय सबलीकरण कार्यक्रम २०७६-२०८५, विद्यालय क्षेत्र विकास योजना (सन् २०१६-२०२२) का निर्दिष्ट लक्ष्य तथा प्रारम्भिक उपलब्धि, नेपाल सरकारको १५ वर्षे दिगो विकास लक्ष्यसम्बन्धी मार्ग चित्र (सन् २०१६-२०३०) तथा दिगो विकास लक्ष्य ४ सम्बन्धी नेपाल राष्ट्रिय कार्यढाँचा (सन् २०१९-२०३०), १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (सन् २०२१-२०३०) तथा नेपालले राष्ट्रिय र अन्तरार्ष्ट्रियस्तरमा जनाएका प्रतिबद्धतासमेतका आधारमा तयार गरिएको यो सोचपत्र कार्यान्वयनबाट प्राप्त हुने सुधार र परिवर्तनले गुणस्तरीय सार्वजनिक शिक्षाको सुनिश्चित गरी राष्ट्रिय मानक बमोजिम शैक्षिक उपलब्धि हासिल भई मुलुकको आर्थिक-सामाजिक रूपान्तरणमा यथेष्ट योगदान पुग्ने छ । फलस्वरूप शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्न सहयोग पुग्ने छ । साथै जीवनोपयोगी शिक्षाको प्रवर्द्धनका लागि सिप विकास र प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच समुदायसम्म पुऱ्याई सिक्दै कमाउँदै कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्ने छ । उच्च शिक्षालाई गुणस्तरीय, अन्तर्राष्ट्रियस्तरको प्रतिस्पर्धी एवम् बजारको मागअनुरूपको जनशक्ति विकास गर्ने माध्यम बनाउने अपेक्षा गरिएको छ ।

यस सोचपत्रले स्वावलम्बी, मानवीय मूल्यमान्यता तथा कर्तव्य र अधिकारप्रति प्रतिबद्ध एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकताअनुरूप अध्ययन तथा अनुसन्धानमा आधारित नयाँ ज्ञान सिर्जना गर्न सक्षम नागरिक निर्माण गरी शिक्षालाई जीवनोपयोगी तथा रोजगारीमूलक बनाउन देहायका पक्षहरूलाई शिक्षाको मुख्य मान्यताका रूपमा लिएको छ :

(क) गुणस्तरीय, प्रतिस्पर्धी, जीवनोपयोगी शिक्षा

(ख) सिर्जनशील, अनुसन्धानमुखी एवम् नवप्रवर्तनात्मक शिक्षा

(ग) मागमा आधारित शिक्षा

(घ) स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशअनुकुल शिक्षा

(ङ) गतिशील एवम् परिवर्तनउन्मुख शिक्षा

(च) सान्दर्भिक एवम् प्रविधिमैत्री शिक्षा

(छ) शिक्षामा सुशासन, जवाफदेही एवम् पारदर्शिता

(ज) सर्वसुलभ, समावेशी एवम् सहभागितामूलक शिक्षा

## १.२ विगतको अभ्यास

नेपालमा शिक्षा परापूर्व कालदेखि सञ्चालन भएको विवरण पाइन्छ । नेपालमा शिक्षा आदिम कालदेखि नै सुरु भएको इतिहास पाइए तापनि वि.सं. २००७ को राजनीतिक परिवर्तन तथा राष्ट्रियस्तरमा वि.सं. २०१० को नेपालमा शिक्षा योजना कार्यान्वयन भएदेखि शिक्षामा आम नागरिकको चासो बढ्दै आएको पाइन्छ । शिक्षाको राष्ट्रिय माग तथा विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासका क्रममा नेपालको शिक्षा नीति, योजना, कार्यक्रम तथा परियोजना कार्यान्वयन हुँदै आएको सन्दर्भमा यस सोचपत्रमा देहायबमोजिम शिक्षा विकासका चरण समावेश गरिएको छ ।

### १.२.१ वि.सं. २००७ भन्दा अगाडि रहेका व्यवस्था

**(क)** नेपालमा परम्परागत हिन्दु-वैदिक शिक्षाको लामो इतिहास रहेको पाइन्छ । देवकुल, राजकुल, पितृकुल र गुरुकुल प्राचीन विद्याकेन्द्रका रूपमा रहेका थिए । बौद्ध धर्म-दर्शनको प्रारम्भ भएपछि विहार, गुम्बा र बौद्ध शिक्षा केन्द्रहरूमा बौद्ध धर्मदर्शनमा आधारित शिक्षा प्रचलनमा आयो ।

**(ख)** लिच्छविकालमा राज्यले सर्वसाधारण जनताको शिक्षालाई ऐच्छिक कार्यक्रमको रूपमा लिएको थियो । लिच्छविकालीन विद्याकेन्द्रहरू गुठीको आयस्ताबाट चल्थे ।

**(ग)** मल्लकालमा शिक्षालाई ऐच्छिक रूपमा कायम गरी शिक्षालाई व्यावसायिक सिपसँग जोडिएको थियो ।

**(घ)** नेपालको एकीकरणपूर्व धार्मिक सङ्घसंस्था, गुठी, व्यक्तिको दान, सरकारको अनुदान इत्यादिबाट शिक्षाका लागि खर्चको प्रबन्ध हुने गरेको पाइन्छ। सो क्रम एकीकरणपश्चात् पनि कायम रहेको पाइन्छ । परम्परागत

संस्कृत र बौद्ध शिक्षाको प्रचलन कायम थिए । वि.सं. १९१० मा दरबार स्कुलको स्थापनासँगै नेपालमा औपचारिक शिक्षा प्रणालीको सुरुआत भएको मानिन्छ ।

(ङ) वि.सं. १९१५ मा शिक्षा निर्देशकको कार्यालयका रूपमा शिक्षा विभाग (डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सन) स्थापना गरियो। यसलाई शिक्षा विकासमा उल्लेख्य कदमको रूपमा लिइन्छ ।

(च) यसै गरी वि.सं.१९६७ मा स्रेस्ता पाठशालामा अध्ययनरत विद्यार्थीको परीक्षा लिन पास जाँच अड्डाको स्थापना भयो ।

(छ) उच्च शिक्षाको औपचारिक सुरुआत भने वि.सं. १९७५ मा त्रिभुवन चन्द्र कलेज (त्रिचन्द्र कलेज) को स्थापनाबाट भएको मानिन्छ । भाषा पाठशालाको निरीक्षण गर्न वि.सं.१९७६ मा पाठशाला बन्दोवस्त नागरिक फाँट स्थापना गरी इन्स्पेक्टरी अफिसको स्थापना गरियो ।

(ज) वि.सं.१९९० मा एस.एल.सी. परीक्षा बोर्ड गठनपश्चात् उक्त परीक्षा नेपालमा लिन थालियो ।

(झ) शिक्षालाई कानुनी रूप दिन सर्वप्रथम वि.सं. १९९६ मा शिक्षाको इस्तिहार जारी गरिएको थियो । इस्तिहार जारीपश्चात् वि.सं.१९९८ मा चिफ इन्स्पेक्टर अफ स्कुल्स अफिसको स्थापना भयो ।

(ञ) वि.सं.२००३ मा जनकपुर र पश्चिमाञ्चलको पाल्पामा विद्यालय उपनिरीक्षकको कार्यालय स्थापना गरिएको थियो ।

### १.२.२ <u>वि.सं. २००७ देखि वि.सं. २०२७ सम्म भएका व्यवस्था</u>

(क) नेपालमा वि.सं.२००७ भन्दा पहिले शिक्षाको पहुँच ज्यादै सीमित व्यक्ति तथा समुदायमा मात्र थियो । त्यस बेला नेपालको साक्षरता करिब दुई प्रतिशत मात्र थियो भने प्रारम्भिक (प्राथमिक) स्कुल/पाठशाला ३२१, माध्यमिक स्कुल ११ र उच्च शिक्षाअन्तर्गत एउटा कलेज सञ्चालित थियो । वि.सं.२००७ को राजनीतिक परिवर्तनपछि योजनाबद्ध प्रयासका साथमा राज्यले शिक्षामा लगानी बढाउन थाल्यो । वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि शिक्षा मन्त्रालयको स्थापना भयो ।

मन्त्रालयका निर्णय शिक्षा विभागमार्फत कार्यान्वयन गर्न थालियो । समुदायहरू विद्यालय खोल्ने र बालबालिकालाई शिक्षा दिने कार्यमा सक्रिय रहन थाले । यसबाट शिक्षण संस्था र विद्यार्थी सङ्ख्यामा क्रमिक रूपमा वृद्धि हुन थाल्यो।

**(ख)** तत्कालीन सरकारले प्रशासनमा सुधार गर्न २००९ मा प्रशासकीय पुनर्गठन समिति (बुच कमिसन) गठन गर्यो । उक्त प्रतिवेदनअनुसार शिक्षा मन्त्रालयमा एक सेक्रेटरी, एक डेपुटी सेक्रेटरी, तीन एसिस्टेन्ट सेक्रेटरी र ११ सहायक कर्मचारी रहेका थिए । दुईओटा डिग्री कलेज, तीनओटा इन्टरमिडियट कलेज, ५० हाइस्कुल, १५० मिडिल स्कुल, ३८० प्राइमरी स्कुल, १७५ बेसिक स्कुल रहेका थिए । यसका अतिरिक्त २७४ ओटा संस्कृत तथा भाषा पाठशाला रहेका थिए । यी सबैमा लगभग १,६६,०६० विद्यार्थी थिए । यस प्रतिवेदनले शिक्षा प्रणालीलाई प्राविधिक बनाउनुपर्ने, शिक्षा प्रणालीबारे सल्लाह दिने प्रतिष्ठित शिक्षाविद् झिकाउनुपर्ने, शिक्षक छनोट, तालिम दिन र त्यसको निरीक्षण गर्न प्रबन्ध गर्नुपर्ने एवम् शिक्षा, जनस्वास्थ्य, स्थानीय निकाय मन्त्रालयहरू एउटै बनाउनुपर्ने सुझाव दिएको थियो ।

**(ग)** शैक्षिक प्रशासन र निरीक्षणलाई व्यवस्थापन गर्न वि.सं. २०१० मा धनकुटा, जनकपुर, काठमाडौं, पोखरा, तौलिहवा, नेपालगञ्ज र डोटी गरी सात क्षेत्रमा नेपाललाई विभाजन गरी प्रत्येक क्षेत्रमा एउटा डिभिजनल इन्स्पेक्टर अफ स्कुल्स कार्यालय स्थापना गरियो ।

**(घ)** वि.सं.२०११ मा गठित नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको सुझाव कार्यान्वयन गरी राष्ट्रिय शिक्षा प्रणालीको आधार तयार गरियो। यस समयदेखि नै देशभर समान किसिमको राष्ट्रिय शिक्षा नीतिको कार्यान्वयन, देशको आवश्यकतालाई ख्याल गरी व्यावसायिक शिक्षामा प्रधानता, देशमा निःशुल्क र सार्वजनिक शिक्षाको व्यवस्था जस्ता कार्य भए । यस आयोगले बिसौं शताब्दीको आवश्यकता पूरा गर्न तालिम प्राप्त जनशक्ति

निर्माणका लागि आधार पाठशाला तथा व्यावसायिक र व्यावहारिक दुवै शिक्षाको महत्त्व उठान गरेको थियो ।

(ङ) वि.सं.२०११ मा राष्ट्रिय शिक्षक शिक्षण केन्द्र र वि.सं. २०१३ मा कलेज अफ एजुकेसनको स्थापना भएको थियो ।

(च) वि.सं.२०१४ मा ३१ ओटा सबइन्स्पेक्टर अफिस स्थापना गरियो । वि.सं. २०१६ मा तत्कालीन ३२ प्रशासकीय जिल्लालाई २८ जिल्लामा विभाजन गरी २८ जिल्ला शिक्षा निरीक्षकको कार्यालय स्थापना गरियो ।

(छ) वि.सं.२०१८ मा १४ अञ्चल शिक्षा अधिकारीको कार्यालय र ७५ जिल्ला शिक्षा निरीक्षकको कार्यालय स्थापना भयो ।

(ज) वि.सं. २०१८ मा गठित सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको सिफारिस अनुसार प्राथमिक शिक्षा अनिवार्य, संस्कृत शिक्षाको विकास, १३ वर्षको विद्यालय शिक्षाको अवधि कायम गर्ने कार्यहरु भए भने शिक्षा ऐन, २०१९ जारी गरिएको थियो ।यस अवधिमा शिक्षालाई राज्यले लोक कल्याणकारी कार्यको रूपमा लिएको देखिन्छ ।

(झ) यसै गरी प्रशासन सुधार विकेन्द्रीकरण आयोगको प्रतिवेदन-२०२० को सुझावअनुसार प्राथमिक स्कुलको सञ्चालन गाउँ पञ्चायतबाट तथा माध्यमिक स्कुलको सञ्चालन जिल्ला पञ्चायतबाट सुरु गरियो । शिक्षा विभागबाट वितरण हुँदै आएको आर्थिक सहायता सम्बन्धित जिल्ला पञ्चायतबाट हुन थाल्यो । शिक्षा विभागले कुनै जिल्लामा थप स्कुलहरू खोल्न चाहेमा उक्त स्कुलहरूको स्थान निर्धारण गर्ने कार्य विभागीय नीति र निर्देशनभित्र रही जिल्ला पञ्चायतले गर्थ्यो । प्रौढ कक्षा सञ्चालनका कार्य जिल्ला पञ्चायतको रेखदेखमा गर्न थालियो ।

(ञ) वि.सं.२०२१ मा पूर्वाञ्चल र पश्चिमाञ्चलमा शिक्षा अधिकारी अफिस स्थापना गरी अञ्चल शिक्षा अधिकारी र जिल्ला शिक्षा अधिकारी कार्यालय सोअन्तर्गत राखियो ।

(ट) वि.सं. २०२५ सालमा प्रशासन सुधार आयोग गठन गरी सोको प्रतिवेदन बमोजिम केही काम भए । सरकार स्कुल कलेजहरू वृद्धि गर्दै जाने

लक्ष्यबाट मात्रै प्रेरित नभई शिक्षाको गुणात्मक र व्यावसायिक वृद्धितिर ध्यान दिनुपर्छ भन्ने अवधारणा लिइयो । भएकै स्कुल र कलेजहरूलाई सक्षम र सुदृढ गर्न तुरुन्तै कदम चाल्नु पर्ने र स्कुल कलेजहरूको स्थापना राजनीतिक चापको आधारमा नभई जिल्ला र देशको वास्तविक आवश्यकताको आधारमा हुनुपर्दछ भन्ने नीति लिन थालियो । शिक्षा मन्त्रालय र स्वास्थ्य मन्त्रालय मिलाई सामाजिक सेवा मन्त्रालय बनाउने अवधारणा लिइएको थियो ।

(ठ) वि.सं.२०२७ सालमा अञ्चल शिक्षा अधिकारीको कार्यालय खारेज गरी २९ जिल्लामा जिल्ला शिक्षा अधिकारीको कार्यालय र बाँकी ४६ जिल्लामा जिल्ला शिक्षा कार्यालय राखियो ।

### १.२.३ वि.सं. २०२८ देखि वि.सं. २०४६ सम्म भएका व्यवस्था

(क) वि.स. २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना कार्यान्वयन गरी नयाँ शिक्षाको सुरुआत भयो । नयाँ शिक्षा योजनाको नामले पनि चिनिने राष्ट्रिय शिक्षा पद्धितिको योजना २०२८ लाई नेपालको शिक्षा पद्धतिमा आमूल परिवर्तनको वाहकको रूपमा लिइन्छ । यस योजनाले देशमा राष्ट्रिय शिक्षा प्रणालीको स्थापना, व्यावसायिक शिक्षामा जोड, शैक्षिक अवसर तथा सुविधाहरूको सन्तुलित र न्यायोचित वितरण, शिक्षा प्रशासनको सुदृढीकरण, निरीक्षण प्रणालीमा प्रभावकारिता, शिक्षाको गुणात्मक र स्तरयुक्त विकासमा जोड,परीक्षा तथा मूल्याङ्कन प्रणालीमा सुधार, शिक्षक तालिम, शिक्षण विधि तथा शिक्षण पेसामा सुधार, उच्च शिक्षामा राष्ट्रिय विकास सेवाको व्यवस्था, प्रौढ शिक्षामा व्यापकता, छात्रवृत्तिको व्यवस्थालगायतका विषय कार्यान्वयनमा ल्याएको थियो ।

(ख) राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२) लागु भएपछि अञ्चल शिक्षा अधिकारीको अफिस खारेज भयो । शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०२८ लागु भएसँगै प्रत्येक विकास क्षेत्रमा क्षेत्रीय शिक्षा निर्देशनालय, ७५ ओटै जिल्लामा जिल्ला शिक्षा अधिकारीको कार्यालय

स्थापना गरियो । जिल्लामा जिल्ला शिक्षा समिति, जिल्ला शिक्षा सेवा आयोग एवम् विद्यालय सहयोग समिति रहने व्यवस्था गरियो ।

(ग) प्रशासन सुधार आयोगको प्रतिवेदन २०३२-३३ ले समन्वयको कमी भएको हाम्रो मुलुकमा सकभर मन्त्रालयको सङ्ख्या कम हुनु मितव्ययिता र प्रभावकारिताको दृष्टिकोणले उपयुक्त र वाञ्छनीय भएकाले शिक्षा मन्त्रालय र स्वास्थ्य मन्त्रालय एकीकरणका लागि सिफारिस गरेको थियो।

(घ) वि.स. २०२८ मा पाठ्यक्रम, पाठ्यपुस्तक तथा निरीक्षण केन्द्रको स्थापना भयो । वि.सं. २०३६ मा यस केन्द्रको नाम पाठ्यक्रम तथा निरीक्षण विकास केन्द्र राखियो ।

(ङ) वि.सं. २०३६ सालमा मुलुकमा आधारभूत तथा मध्यमस्तरको प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षालय सञ्चालन गर्ने नीतिअनुरूप वि.सं. २०३७ मा नेपालमा पहिलो प्राविधिक शिक्षालयको रूपमा कर्णाली प्राविधिक शिक्षालय स्थापना गरियो ।

(च) उच्च शिक्षाको विकास र विस्तारको क्षेत्रमा सुझाव लिन वि.सं. २०३९ मा शाही उच्च शिक्षा आयोग गठन भयो ।यसको प्रतिवेदन वि. सं. २०४० मा पेस भयो । नेपालको उच्च शिक्षाको गुणस्तर सुधार, शिक्षकहरूको गुणस्तर प्रतिस्थापन, प्राविधिक, व्यावसायिक र साधारण विषयको उच्च शिक्षामा लिनुपर्ने नीति जस्ता विषयमा यसले समीक्षा गरी उच्च शिक्षाको नीतिसम्बन्धी विषयमा सुझाव प्रस्तुत गरेको थियो ।

(छ) वि.सं. २०४५ मा क्षेत्रीय शिक्षा निर्देशनालयलाई क्षेत्रीय निरीक्षक कार्यालय र जिल्ला शिक्षा कार्यालयलाई जिल्ला शिक्षा निरीक्षकको कार्यालय नामकरण गरियो ।

(ज) यही समयमा नै आधारभूत, मध्यमस्तरीय तथा उच्चस्तरीय प्राविधिक जनशक्ति गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरूको नीति निर्माण तथा समन्वयका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

परिषद् ऐन, २०४५ जारी भए प्राविधिक शिक्षा तथा व्यावसायकि तालिम परिषद्को गठन भयो ।

(झ) दश वर्षे विद्यालय शिक्षामा दुई वर्षको एक शैक्षिक तह थप गरी उच्च माध्यमिक तहको सिर्जना गर्न उच्च माध्यमिक शिक्षा ऐन, २०४६ अन्तर्गत उच्च माध्यमिक शिक्षा परिषद्को गठन गरियो ।

### १.२.४ वि.सं. २०४७ देखि वि.सं. २०७१ सम्म भएका व्यवस्था

(क) प्रशासन सुधार आयोगको प्रतिवेदन -२०४८ ले पाठ्यक्रम निर्धारण र पाठ्यपुस्तक स्वीकृति गर्ने जस्ता नीतिगत कार्यबाहेक पाठ्यपुस्तक उत्पादन र वितरणमा निजी क्षेत्रको संलग्नता बढाउँदै लैजानुपर्ने एवम् शिक्षा तथा संस्कृति मन्त्रालयलाई यथावत रूपमा राख्ने सिफारिस गरेको थियो ।

(ख) प्रजातन्त्रको पुनर्वहालीपश्चात् राष्ट्रिय शिक्षा प्रणालीमा समसामयिक परिमार्जन तथा सुधार गर्नका लागि गठित राष्ट्रिय शिक्षा आयोग, २०४९ ले शिक्षाको राष्ट्रिय उद्देश्य र ती उद्देश्य परिपूर्तिका लागि लिनुपर्ने नीति, शिक्षाको तहगत संरचना, विद्यालय तहमा पढाइने विषय र पाठ्यभार, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, मातृभाषामा शिक्षा, महिला शिक्षा, संस्कृत शिक्षा, खुला विश्वविद्यालय, निःशुल्क शिक्षा, निजी क्षेत्रमा शिक्षण संस्थाको स्थापना जस्ता विषयमा सुझाव प्रस्तुत गरेको थियो ।

(ग) राष्ट्रिय शिक्षा आयोग, २०४९ को सिफारिसबमोजिम शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको पेसागत दक्षता अभिवृद्धि गर्न वि.सं. २०५० सालमा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना गरियो । यस केन्द्रअन्तर्गत देशका विभिन्न क्षेत्रमा नौओटा प्राथमिक शिक्षक तालिम केन्द्र समेत स्थापना गरियो । तालिम केन्द्रहरू विस्तार भई ३४ ओटासम्म पुगेको थियो ।

(घ) पाठ्यक्रम तथा निरीक्षण विकास केन्द्रको नाम परिवर्तन गरी वि.सं. २०५४ मा पाठ्यक्रम विकास केन्द्र राखियो । वि.सं. २०५० सालमा दूर शिक्षा केन्द्रको स्थापना भएको थियो ।

(ङ) उच्च शिक्षाको क्षेत्रमा गुणस्तर कायम गर्न र अनुदान व्यवस्थापनका लागि विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० जारी गरिएको थियो ।

(च) शिक्षक तथा कर्मचारीको वैयक्तिक विवरण अद्यावधिक राख्ने तथा सेवानिवृत्त सेवा सुविधा प्रदान गर्ने समेतको कामका लागि वि.सं.२०५४ मा विद्यालय शिक्षक किताबखानाको स्थापना भएको थियो ।

(छ) उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग, २०५५ ले राष्ट्रको शिक्षा नीति, कार्यक्रम र सङ्गठनको अध्ययन, विश्लेषण एवम् समीक्षाका साथै आधारभूत तथा विद्यालय तह, उच्च तह, प्राविधिक तथा व्यावसायिक शिक्षा, शिक्षण सामग्री, शिक्षण पद्धतिलगायतको विषयमा प्रतिवेदन प्रस्तुत गरेको थियो ।

(ज) अनौपचारिक शिक्षासम्बन्धी क्रियाकलापको सञ्चालन तथा व्यवस्थापनको नेतृत्व गर्न वि.सं. २०५६ सालमा अनौपचारिक शिक्षा केन्द्रको स्थापना भएको थियो ।

(झ) शैक्षिक कार्यक्रमहरूको कार्यान्वयन तथा अनुगमन लगायतका काम गर्नका लागि वि.सं. २०५६ मा शिक्षा मन्त्रालयअन्तर्गत शिक्षा विभागको स्थापना गरियो ।

(ञ) शिक्षकको स्थायी नियुक्ति तथा बढुवाको सिफारिस गर्न वि.सं. २०५६ मा शिक्षक सेवा आयोगको स्थापना भयो ।

(ट) शिक्षा मन्त्रालयमा वि.सं. २०५७ मा खेलकुदसमेत गाभी शिक्षा तथा खेलकुद मन्त्रालय नामकरण गरियो ।

(ठ) शिक्षासम्बन्धी उच्चस्तरीय कार्यसमिति, २०५८ ले प्राथमिक शिक्षा पूर्ण रूपमा निःशुल्क, निम्न माध्यमिक र माध्यमिक तहमा शुल्क निर्धारणको मापदण्ड लागु, शिक्षक लाइसेन्सको व्यवस्था, शिक्षक सेवा आयोगको स्थापना, सरकारी खर्चको १७ प्रतिशत शिक्षामा लगानी, गुणात्मक शिक्षा, पाठ्यक्रमको ढाँचा, अनुगमन संयन्त्रलगायतका विषय समावेश गरी प्रतिवेदन दिएको थियो ।

(ड) शिक्षा तथा खेलकुद मन्त्रालयको निर्णयानुसार वि.सं. २०६० सालमा विद्यालय निरीक्षणालय स्थापना भएको थियो ।

(ढ) नेपालको अन्तरिम संविधान, २०६३ ले मौलिक हकको दायरालाई फराकिलो बनायो जसबाट शिक्षासम्बन्धी हक समेत फराकिलो बन्न पुग्यो।

(ण) विद्यालय तहको शिक्षालाई दिशा निर्दिष्ट गर्न राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०६३ जारी गरी लागु गरियो ।

(त) वि.सं. २०६५ मा खेलकुद तथा युवा मन्त्रालयको स्थापना भएपछि मन्त्रालयको नाम शिक्षा मन्त्रालय राखियो ।

(थ) शैक्षिक निकायको कार्य सम्पादन तथा विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षणका लागि वि.सं. २०६६ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना भयो ।

(द) नयाँ परिवेशमा सार्वजनिक प्रशासनमा सुधार ल्याउन २०७० मा प्रशासन सुधार सुझाव समिति गठन गरी प्रतिवेदन लिइयो । प्रशासन सुधार सुझाव समितिको प्रतिवेदन २०७० मा शैक्षिक सुधारका विभिन्न क्षेत्र उल्लेख भएको छ । तीमध्ये केही सुधारका क्षेत्र यसप्रकार रहेका छन् : शैक्षिक क्षेत्रलाई नियमित व्यवस्थित मर्यादित र गुणस्तरीय तुल्याउन सहयोग पुऱ्याउने, उच्च शैक्षिक योग्यता दक्षता क्षमता भएका विद्यालयका शिक्षक र विश्वविद्यालयका प्राध्यापकहरूलाई सम्मान गर्ने, यस्ता शिक्षक तथा प्राध्यापकको सूची तयार गरी सेवा लिने । आचारसंहित तयार गरी लागु गर्ने । विश्वविद्यालय विद्यालय र क्याम्पसको मानव संसाधन भौतिक एवम् व्यवस्थापकीय पक्षहरूको सुधार गर्ने ।शिक्षा क्षेत्रसँग सम्बन्धित नीतिगत, संरचनागत र कानुनी पक्षहरूको सुधार गर्ने । शैक्षिक निकायमा राजनीति प्रवेश गर्न नदिने ।नैतिक शिक्षामा जोड दिने । गुणस्तरीय शैक्षिक उपलब्धि हासिल गर्न लक्ष्य र उपलब्धि किटान गरी समयसीमासहितको कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने । शुक्रबार चार बजेसम्म पठनपाठन तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने । विद्यालय सुधार योजना सँगसँगै कक्षाकोठा शिक्षण योजना कार्यान्वयन गर्ने । विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्य

सम्पादन मूल्याङ्कनसँग आबद्ध गर्ने । शिक्षण सिकाइमा सूचना प्रविधि सञ्चार र इन्टरनेटको अधिकतम उपयोग गर्ने । जनक शिक्षा सामग्री केन्द्रको क्षमता विकास गर्ने ।विद्यालय शान्ति क्षेत्र कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने

### १.२.५ वि.सं. २०७२ देखि हालसम्म भएका व्यवस्था

**(क)** विद्यार्थी मूल्याङ्कन र प्रमाणीकरणमा सान्दर्भिकता, पारदर्शिता, वस्तुनिष्ठता र विश्वसनीयता कायम गर्न विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति, कार्यान्वयन कार्यविधि, २०७२ जारी गरी अक्षराङ्कन पद्धति सुरुवात गरियो ।

**(ख)** नेपालको शिक्षा प्रणालीलाई मूलतः नेपालको संविधान २०७२ ले मार्गनिर्देश गरेको छ । संविधानले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल र साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाएको छ ।

**(ग)** शिक्षासम्बन्धी मौलिक हकअन्तर्गत प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक, राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक सँस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ (नेपालको संविधानको धारा ३१) ।

**(घ)** महिलाको हक, बालबालिकाको हक, दलितको हक, सामाजिक न्यायको हकअन्तर्गत समेत शिक्षाको हकलाई उल्लेख गरेको छ ।

**(ङ)** राज्यका नीतिहरूअन्तर्गत नागरिकका आधारभूत आवश्कतासम्बन्धी नीतिमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक,

रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने र उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने नीति उल्लेख गरिएको छ ।

**(च)** वि.सं. २०७४ मा शिक्षा मन्त्रालयको नाम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय राखिएको थियो ।

**(छ)** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आई शिक्षासम्बन्धी २३ ओटा अधिकार स्थानीय तहबाट कार्यान्वयन हुन सुरु भएको छ ।

**(ज)** वि.सं. २०७४ मा साविकका जिल्ला शिक्षा कार्यालयलाई शिक्षा विकास तथा समन्वय एकाइ नामाकरण गरी नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालयअन्तर्गत राखिएको ।राजपत्राङ्कित प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी रहने ४१ जिल्लामा नेपाल शिक्षा सेवाको राजपत्राङ्ककित द्वितीय श्रेणी र राजपत्राङ्कित द्वितीय श्रेणीको प्रमुख जिल्ला अधिकारी रहने बाँकी जिल्लामा नेपाल शिक्षा सेवाको राजपत्राङ्ककित तृतीय श्रेणीको एकाइ प्रमुख रहने व्यवस्था गरिएको । साविकका जिल्ला शिक्षा अधिकारी पद खारेज भएको । एकाइ प्रमुख नामकरण भएको थियो ।

**(झ)** राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ जारी गरिएको थियो ।

**(ञ)** वि.सं. २०७५ मा साविकका शिक्षा विभाग, अनौपचारिक शिक्षा केन्द्र र शैक्षिक जनशक्ति विकास केन्द्रलाई एकीकृत गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र बनाइएको थियो ।

**(ट)** वि.सं. २०७३ असार १५ गते शिक्षा ऐनमा भएको आठौं संशोधन अनुसार साविकको परीक्षा नियन्त्रण कार्यालय तथा उच्च माध्यमिक शिक्षा परिषद्लाई एकीकृत गरी राष्ट्रिय परीक्षा बोर्ड गठन गरिएको थियो ।

**(ठ)** वि.सं. २०७४ मा सातओटै प्रदेशमा सामाजिक विकास मन्त्रालयको स्थापना गरिएको थियो ।

(ड) वि.सं. २०७४ मा पाँच विकास क्षेत्रमा रहेका साविकका क्षेत्रीय शिक्षा निर्देशनालयहरू खारेज गरिएको थियो । प्रदेश सामाजिक विकास मन्त्रालयअन्तर्गत प्रदेश शिक्षा विकास निर्देशनालय स्थापना गरिएको थियो।

(ढ) साविकका २९ ओटा शैक्षिक तालिम केन्द्रको सङ्ख्यालाई घटाई सातओटामा झारिएको थियो । प्रदेश शैक्षिक तालिम केन्द्र स्थापना भई प्रदेश सामाजिक विकास मन्त्रालय अन्तर्गत राखिएको थियो ।साविकका १०९१ ओटा स्रोतकेन्द्रहरू खारेज गरिएको थियो ।

(ण) नेपालको संविधानले प्रत्याभूत गरेको अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

(त) शिक्षासम्बन्धी विभिन्न उपक्षेत्रमा छरिएर रहेका नीतिहरूलाई एकीकृत र संहिताबद्ध गरी राष्ट्रिय शिक्षा नीति, २०७६ निर्माण गरिएको छ । सङ्घीय संरचनाअनुरूप तयार गरिएको नीति नेपालको शिक्षा क्षेत्र सुधार एवम् रूपान्तरणका लागि मार्गदर्शकको रूपमा रहेको छ ।

(थ) औपचारिक साधारण शिक्षा पद्धति प्राविधिक व्यावसायिक शिक्षा पद्धति अनौपचारिक शिक्षा एवम् अरीतिक शिक्षा पद्धति जस्तै परम्परागत वा अनुभवका आधारमा हासिल गरेको शिक्षाको पहिचान र स्तरीकरणका लागि प्रभावकारी व्यवस्थापन गरी नागरिकले प्राप्त गरेको शिक्षालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त गराउन राष्ट्रिय योग्यता प्रारूपको मूल ढाँचा २०७७ तयार गरिएको छ ।

(द) हाल मुलुकको समग्र शैक्षिक प्रशासन तथा व्यवस्थापनको नेतृत्व गर्नका लागि सङ्घीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ।मन्त्रालयअन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, राष्ट्रिय किताबखाना (शिक्षक) केन्द्रीय/विभागीय निकायको रूपमा रहेका छन् ।मन्त्रालयअन्तर्गत नै

स्वायत्त निकायको रूपमा शिक्षक सेवा आयोग र राष्ट्रिय परीक्षा बोर्ड रहेका छन् । मन्त्रालयअन्तर्गत छुट्टै ऐनबाट व्यवस्थित भई स्वतन्त्र निकायको रूपमा चिकित्सा शिक्षा आयोग, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय अनुदान आयोग, विश्वविद्यालय/प्रतिष्ठानहरू, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, युनेस्कोका लागि नेपाल राष्ट्रिय आयोगको सचिवालय रहेका छन् । यसै गरी विभिन्न विकास समितिहरू, पुस्तकालयहरू, आयोजना तथा परियोजनाहरू समेत मन्त्रालयअन्तर्गत रहेका छन् । प्रत्येक जिल्लामा शिक्षा विकास तथा समन्वय एकाइ रहेको छ ।

**(ध)** प्रदेशअन्तर्गत सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय तथा शिक्षा तालिम केन्द्र रहेका छन् । स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद विभाग/महाशाखा/शाखा रहेको छ ।

**(न)** शिक्षासम्बन्धी नीति निर्धारण सम्बन्धमा नेपाल सरकारलाई सल्लाह तथा सुझाव दिने काम समेतका लागि राष्ट्रिय शिक्षा परिषद्, पाठ्यक्रम निर्माण तथा मूल्याङ्कन गर्ने सम्बन्धमा नीति निर्धारण गर्न राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्, अनौपचारिक शिक्षाको नीति निर्माण, समन्वय, रेखदेख तथा व्यवस्थापनका लागि राष्ट्रिय अनौपचारिक शिक्षा परिषद्, विशेष शिक्षासम्बन्धी नीति निर्माण तथा व्यवस्थापन समेत गर्नका लागि विशेष शिक्षा परिषद्, शिक्षक, मन्त्रालयअन्तर्गतका कर्मचारी तथा शिक्षासम्बन्धी समुदायमा संलग्न व्यक्तिको कार्यदक्षता अभिवृद्धि गर्न तथा शैक्षिक विकास सम्बन्धी नीति निर्माण, व्यवस्थापन गर्ने काम समेतका लागि शैक्षिक जनशक्ति विकास परिषद् शिक्षा मन्त्री वा राज्य मन्त्रीको अध्यक्षतामा रहने प्रावधान शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ मा रहेको छ ।

**(प)** गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन रेखदेख र समन्वय गर्न गाउँ शिक्षा वा नगर शिक्षा समिति, विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक

विद्यालयमा विद्यालय व्यवस्थापन समिति, शिक्षकको गुणस्तर कायम, शुल्क अनुगमनलगायतका काम समेतका लागि शिक्षक अभिभावक सङ्घ तथा विद्यालयका काम कारवाहीको सामाजिक परीक्षण गर्न सामाजिक परीक्षण समिति रहेका छन् । त्यसै गरी विद्यालयको प्राज्ञिक तथा प्रशासनिक प्रमुखको रूपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहने व्यवस्था छ ।

**(फ)** सन् २०३० सम्मका लागि विश्वव्यापी रूपमा तय गरिएका दिगो विकासका १७ ओटा लक्ष्यहरूमध्ये लक्ष्य ४ शिक्षासँग सम्बन्धित रहेको छ । सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसर प्रवर्धन गर्ने विषयमा जोड दिएको दिगो विकासको शिक्षासम्बन्धी लक्ष्यलाई कार्यान्वयन गर्न दिगो विकास लक्ष्य नं. ४ कार्यान्वयन राष्ट्रिय कार्यढाँचा तयार गरी कार्यान्वयनमा रहेको छ ।

**(ब)** चालु आवधिक पन्धौं योजना (आ.व. २०७६/७७-२०८०/८१) कार्यान्वयन भइरहेको छ । योजनाले व्यक्तिको सर्वाङ्गीण विकास, सामाजिक आर्थिक रूपान्तरणका लागि गुणस्तरीय शिक्षा प्रणालीको विकास, बिचमै पढाइ छोड्नुपर्ने अवस्थाको अन्त्य, रैथाने ज्ञान र सिपको खोजी गरी आधुनिक ज्ञान र सिपसँग एकीकरण, वैज्ञानिक अनुसन्धानमा शैक्षिक संस्था, मन्त्रालय र उद्योगसँगको समन्वयमा युवा परिचालन लगायतका सोचबाट निर्देशित भई शैक्षिक क्रियाकलापहरू सञ्चालन तथा व्यवस्थापन भइरहेको छ ।

**(भ)** नेपाल सरकारको कार्य विभाजन नियमावली तथा कार्यविस्तृतीकरणले शैक्षिक प्रशासन तथा व्यवस्थापनका कार्यलाई निर्देशित गरेका छन् ।

**(म)** विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, शिक्षक सक्षमता प्रारूप २०७२ एवम् विभिन्न मापदण्डले शिक्षाको विकासमा नीतिगत मार्गनिर्देश गरेका छन् ।

(य) उच्च शिक्षासम्बन्धी विभिन्न ऐनहरू कार्यान्वयनमा रहेका छन् । हाल नेपालमा रहेका १२ ओटा विश्वविद्यालयहरूका छुट्टाटुट्टै १२ ओटा ऐनहरू रहेका छन् । विश्वविद्यालय सरहका छओटा स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू प्रतिष्ठान ऐनअनुसार सञ्चालनमा रहेका छन् । चिकित्सा शिक्षा आयोग ऐन, २०७५ कार्यान्वयनमा रहेको छ ।

## १.३ शिक्षाका राष्ट्रिय उद्देश्य

नेपालको शिक्षा प्रणाली निम्नानुसारको शिक्षाका राष्ट्रिय उद्देश्यहरू परिपूर्तिमा केन्द्रित रहने छः

क) बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु

ख) आधारभूत शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच र निरन्तरता सुनिश्चत गर्दै सर्वव्यापी जीवनोपयोगी प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिणाको प्रत्याभूति गर्नु

ग) गुणस्तरीय माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता रचनात्मकता अध्ययनशीलता सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी सिपयुक्त एवम् उत्पादनशील जनशक्ति तगार गर्नु

घ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवम् समतामूलक पहुँच स्थापित गर्दै देश विकासका लागि योग्य सक्षम सिपयुक्त र उद्यमशील जनशक्ति तयार गर्नु

ङ) ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको पहुँच र गुणस्तर अभिवृद्धि गरी विभिन्न क्षेत्रहरूमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य,

दक्ष, वैज्ञानिक, नवप्रवर्तनात्मक, अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी र अनुसन्धानमुखी मानव संशाधन विकास गर्नु

च) नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु

छ) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्नु

ज) शिक्षा प्रणालीका विभिन्न अवयवमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरूको पेसागत योग्यता सक्षमता इमानदारी प्रतिबद्धता र जवाफदेही सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु

झ) सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यास (Best Practice) लाई सम्मिलन (Fusion) गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रूपान्तरणको प्रक्रियामा सबलीकरण गर्नु

ञ) राष्ट्रिय तथा अन्तराष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु


ट) औपचरिक (Formal) अनौपचारिक (Non-formal) र अरीतिक (Informal ) शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता (Equivalency) गतिशीलता (Mobility) र पारगम्यता (Permeability) सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारूपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु

ठ) शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पूरा गर्न राष्ट्रिय प्राथमिकताका आधारमा पर्याप्तता (Sufficiency) समन्यायिकता (Equitability) र प्रतिफलमुखी (Best Value for Money) हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नु

ङ) व्यक्तिमा वैज्ञानिक चिन्तन र व्यवहार विकास गर्न विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकीकरण गर्दै परम्परागत एवम् आधुनिक प्रविधिलाई राष्ट्रिय विकासका लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्नु

## १.४ शिक्षाको विद्यमान संरचना

पूर्व प्राथमिक कक्षादेखि उच्च शिक्षासम्म नेपालको शिक्षाको वर्तमान संरचना देहायबमोजिम रहेको छ :



| /PPC | | | | | | | | | Education | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 4 Year | 5 Year | 6 Year | 7 Year | 8 Year | 9 Year | 10 Year | 11 Year | 12 Year | 13 Year | 14 Year | 15 Year | 16 Year | 17 Year | 18 Year | 19 Year | 20 Year | 21 Year | 22 Year | 23 Year | 24 Year | 25 Year | 26 Year | 27 Year | 28 Year | 29 Year | 30 Year | 31 Year | 32 Year | 33 Year | 34 Year |

*PGD as professional and optional course.

Source: MOEST, 2074

Note: Stream of School curriculum (General, Sanskrit, Technical and Vocational)

## १.५ अन्तर्राष्ट्रिय व्यवस्थाहरु

**(क)** नेपालले विभिन्न अन्तर्राष्ट्रिय महासन्धि, घोषणापत्र, प्रतिज्ञापत्र अनुमोदन गरी पक्ष राष्ट्र बनेको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २६ मा उल्लेख भएका शिक्षासम्बन्धी विषय कार्यान्वयन भइरहेको छ ।

**(ख)** अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि एवम् स्वैच्छिक प्रोटोकल २००६ को नेपाल पक्ष राष्ट्र भई विना कुनै भेदभाव र समान अवसरको आधारमा सबै तह र जीवनपर्यन्त सिकाइमा समावेशी शिक्षा प्रणाली सुनिश्चित गर्नेतर्फ कार्य भइरहेकै छन् ।

**(ग)** नेपालले अनुमोदन गरेका महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि १९७९, बालअधिकारसम्बन्धी महासन्धि, १९८९, आदिवासी तथा जनजातिसम्बन्धी महासन्धि, १९८९ तथा आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रबाट निर्देशित भएका व्यवस्था कार्यान्वयनमा छ ।

**(घ)** सन् १९९० मा थाइलैण्डको जोम्टिन र सन् २००० मा सेनेगलको डकारमा भएको अन्तर्राष्ट्रिय सम्मेलनबाट सन् २०१५ सम्ममा सबैका लागि शिक्षा लागू गर्ने प्रतिवद्धता बमोजिम नेपालले पनि सन् २००१ देखि २०१५ सम्मको राष्ट्रिय कार्यढाँचा निर्माण गरी लागू गरेको थियो ।

(ङ) सन् २००० को सयुंक्त राष्ट्र संघीय सम्मेलनको घोषणापत्रद्वारा जारी गरिएको सहश्राब्दी विकास लक्ष्यले सन् २०१५ सम्ममा गरिबी उन्मूलन गर्नका लागि नेपालले पनि प्रतिवद्धता जाहेर गरेको र विभिन्न आठवटा लक्ष्यहरु निर्धारण गरेको थियो। विश्वव्यापी प्राथमिक शिक्षा र लैंगिक समानताका विभिन्न राष्ट्रिय कार्यक्रमहरु निर्माण गरी लागू गरेको थियो।

(च) सन् २०१५ मे मा दक्षिण कोरियाको इन्चोनमा भएको सम्मेलनले शिक्षालाई दिगो विकासको अभिन्न अंगका रुपमा प्रतिस्थापन गर्नुका साथै शिक्षामा लगानी बढाउनु पर्ने विषयमा जोड दिएको थियो ।

(छ) सन् २०१५ को सेम्टेम्बरमा संयुक्त राष्ट्रसंघको शिखर सम्मेलनले पारित गरेको घोषणापत्र अनुसार सन् २०१६ देखि २०३० सम्ममा गरिबी निवारण गर्ने मुख्य ध्येयका साथ १७ वटा दिगो विकास लक्ष्यहरु निर्धारण गरेको र शिक्षा सम्बन्धी सबैका लागि समाबेशी तथा समतामूलक गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइ हासिल गर्न राष्ट्रव्यापी रुपमा कार्ययोजना निर्माण गरी कार्यक्रमहरु कार्यान्वयन भइरहेको छ ।

## शिक्षा क्षेत्रमा सञ्चालित आयोजना, परियोजना तथा कार्यक्रमको विवरण

*विभिन्न समयमा गठन भएका शिक्षा आयोगका प्रतिवेदनहरू, राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा भएका परिवर्तन, सहमति तथा सम्झौता एवम् जनताको शिक्षाप्रति सरोकार र चासोलाई सम्बोधन गरी विद्यालय र उच्च शिक्षामा पहुँचको विस्तार र गुणस्तर वृद्धि गर्न विभिन्न परियोजना तथा कार्यक्रम सञ्चालन गरिएका छन् । सञ्चालित विभिन्न परियोजना तथा कार्यक्रममा ग्रामीण विकासका निम्ति शिक्षा परियोजना (सेती परियोजना वि.सं. २०३८-३९), प्राथमिक शिक्षा परियोजना (वि.सं. २०४१-४२), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथम र दोस्रो, प्राथमिक शिक्षा विकास परियोजना, माध्यमिक शिक्षा विकास परियोजना, शिक्षक शिक्षा आयोजना(सन् २००२-२००७), सबैका लागि शिक्षा कार्यक्रम (सन् २००४-२००९), जनसङ्ख्या शिक्षा परियोजना, सामुदायिक विद्यालय सहयोग कार्यक्रम (सन् २००३-२००७), माध्यमिक शिक्षा सहयोग कार्यक्रम (सन् २००३-२००८), विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९-२०१३), उच्च शिक्षा परियोजना प्रथम र दोस्रो, रोजगारीका लागि सिप परियोजना, व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (आ.व. २०६८/६९-२०७२/७३), सिप विकास परियोजना (आ.व. २०७०/७१-२०७४/७५), प्रारम्भिक शिक्षा पढाइ सिप प्रवर्द्धन कार्यक्रम, विद्यालय क्षेत्र विकास योजना प्रमुख रहेका छन् ।*

*शिक्षाका लागि खाद्य कार्यक्रम (स्वास्थ्य, पोषण र शिक्षाको आधारभूत आवश्यकता सहयोग, पौष्टिक आहार कार्यक्रम, प्राथमिक विद्यालय पौष्टिक आहार परियोजना, खाद्य कार्यक्रम जस्ता नामबाट सञ्चालन हुँदै आएको) हाल देशभर सञ्चालनमा रहेको छ । हाल विद्यालय क्षेत्रको सुधार र विकासका लागि दश वर्षे विद्यालय शिक्षा क्षेत्र योजना कार्यक्रम स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ। उच्च शिक्षाको सुधारका लागि उच्च शिक्षा सुधार परियोजना सञ्चालनमा रहेको छ ।प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा दिगो तथा सम्मानीत रोजगरिका लागि सिप परियोजना (ENSSURE), सक्षमता परियोजना (SAKCHYAMTA), व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (दोस्रो) EVENT (सन् २०१७-२०२२) तथा जीवनपर्यन्त सिप र ज्ञानका लागि सहयोग कार्यक्रम (SKILLS Programme) सञ्चालनमा सञ्चालनमा रहेका छन् ।*

# खण्ड-२
# दीर्घकालीन दृष्टिकोण एवम् सुधारका स्तम्भ

राष्ट्र र राष्ट्रियताप्रति समर्पित सकारात्मक सोचयुक्त, शिक्षित, सभ्य र उर्जाशील देशभक्त सक्षम जनशक्ति/नागरिकको विकास गर्ने बृहत्तर सोचका लागि यो सोचपत्र तयार गरिएको छ । यस सोचपत्रमा समकालीन समस्या तथा चुनौतीको सामना, आवश्यकताको सम्बोधन र अवसरहरूको उपयोग गर्ने गरी देहायका दीर्घकालीन दृष्टिकोण र सुधारका स्तम्भ तय गरिएका छन् :

## २.१ दीर्घकालीन दृष्टिकोणः

"शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति; सामाजिक न्याय, रूपान्तरण र समृद्धि"

## २.२ सुधार तथा परिवर्तनका स्तम्भ (प्रमुख रणनीति)

दीर्घकालीन दृष्टिकोणअनुरूपको शिक्षा प्रणाली विकासका लागि निम्नानुसारका नीतिगत, संस्थागत र कार्यक्रमगत रणनीति अवलम्बन गरिने छ:

### २.२.१ नीतिगत

१. बाल विकास, हेरचाह र शिक्षाको समग्र दृष्टिकोणलाई एकीकृत रूपमा सम्बोधन हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षालाई व्यवस्थित गर्ने

२. पूर्व प्राथमिक शिक्षाको अवधि निश्चित गरी समान बनाउने

३. स्थानीय, राष्ट्रिय तथा भूमण्डलीय सन्दर्भ समेतलाई दृष्टिगत गरी पाठ्यक्रमको निरन्तर अद्यावधिक गरी गुणस्तरीयता कायम गर्ने

४. ज्ञानमा आधारित समाज र अर्थतन्त्रको निर्माणबाट सामाजिक आर्थिक रूपान्तरणका लागि उच्च शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, प्रतिस्पर्धी, रोजगारमूलक, नवप्रवर्तनात्मक, प्रविधिमैत्री र अनुसन्धानमूलक बनाउने

५. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई सामाजिक प्रतिष्ठासँग आबद्ध गर्ने

६. विद्यालय, शिक्षालय र विश्वविद्यालयको वर्गीकरण गर्ने
७. उच्च शिक्षामा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणालीलाई प्रभावकारी बनाई अनुदान आबद्ध गर्ने
८. स्थानमान ग्रिडका आधारमा उच्च शिक्षाको पहुँच विस्तार गर्ने
९. उच्च शिक्षाका कार्यक्रमहरूलाई गुणस्तर सुनिश्चितता तथा प्रत्ययन प्रणालीमा आबद्ध गर्ने
१०. शिक्षक, प्रधानाध्यापक र प्राध्यापकलाई जवाफदेही बनाउने
११. सबै तह र किसिमको शिक्षालाई सबैका लागि सर्वसुलभ, सान्दर्भिक एवम् पहुँचयोग्य बनाउन औपचारिक, अनौपचारिक, वैकल्पिक र खुला शिक्षा प्रणालीको अवलम्बन गर्ने
१२. सङ्घ, प्रदेश र स्थानीय तहबिचको समन्वय प्रभावकारी बनाउने
१३. विपत् जोखिम न्यूनीकरण कार्यक्रमलाई एकीकृत योजनामा समावेश गर्ने।
१४. हरेक शैक्षिक कार्यक्रममा गुणस्तर सुनिश्चतता तथा प्रत्ययन प्रणाली क्रमशः लागु गर्ने

### २.२.२ संस्थागत

१५. सबै बालबालिकालाई पूर्वप्राथमिक शिक्षामा पहुँचको सुनिश्चित गरी आधारभूत शिक्षाको कक्षा १ मा प्रवेशका लागि तयार बनाउने
१६. बालमैत्री, शिक्षकमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्तामैत्री भौतिक एवम् शैक्षिक वातावरणको निर्माण गर्ने
१७. सबै नागरिकका लागि आजीवन/ जीवनपर्यन्त शिक्षाको अवसर उपलब्ध गराउने
१८. सबै नागरिकलाई सिपयुक्त बनाउने
१९. सबै तहका शैक्षिक संस्था, निकाय तथा पदाधिकारीमा जवाफदेही पारदर्शिता र आर्थिक अनुशासन कायम गर्ने
२०. समग्र शैक्षिक प्रणालीलाई उत्तरदायी (रेस्पोन्सिभ) बनाउने

२१. नेपालस्तरीय पेसागत वर्गीकरण (Nepal Standard Classification of Occupation, NSCO) का आधारमा जनशक्ति प्रक्षेपण, उत्पादन र अर्थतन्त्रको विभिन्न आर्थिक क्षेत्र तथा पेसासँग आबद्ध गर्ने प्रणालीको विकास गर्ने

२२. पूर्वाधार निर्माणसम्बन्धी कार्य तीन वर्षभित्र सम्पन्न गर्ने

२३. सबै प्रकारका संरचनामा प्रविधि जडान गरी उत्थानशील (Resiliance) संरचना निर्माण गर्ने

### २.२.३ कार्यक्रमगत

२४. सबै बालबालिकालाई विद्यालयमा भर्ना हुने अवसर सुनिश्चित गर्ने

२५. आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क तथा माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने

२६. गुणस्तरयुक्त सिकाइका साथ तह पूरा गर्ने अवसर प्रदान गर्ने

२७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा समावेशी तथा समतामूलक पहुँच विस्तार गरी प्राज्ञिक एवम् व्यावसायिक ज्ञान, सिप र दक्षता भएका जनशक्तिको सङ्ख्यामा वृद्धि गर्ने

२८. शिक्षामा प्रवेशका अतिरिक्त पहुँच एवम् उपलब्धिमा समेत लैङ्गिक समानता कायम गर्ने

२९. शिक्षामा विनियोजन हुने बजेटमा अभिवृद्धि गरी दिगो शैक्षिक लगानीको सुनिश्चित गर्ने

३०. समग्र शैक्षिक प्रणालीमा शैक्षिक सुशासन कायम गर्ने

३१. अनुगमन, मूल्याङ्कन तथा सूचना प्रणालीलाई चुस्त दुरूस्त बनाउने

३२. सबै प्रकारका शैक्षिक सवाल तथा गतिविधिमा नागरिक सहभागिता सुनिश्चित गर्ने

३३. शिक्षक, प्रधानाध्यापक, प्राध्यापक एवम् व्यवस्थापकको क्षमता अभिवृद्धि गर्ने

३४. विज्ञान र प्रविधिमा पहुँचको विस्तार गर्ने

३५. कम्तीमा ४० प्रतिशत पाठ्यक्रम प्रविधिको माध्यमबाट कार्यान्वयन गर्ने।

३६. सान्दर्भिक र उपयोगी गुणस्तरीय शैक्षिक सामग्रीको उपलब्धता, विकास र उपयोगमा जोड दिने

३७. विविधतापूर्ण साधनको विकास गरी व्यावहारिक विद्यार्थी मूल्याङ्कनका माध्यमबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार गर्ने

३८. शिक्षक अभिभावकको नियमित अन्तरक्रिया र संवाद गर्ने

३९. शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) सुदृढ गर्ने

# खण्ड-३
# प्रारम्भिक बाल विकास तथा शिक्षा

चार वर्ष उमेर पूरा भएका बालबालिकालाई कक्षा १ मा प्रवेश गर्नुभन्दा अगाडि दिइने एक वर्ष अवधिको बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित शिक्षालाई बाल विकास तथा शिक्षा मानिएको छ ।नेपालमा वि.सं. २००६ मा पहिलो पटक काठमाडौँमा मन्टेश्वरी स्कुलको स्थापनासँगै प्रारम्भिक बाल विकास शिक्षाको सुरुवात भएको पाइन्छ । यसपछि विश्व खाद्य कार्यक्रमअन्तर्गत पोषण कार्यक्रम प्राथमिक शिक्षा परियोजना अवधिमा शिशु कक्षा केन्द्रमार्फत प्रारम्भिक बाल विकास शिक्षाका कार्यक्रम सञ्चालन भएको पाइन्छ । वि.सं. २०५६ मा शिक्षा विभागको स्थापना भएपछि प्रारम्भिक बाल विकास कार्यक्रमको विस्तारले गति लिएको देखिन्छ । सबैका लागि शिक्षा कार्यक्रम विद्यालय क्षेत्र सुधार कार्यक्रम विद्यालय क्षेत्र विकास कार्यक्रमले प्रारम्भिक बाल विकास शिक्षाको कार्यक्रमलाई निरन्तरता दिएको पाइन्छ । यसलाई शिक्षा क्षेत्रको नयाँ योजना विद्यालय शिक्षा क्षेत्र योजनाले समेत प्राथमिकताका साथ निरन्तरता दिएको छ ।

कक्षा १ मा प्रवेशका लागि पूर्वतयारी एवम् बालवालिकाको सर्वाङ्गीण विकासको माध्यमको रूपमा रहेको प्रारम्भिक बाल विकासलाई नेपालको संविधानले बालबालिकाको हकको रूपमा व्याख्या गरेको छ । प्रारम्भिक बाल विकाससम्बन्धी रणनीति पत्र-२०६१, प्रारम्भिक बाल विकास पाठ्यक्रम (दिग्दर्शन) -२०६२, प्रारम्भिक बाल विकासको राष्ट्रिय न्यूनतम मापदण्ड-२०६५ प्रारम्भिक बाल विकासको क्षेत्रमा गरिएका महत्त्वपूर्ण दस्तावेज र प्रयासहरू हुन् । हाल सरकारी सामुदायिक र निजीस्तरमा प्रारम्भिक बाल विकासका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

### ३.१ विद्यमान अवस्था

(क) नेपालमा हाल सामुदायिक ३० हजार ७ सय १८ र संस्थागत ५ हजार ८ सय १३ गरी कुल ३६ हजार ५ सय ३१ बालविकास केन्द्र तथा पूर्व प्राथमिक कक्षाहरू सञ्चालनमा रहेका छन् । ती बालविकास

केन्द्रहरूमा कुल १० लाख १० हजार १ सय ९५ जना विद्यार्थी अध्ययनरत छन् ।

(ख) पूर्व प्राथमिक शिक्षामा कुल भर्नादर ८९.६ प्रतिशत रहेको छ । पूर्व प्राथमिक शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिकाको सङ्ख्या शैक्षिक सत्र २०७८ मा ७४.९ प्रतिशत पुगेको छ । प्रारम्भिक बालविकास तथा शिक्षामा बालबालिका भर्ना हुने दर प्रत्येक वर्ष वृद्धि हुँदै गएको छ ।

## ३.२ समस्या तथा चुनौती

प्रारम्भिक बाल विकास तथा शिक्षाको क्षेत्रमा रहेका समस्या तथा चुनौती देहायबमोजिम पहिचान गरिएका छन् :

### ३.२.१ नीतिगत

१. सबै बालबालिकालाई बाल विकासको पहुँचमा ल्याउनु
२. प्रारम्भिक बाल विकास र पूर्व प्राथमिक शिक्षा तथा सोको अवधिसम्बन्धी विषयमा एकरूपता ल्याउनु
३. नक्साङ्कनको आधारमा बाल विकास केन्द्रको स्थापना गर्ने, समायोजन गर्ने, गाभ्ने तथा बन्द गर्ने कार्यलाई सार्थकता दिनु

### ३.२.२ संस्थागत

१. ऐन, नियम, मापदण्ड, कार्यविधिहरूको प्रभावकारी कार्यान्वयन गर्नु ।
२. नक्साङ्कनको आधारमा बाल विकास केन्द्रको स्थापना गर्ने, समायोजन गर्ने, गाभ्ने तथा बन्द गर्ने कार्यलाई सार्थकता दिनु

### ३.२.३ कार्यक्रमगत

१. उचित पारिश्रमिकको व्यवस्थासहितको दक्ष शिक्षकको व्यवस्था गर्नु
२. सबै केन्द्रमा प्रविधिको विस्तार गरी सिकाइमा प्रयोग गर्नु
३. बालबालिकालाई सामुदायिक बालबिकास केन्द्रमा आकर्षण बढाउनु
४. अभिभावक सहभागिता अभिवृद्धि गर्नु

## ३.३ राष्ट्रिय उद्देश्य

प्रारम्भिक बाल विकास तथा शिक्षाको राष्ट्रिय उद्देश्य निम्नानुसार हुने छ :

विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनु र कक्षा १ मा प्रवेशका लागि तयार पार्नु

## ३.४ रूपान्तरणका क्षेत्र र अपेक्षित उपलब्धि

यस सोचपत्रमा उल्लिखित प्रारम्भिक बाल विकास तथा शिक्षाका उद्देश्यहरू पूरा गर्न देहायका रूपान्तरणका क्षेत्रहरू पहिचान गरिएका छन् ।यस्ता रूपान्तरणका क्षेत्रअन्तर्गत ५, १० र १५ वर्षमा हासिल गर्ने अपेक्षा देहाय बमोजिम रहेका छन् ।

| क्षेत्र | ५ वर्ष | १० वर्ष | १५ वर्ष |
|---|---|---|---|
| बाल विकास केन्द्र | १. एक विद्यालय एक बाल विकास केन्द्र स्थापना<br>२. न्यूनतम भौतिक पूर्वाधार<br>३. योग्य शिक्षक<br>४. पौष्टिक खाजा र आधारभूत स्वास्थ्य सेवाको व्यवस्था | १. मनोरञ्जनात्मक सामग्रीको पर्याप्तता<br>२. विद्यालय हाताभित्र छुट्टै संरचना<br>३. प्रत्येक केन्द्रमा बाल स्याहार कर्मचारी<br>४. बालमैत्री वातावरणको सुनिश्चितता | १. समुदायको स्वतस्फूर्त संलग्नता<br>२. वाल उद्यान<br>३. बालबालिका रमाउने अभिभावक सन्तुष्ट हुने स्थल |
| बालबालिका | १. ९० प्रतिशत बालबालिका पूर्व प्राथमिक शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना | १. १०० प्रतिशत बालबालिका पूर्व प्राथमिक शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना | १. समूहमा मिल्न, रमाउन,सिक्न, कुरा राख्न, खेल्न र केन्द्रमा आउन खुसी हुने |

| | | | |
|---|---|---|---|
| | २. केन्द्रमा पोषणयुक्त खाना र स्वस्थकर बानी विकास<br>३. सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता | २. सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन | |
| सहजकर्ता | १.कम्तीमा एक महिनाको तालिम प्राप्त<br>२.कम्तीमा १२ कक्षाको योग्यता प्राप्त<br>३. बालप्रेमी, बालमनोविज्ञान बुझेको | १. मनोरञ्जनात्मक सिकाइ सहजीकरण गर्न क्रियाकलाप उत्पादन र प्रयोग | १. पाठ्यक्रमअनुरूप आफैं सामग्री विकास र प्रयोग गर्न सक्ने |
| सिकाइको अवस्था | १.वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन गर्न सक्षम, स्वास्थ्यप्रति सचेत, भाषिक तथा सञ्चार सिपको विकास | १.सिर्जनात्मक सोचको विकास | १.कक्षा १ मा प्रवेशका लागि सर्वाङ्गीण विकास |

## ३.५ सुधारका कार्य

नेपालमा चार वर्ष उमेर समूहका बालबालिकाका लागि एक वर्ष अवधिको प्रारम्भिक बाल शिक्षा सञ्चालनमा रहेको छ । यसै खण्डको ३.२ मा उल्लेख भएका प्रारम्भिक बाल विकास तथा शिक्षाका समस्या तथा चुनौतीको व्यवस्थापन एवम् ३.३ मा राखिएका प्रारम्भिक बाल विकास तथा शिक्षाको अपेक्षित उद्देश्य हासिल गर्नका लागि निम्नानुसारका सुधारका कार्यहरू सञ्चालन गरिने छः

(क) चार वर्ष उमेर समूहका सबै बालबालिकाका लागि कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको अवसरको सुनिश्चितता गर्ने

(ख) चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्ने

(ग) सबै बालबालिकाका लागि कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको अवसरको सुनिश्चितता गर्ने

(घ) प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्दा घरपरिवारमा आधारित, विद्यालयमा आधारित, कार्यस्थलमा आधारित, ससाना समूहमा आधारित, घुम्ती केन्द्रमा आधारित, समुदायमा आधारित जस्ता विविधतापूर्ण नमुनाका आधारमा गर्ने

(ङ) मातृभाषा/स्थानीय भाषा/बहुभाषामा सिकाइ अवसर प्रदान गर्ने

(च) अभिभावक शिक्षा सञ्चालन गर्ने

(छ) प्रारम्भिक बाल विकास केन्द्रसम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने

(ज) तालिम प्राप्त शिक्षकबाट कक्षा सहजीकरणको सुनिश्चितता गर्ने

(झ) शिक्षकका लागि प्रविधि (डिजिटल) युक्त स्वअध्ययन सामग्री विकास गरी कार्यान्वयनमा ल्याउने

(ञ) पाठ्यक्रम अध्यावधिक गरिने

(ट) शिक्षक निर्देशिका बनाउने

(ठ) परिवेशअनुकूल शैक्षिक सामग्रीको व्यवस्था गर्ने

(ड) शिक्षकको योग्यता वृद्धि गर्ने

(ढ) शिक्षकलाई पुनर्ताजगी तालिम प्रदान गर्ने

(ण) सिकाइमा प्रविधिको प्रयोग गर्ने

# खण्ड-४
# विद्यालय शिक्षा

नेपालमा कक्षा १२ सम्मको शिक्षालाई विद्यालय शिक्षा मानिएको छ । नेपालको संविधानले सबैका लागि शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य गरिएको छ । माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था संविधानले गरेको छ । प्रारम्भिक बाल विकासदेखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा र कक्षा ९ देखि कक्षा १२ सम्म वा सोसरहको शिक्षालाई माध्यमिक शिक्षाको रूपमा लिइएको छ । सबैका लागि शिक्षा (२०००-२०१५) सहस्राब्दी विकास लक्ष्य (२०००-२०१५) तथा दिगो विकास लक्ष्य (२०१५-२०३०) ले विद्यालय शिक्षालाई जोड दिएको छ ।

हाल नेपालमा सामुदायिक, संस्थागत र धार्मिक विद्यालय सञ्चालनमा रहेका छन् । अध्यापन गरिने विषयवस्तुको आधारमा साधारण, संस्कृत र प्राविधिक धारका विद्यालय सञ्चालनमा रहेका छन् ।हाल विद्यालय शिक्षाको सञ्चालन व्यवस्थापनको मुख्य क्षेत्राधिकार स्थानीय तहको रहेको छ । शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९, स्थानीय सरकार सञ्चालन ऐन २०७४, निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७६ मा रहेका प्रावधानअनुरूप विद्यालय सञ्चालनमा रहेका छन् ।

## ४.१ विद्यमान अवस्था

विद्यालयबाहिर रहेका बालबालिकाको सङ्ख्या बर्सेनि घट्दै छ । विद्यालय तहमा खुद भर्नादरमा वृद्धि भएको छ । खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क समदरमा पुगेको छ । आधारभूत तथा माध्यमिक तहमा महिला शिक्षक सङ्ख्यामा वृद्धि भएको छ । विद्यार्थी टिकाउ दरमा क्रमशः वृद्धि हुँदै गएको छ **(शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७८)** ।

**(क)** सामुदायिक विद्यालय २६ हजार ४ सय ५४ **(७७%),** संस्थागत विद्यालय ६ हजार ७ सय ६० **(२०%)** र धार्मिक विद्यालय १ हजार १ सय ५४**(३%)** गरी कुल ३४ हजार ३ सय ६८ विद्यालय सञ्चालनमा छन् ।

**(ख)** वि.सं. २०७८ को कुल ७० लाख ९२ हजार ९ सय ५९ विद्यार्थीमध्ये अधारभूत तह **(**कक्षा **१-५)** मा ३५ लाख ४८ हजार ६ सय ३६ **(५०.०३%),** आधारभूत तह **(**कक्षा **६-८)** मा १७ लाख ७७ हजार ३ सय ४४ **(२५.०६%),** माध्यमिक तह **(**कक्षा **९-१०)** मा १० लाख ७९ हजार ३ सय ६३ **(१५.२२%)** र माध्यमिक तह **(**कक्षा **११-१२)** मा ६ लाख ८७ हजार ६ सय १६ **(९.६९%)** विद्यार्थी रहेका छन् ।

**(ग)** कक्षा १ मा खुद प्रवेश दर (भर्ना हुने उमेर ५ वर्ष पूरा भएका) ९६.३ प्रतिशत रहेको छ । प्राथमिक तहमा विद्यालय जाने उमेर समूहका करिब ३.७ प्रतिशत बालबालिका अझै विद्यालयबाहिर रहेका छन् ।

**(घ)** आधारभूत तह **(५-१२** वर्ष**)** उमेर समूहका ४.९ प्रतिशत बालबालिका विद्यालयबाहिर रहेका छन् । विद्यालयबाहिर रहेका बालबालिकाको सङ्ख्या प्रत्येक वर्ष घट्दै गएको छ ।

(ङ) शैक्षिक सत्र २०७८ मा खुद भर्नादर आधारभूत तह (कक्षा १-५) मा ९६.९ प्रतिशत, आधारभूत तह (कक्षा १-८) मा ९५.१ प्रतिशत र माध्यमिक तह (कक्षा ९-१२) मा ५४.३ प्रतिशत रहेको छ।

(च) शैक्षिक सत्र २०७८ मा कक्षा ८, कक्षा १० र कक्षा १२ सम्मको टिकाउ दर क्रमशः ८५.१ प्रतिशत, ६६.१ प्रतिशत र  ३.१ प्रतिशत रहेको छ।

(छ) आधारभूत तहको शिक्षा पूरा गर्ने दर ७६.२ प्रतिशत रहेको छ ।

(ज) विद्यालय तह (कक्षा १-१२) मा सामुदायिक र संस्थागत दुवैमा गरी कुल २ लाख ८० हजार ७ सय ६५ शिक्षक कार्यरत छन् । जसमध्ये आधारभूत तह **(**कक्षा **१-५)** मा १ लाख ६१ हजार ७ सय ९३**,** आधारभूत तह **(**कक्षा **६-८)** मा ५७ हजार ३ सय ६०**,** माध्यमिक तह **(**कक्षा **९-१०)** मा ४९ हजार ५ सय ७१ र माध्यमिक तह **(**कक्षा **११-१२)** मा १२ हजार ४१ शिक्षक कार्यरत छन् । आधारभूत तहमा महिला शिक्षक प्रतिशत ४६.५ प्रतिशत र माध्यमिक तहमा २०.४ प्रतिशत रहेको छ ।

**तालिका -१: शिक्षकको तहगत लैङ्गिक संरचना (प्रतिशत)-शैक्षिक सत्र २०७८**

| क्र.सं. | तह | महिला शिक्षक प्रतिशत | पुरूष शिक्षक प्रतिशत |
|---|---|---|---|
| १ | आधारभूत तह (कक्षा १-५) | ४८.९ | ५१.१ |
| २ | आधारभूत तह (कक्षा ६-८) | ३४.२ | ६५.८ |
| ३ | माध्यमिक तह (कक्षा ९-१०) | १८.१ | ८१.९ |
| ४ | माध्यमिक तह (कक्षा ११-१२) | १४.४ | ८५.६ |

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७८, सानोठिमी, भक्तपुर।

**(झ)** विद्यालय शिक्षामा लैङ्गिक समता सूचकाङ्क समदरमा पुगेको छ ।कक्षा १-८ को खुद भर्नादरमा लैङ्गिक समता ०.९९ प्रतिशत रहेको छ । त्यसै गरी कक्षा ९-१२ को खुद भर्नादरमा लैङ्गिक समता १.०१ प्रतिशत पुगेको छ ।

**(ञ)** शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विभिन्न वर्षमा गरिएको कक्षा ३ कक्षा ५ र कक्षा ८ को सिकाइ उपलब्धि विवरण यसप्रकार रहेको छः

**तालिका-२ : सिकाइ उपलब्धि विवरण**

| विषय | कक्षा-३ | | कक्षा-५ | | कक्षा-८ | | |
|---|---|---|---|---|---|---|---|
| | सन् २०१२ | सन् २०१५ | सन् २०१२ | सन् २०१५ | सन् २०११ | सन् २०१३ | सन् २०१७ |
| नेपाली | ६३ | ५२ | ६० | ४६ | ४९ | ४८ (४९५) | ५०५ |
| गणित | ६० | ४५ | ५३ | ४८ | ४३ | ३५ (५०८) | ४९२ |
| अङ्ग्रेजी | | | ५४ | ४७ | | | |
| विज्ञान | | | | | | ४१ (५०२) | ४९९ |
| सामाजिक | | | | | ४९ | | |

स्रोतः शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०११, २०१२,२०१५,२०१७, सानोठिमी, भक्तपुर।

## ४.२ समस्या तथा चुनौती

विद्यालय शिक्षासम्बन्धी मौजुदा कानुनी व्यवस्था र कार्यान्वयन भएका कार्यक्रमबाट विभिन्न शैक्षिक सूचकमा उल्लेखनीय सुधार आए पनि समग्ररूपमा अपेक्षित उपलब्धि हासिल गर्न अझै समय लाग्ने देखिएको छ । विद्यालय शिक्षामा रहेका मूलभूत चुनौती देहायबमोजिम पहिचान गरिएका छन् :

### ४.२.१ नीतिगत

१. विद्यालयबाहिर रहेका बालबालिकाको व्यक्तिगत तवरमा पहिचान गरी विद्यालयमा ल्याउनु
२. कक्षा दोहोऱ्याउने र छाडने दर घटाई शैक्षिक क्षति न्यूनीकरण गर्नु
३. विद्यालय सेवा क्षेत्रसम्बन्धी (स्कुल जोनिङ) नीति कार्यान्वयन गर्नु
४. विद्यालयहरूमा न्यूनतम शिक्षक दरबन्दीको सुनिश्चितता र आपूर्ति गर्नु
५. स्रोत र साधनलाई आवश्यकता र प्राथमिकताको आधारमा अधिकतम प्रतिफल लिन सक्ने गरी समुचित वितरण गर्नु
६. विभिन्न शिक्षा आयोगका प्रतिवेदन, अध्ययन अनुसन्धान तथा अन्तर्राष्ट्रिय अभ्यास र अनुभवलाई दृष्टिगत गरी शिक्षामा गरिने लगानी वृद्धि गर्नु
७. दिगो र पर्याप्त लगानीको सुनिश्चित गर्नु
८. मेधावी जनशक्तिलाई शिक्षण पेसामा आकर्षित गर्नु
९. शिक्षकलाई पेसाप्रति जिम्मेवार र जवाफदेही बनाउनु
१०. प्राविधिक शिक्षातर्फ विद्यार्थीको आकर्षण बढाउन प्राविधिक धारका शिक्षालय आवश्यकता र मागको आधारमा स्थापना गर्नु
११. बहुपाठ्यपुस्तक प्रणालीलाई कार्यान्वयनमा ल्याउनु
१२. शैक्षिक संस्थाहरूको आन्तरिक सक्षमता अभिवृद्धि गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु

### ४.२.२ संस्थागत

१३. शैक्षिक संस्थाहरूको नक्साङ्कन गरी सोको आधारमा शैक्षिक संस्थाहरूको स्थापना गर्ने, कक्षा/तह थपघट गर्ने, समायोजन गर्ने, गाभ्ने तथा बन्द गर्ने कार्यलाई व्यवस्थित बनाउनु

१४. शैक्षिक संस्थाहरूमा न्यूनतम भौतिक तथा शैक्षिक पूर्वाधारहरू मापदण्डबमोजिम पूरा गराउनु
१५. तालिममा सिकेका ज्ञान, सिप कक्षाकोठाको सिकाइ प्रक्रियामा प्रतिबिम्बित गराउन आवश्यकताका आधारमा शिक्षक तालिम प्रदान गर्नु
१६. सबै विद्यालयमा प्रविधिको विस्तारद्वारा सिकाइमा विविधीकरण गर्दै आपत्कालमा समेत सिकाइ निरन्तरता दिई शैक्षिक क्षतिलाई कम गराउनु
१७. विद्यालयको बाहिरी तथा भित्री वातावरणलाई बालमैत्री र आकर्षक बनाई सबै सामुदायिक विद्यालयलाई अभिभावक र विद्यार्थीको पहिलो रोजाइको विद्यालय बनाउनु
१८. विज्ञान, गणित तथा प्राविधिक धारतर्फका विषयमा शिक्षक नपाइने अवस्थाको अन्त गर्नु

**४.२.३ कार्यक्रमगत**

१९. शिक्षक दरबन्दी मिलान कार्यलाई पूर्णता दिनु
२०. शैक्षिक संस्था तथा पदाधिकारीलाई विद्यार्थीको नतिजाप्रति जिम्मेवार, जवाफदेही र उत्तरदायी बनाउनु
२१. प्रभावकारी अनुगमन तथा मूल्याङ्कन संयन्त्रलाई सुदृढ गरी स्वचालित बनाउनु
२२. शिक्षामा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली लागु गर्नु
२३. छात्रवृत्तिलाई आवश्यकतामा आधारित तथा विपन्न लक्षित वर्गमा केन्द्रित गर्नु
२४. परीक्षा तथा मूल्याङ्कन प्रणालीमा सुधार गरी सिकाइको अभिन्न अङ्गको रूपमा स्थापित गर्नु
२५. दक्ष शिक्षकहरूलाई सेवामा टिकाइ राख्नु

## ४.३ राष्ट्रिय उद्देश्य

विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्य निम्नानुसार हुने छन् :

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने
२. राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने
३. श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने
४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने
५. प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने
६. प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने
७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने
८. वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने
९. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने
१०. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपालको इतिहास, भूगोलको ज्ञान भएको नेपाली पहिचान र जीवनशैलीप्रति गौरव गर्ने नागरिक तयार गर्ने
११. जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपत् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने
१२. सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

### ४.४ रूपान्तरणका क्षेत्र र अपेक्षित उपलब्धि

यस सोचपत्रमा उल्लिखित विद्यालय शिक्षाका उद्देश्य पूरा गर्न देहायका रूपान्तरणका क्षेत्र पहिचान गरिएका छन् ।यस्ता रूपान्तरणका क्षेत्रअन्तर्गत आगामी ५, १० र १५ वर्षमा हासिल गर्ने अपेक्षा देहाय बमोजिम रहेका छन् ।

| क्षेत्र | ५ वर्ष | १० वर्ष | १५ वर्ष |
|---|---|---|---|
| विद्यालय | १. सबै शिक्षण संस्थामा न्यूनतम मापदण्ड पूरा,<br>२.निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन<br>३. पाठ्यक्रम कार्यान्वयनमा स्वायत्त<br>४.समावेशी शैक्षिक वातावरण<br>५. सार्वजनिक विद्यालयको सुदृढीकरण | १.आदर्श शैक्षिक वातावरणको निर्माण<br>२.सार्वजनिक शिक्षामा आकर्षण र विश्वास<br>३. शान्ति क्षेत्रको रूपमा विकास<br>४.शैक्षिक गुणस्तर सुनिश्चित | सबै विद्यालय-समान स्तरः विद्यालय शिक्षामा अन्तर्राष्ट्रिय गुणस्तर |
| बालबालिका | १.स्वस्थ, सक्रिय, सक्षम र अनुशासित<br>२.अधिकार र कर्तव्यप्रति सचेत<br>३.मौलिक मूल्य, मान्यता, दर्शन, पहिचानप्रति परिचित<br>४.तार्किक,अनुशासित नैतिक | १.पाठ्यक्रमबमोजिमको सिकाइ उपलब्धि एवम् जीवनोपयोगी सिप प्राप्त र उपयोग<br>२.सिर्जनात्मक क्षमताको विकास<br>३.समालोचनात्मक, परिश्रमी, स्वावलम्बी | १.सिद्धान्त र व्यवहार मिलाउन अभ्यस्त<br>२.विश्लेषणात्मक, स्वउत्प्रेरित, आत्मविश्वासी, खोजमूलक<br>३.सदाचारयुक्त |

| क्षेत्र | ५ वर्ष | १० वर्ष | १५ वर्ष |
|---|---|---|---|
| | | ४.चारित्रिक र नागरिक गुणको विकास | ४. उच्च सिकाइ उपलब्धि |
| शिक्षक | विद्यार्थीको सिकाइप्रति जवाफदेही; प्रविधिको उपयोग गर्न सक्षम; प्रविधि मैत्री; शैक्षणिक ज्ञान, सिप र तौरतरिकामा परिवर्तन भई कक्षाकोठामा प्रतिविम्वित गर्न सक्षम, प्रत्येक वर्ष क्षमता विकासमा सहभागी/अवसर | सिकाइमा नविन प्रविधिको खोजी, विकास र प्रयोग गर्न सक्षम; खोजमूलक, अन्तरक्रियात्मक र नवप्रवर्तनात्मक क्रियाकलाप सञ्चालन; मेधावी जनशक्तिको शिक्षण सेवामा आकर्षण वृद्धि, विद्यालय तहमा क्षमता विकासको अवसर | पहिलो रोजाइको पेसा; रोलमोडल, स्वतस्फूर्त रूपमा क्षमता विकासमा सहभागी |
| सिकाइको अवस्था | सिकाइ उपलब्धिमा २० प्रतिशत सुधार | सिकाइ उपलब्धिमा ४० प्रतिशत सुधार | अन्तर्राष्ट्रिय स्तरको उपलब्धि |

## ४.५ सुधारका कार्य

नेपालमा कक्षा एकदेखि कक्षा १२ सम्मको विद्यालय शिक्षाको संरचना सञ्चालनमा रहेको छ । एक वर्ष अवधिको प्रारम्भिक बाल शिक्षा पूर्व प्राथमिक शिक्षा सहित कक्षा आठसम्मको शिक्षालाई आधारभूत शिक्षा र कक्षा नौदेखि कक्षा बाह्रसम्मको शिक्षालाई माध्यमिक शिक्षा मानिएको छ । यसै खण्डको ४.२ मा उल्लेख भएका विद्यालय शिक्षाका समस्या तथा चुनौतीको समाधान एवम् ४.३ मा राखिएको विद्यालय शिक्षाको उद्देश्य हासिल गर्नका लागि निम्नानुसारका सुधारका कार्य सञ्चालन गरिने छः

### ४.५.१ विद्यालयीय सुविधाको सुनिश्चितता

विद्यालय शिक्षाको सुधारका लागि विद्यालयीय सुविधाको सुनिश्चितता गर्न सञ्चालन गरिने कार्य निम्नानुसार रहेका छन् :

१. विद्यालयको मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने
२. विद्यार्थी निरन्तरता र तह पूरा गर्ने दर सुधार गर्ने
३. निर्धारित मापदण्डबमोजिम घुम्ती विद्यालय, बहुकक्षा शिक्षण विद्यालय, नमुना विद्यालय, विशेष विद्यालय, केन्द्रीय विद्यालय सञ्चालन गर्ने
४. प्रत्येक बालबालिकाका लागि आधा घण्टाको दुरीमा विद्यालयीय सुविधा सुनिश्चित गर्ने
५. विद्यालय शिक्षाको विद्यालयगत एवम् स्थानीयगत रूपमा वर्गीकृत सूचना सङ्कलन, प्रशोधन, प्रकाशन गर्ने स्वचालित प्रणाली सञ्चालन हुने
६. पाँच वर्षभित्र विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भित्र्याउने
७. भूगोल र सामाजिक बनोटका आधारमा जिआइएस प्रणालीको अवलम्बन गरी विद्यालय नक्साङ्कन गर्ने
८. नक्साङ्कनको आधारमा विद्यालयको समायोजन तथा पुनर्वितरण गर्ने
९. सुविधासम्पन्न ठूला विद्यालय स्थापना, विकास र सञ्चालनमा जोड दिने
१०. विद्यालयको सेवा क्षेत्र निर्धारण गर्ने । सेवा क्षेत्र भित्रका बालबालिकाको स्तरीय निःशुल्क आधारभूत शिक्षाको सुनिश्चित गर्ने दायित्व स्थानीय तहको हुने कानुनी व्यवस्था गर्ने
११. प्रत्येक स्थानीय तहमा कम्तीमा एकओटा नमुना विद्यालय बनाउने
१२. लक्षित समूहका लागि आवासीय विद्यालय सञ्चालन गर्ने
१३. परम्परागत विद्यालय (गुरूकुल, गुम्बा, मदरसा) को मूलप्रवाहीकरण गर्ने
१४. अपाङ्गताअनुकूल संस्थागत संरचना र सिकाइ सामग्रीको प्रबन्ध गर्ने
१५. आवश्यकताका आधारमा आवासीय तथा विशेष विद्यालय स्थापना र सञ्चालन गर्ने

१६. प्रत्येक पालिकास्तर, प्रदेशस्तर र राष्ट्रिय स्तरमा क्रमशः प्रविधिमैत्री नमुना विद्यालय स्थापना गर्ने
१७. कक्षा १-८ र कक्षा ९-१२ का छुट्टाछुट्टै विद्यालयको अवधारणा कार्यान्वयनमा ल्याउने
१८. मुलुकभरका विद्यालयमा भौतिक एवम् शैक्षिक पूर्वाधार मापदण्डको आधारमा समान बनाउने
१९. हरित विद्यालयको अवधारणालाई कार्यान्वयन गर्ने

### ४.५.२ आदर्श शैक्षिक वातावरणको निर्माण

आदर्श शैक्षिक वातावरण निर्माण गर्न सञ्चालन गरिने कार्य निम्नानुसार रहेका छन् :

१. सुरक्षित र सिकाइमैत्री विद्यालय वातावरणको मापदण्ड बनाई कार्यान्वयन गर्ने
२. स्वच्छ खानेपानी, सफा कक्षा कोठा र आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने
३. हरित विद्यालयको मापदण्ड बनाई कार्यान्वयनमा ल्याउने
४. शिक्षक एवम् विद्यार्थीमैत्री शैक्षिक एवम् भौतिक पूर्वाधार निर्माण गर्ने
५. खेलकुद मैदान र खेल सामग्रीको व्यवस्था गर्ने
६. छात्र तथा छात्राका लागि आराम कक्ष (Rest Room) सहितको अलग अलग शौचालय प्रबन्ध गर्ने
७. विद्यालय भवनको रङ मापदण्ड (कलर कोड) लागु गर्ने
८. विद्यालय घेरावार गरी सुरक्षित बनाउने
९. भर्चुअल सिकाइका लागि उपयुक्त भौतिक एवम् प्राविधिक व्यवस्थापन गर्ने
१०. पोषणयुक्त र स्वस्थकर दिवा खाजाको प्रबन्ध गर्ने
११. विद्यालय तहमा हुने सबै प्रकारका भय, विभेद र दुर्व्यवहारको अन्त्य गर्ने
१२. विद्यालय शान्ति क्षेत्रको अवधारणालाई कार्ययोजना बनाई कार्यान्वयन गर्ने

१३. बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गतामैत्री कक्षाकोठा व्यवस्थापन, मनोवैज्ञानिक व्यवस्थापन एवम् शैक्षणिक व्यवस्थापन गर्ने
१४. शैक्षिक सामग्री र बाल सन्दर्भ सामग्री व्यवस्था गर्ने
१५. हरेक विद्यालयमा बुक कर्नर एवम् पुस्तकालय बनाउने
१६. कक्षाकोठामा सूचना प्रविधिका सामग्री जडान गर्ने
१७. माध्यमिक तहमा प्रयोगशाला तथा पुस्तकालय अनिवार्य रूपमा स्थापना गरी विद्यार्थीको सहज पहुँच स्थापित गर्ने
१८. विद्यालयमा विद्युत् तथा वैकल्पिक ऊर्जाको व्यवस्था गर्ने
१९. आपत्कालीन एवम् सङ्कटपूर्ण अवस्थामा समेत सकाइ निरन्तर हुने गरी बहुप्रकारका विपत्प्रति संवेदनशील बनाउन क्षमता विकास तालिमको व्यवस्था गर्ने
२०. विद्यालयमा विपत न्यूनीकरण गर्न स्वयम्सेवक परिचालन गर्ने व्यवस्था गर्ने
२१. प्रविधियुक्त (डिजिटल) विद्यालय विकास मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउने
२२. अतिरिक्त तथा सहक्रियाकलापको मापदण्ड बनाई कार्यान्वयनमा ल्याउने
२३. विद्यार्थीको व्यक्तिगत विविधता झल्किने गरी वैयक्तिक घटना-अभिलेख (पोर्टफोलियो) तयार गर्ने
२४. बालबालिकाको उमेर तथा शारीरिक विकासको अवस्थाअनुसारको फर्निचर तथा पूर्वाधार बनाउने
२५. सक्षम, बालबालिकामैत्री, प्रशिक्षित, योग्य, उत्तरदायी एवम् स्वयम् उत्प्रेरित पर्याप्त शिक्षकको व्यवस्था गर्ने
२६. व्यवस्थापन समितिका पदाधिकारीलाई तालिम दिने
२७. अभिभावक शिक्षा दिने

### ४.५.३ शिक्षक व्यवस्थापन र विकास

विद्यालय शिक्षाको सुधारका लागि शिक्षक व्यवस्थापन र विकास गर्न सञ्चालन गरिने कार्य निम्नानुसार रहेका छन् :

१. मापदण्डबमोजिम शिक्षक दरबन्दी थप, मिलान तथा पुनर्वितरण गर्ने
२. शिक्षक दरबन्दी मिलान तथा शिक्षक सरुवा शैक्षिक सत्रको अन्तिम र सुरु महिनामा मात्र गर्ने
३. समयमै शिक्षक विज्ञापन एवम् सिफारिस हुने गरी वार्षिक पदपूर्ति क्यालेन्डर तयार गरी कार्यान्वयन गर्ने । प्रत्येक शैक्षिक सत्रको सुरुमा नवप्रवेशी शिक्षकलाई कक्षाकोठामा शिक्षणका लागि योग्य हुने गरी सेवा प्रवेश तालिम सम्पन्न गर्ने
४. सबै शिक्षकलाई सेवा प्रवेश, सेवाकालीन तथा पुनर्ताजगी तालिमको प्रबन्ध गर्ने
५. अनलाइन तथा अफलाइन दुवै मोडमा तालिम सञ्चालन गर्ने
६. दक्ष शिक्षकद्वारा भर्चुअल शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने
७. तालिमलाई कक्षाकोठामा आधारित बनाउने
८. दक्ष प्रशिक्षकबाट तालिम प्रदान गराउने
९. मागमा आधारित तालिम सञ्चालन गरिने
१०. तालिमको आवश्यकता पहिचानलाई वस्तुनिष्ठ बनाइने
११. शिक्षकले तालिममा सिकेका ज्ञान तथा सिपलाई कक्षाकोठामा प्रतिबिम्बित गराउने वातावरण सिर्जना गर्न अनुगमन तथा स्थलगत सहायता प्रणाली कार्यान्वयनमा ल्याउने
१२. स्थानीय तहमा विषयगत शिक्षकको समूह बनाई नियमित बैठक, अन्तर्क्रिया गर्ने
१३. प्रधानाध्यापकलाई शिक्षकका कार्यको अनुगमन गर्ने जिम्मेवारी दिने
१४. प्रधानाध्यापकलाई शिक्षकका कार्यको सुपरिवेक्षण गर्न सक्ने बनाउने
१५. शिक्षक सेवा आयोगको वैकल्पिक तथा अस्थायी शिक्षक सूचीबाट अस्थायी शिक्षक पदपूर्ति गर्ने कानुनी व्यवस्था गर्ने
१६. दुर्गम स्थानका विद्यालयमा शिक्षकले निश्चित अवधि अनिवार्य सेवा गर्नुपर्ने कानुनी व्यवस्था गर्ने
१७. दुर्गम स्थानका लागि थप सुविधा उपलब्ध गराउने

१८. शिक्षक सरुवा तथा पदस्थापन योग्यता, क्षमता र औचित्यको आधारमा गर्न मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउने

१९. विद्यालय रहेको भूगोल, उपलब्ध सेवा, सुविधा र अवसरको आधारमा विद्यालयलाई सुगम र दुर्गम स्थानका विद्यालयको रूपमा वर्गीकरण गर्ने

२०. शिक्षकले दुर्गम क्षेत्रमा सेवा गरेबापत बढुवामा पाउने भौगोलिक अङ्क सुगम स्थानको भन्दा प्रतिवर्ष कम्तीमा पच्चिस प्रतिशत बढी हुने कानुनी व्यवस्था गर्ने

२१. प्रत्येक वर्ष उत्कृष्ट शिक्षक, उत्कृष्ट विषय शिक्षक, उत्कृष्ट प्रधानाध्यापक, उत्कृष्ट वर्ष शिक्षक घोषणा गर्ने

२२. विद्यालय तथा विद्यार्थीको शैक्षिक उपलब्धिको आधारमा प्रत्येक वर्ष शिक्षकलाई पदक, विभूषण, प्रमाणपत्र आदिबाट पुरस्कृत गर्ने

२३. शिक्षकको न्यूनतम शैक्षिक योग्यतामा पुनरवलोकन गरी कार्यान्वयनमा ल्याउने

२४. मेधावी विद्यार्थीलाई शिक्षण पेसामा प्रवेश गराउन कानुनी प्रबन्ध गर्ने । मौद्रिक तथा गैरमौद्रिक उत्प्रेरक तत्त्वलाई व्यवस्थित गर्ने

२५. शिक्षकलाई मासिक रूपमा तलब भत्ता भुक्तानी गर्ने

२६. शिक्षकको न्यूनतम सेवा, शर्त, सुविधा तथा आचारसंहिता तय गरी कार्यान्वयन गर्ने

२७. शिक्षकलाई पेसाप्रति समर्पित, संवेदनशील, जिम्मेवार, जवाफदेही र उत्तरदायी बनाउने

२८. विशेष आवश्यकता भएका बालबालिकाका लागि शिक्षण गर्ने शिक्षकका लागि छुट्टै अध्यापन अनुमति पत्र र सघन तालिमको व्यवस्था गर्ने

२९. शिक्षकको तहगत शैक्षिक योग्यता वृद्धि गर्न, सूचना प्रविधिमा सक्षमता हासिल गर्न, सिकाइ विधि, प्रविधि तथा व्यवस्थापनमा नवप्रवर्तन सिर्जना गर्नका लागि विशेष कार्यक्रमको कार्यान्वयन गरी सबै शिक्षकले अनिवार्य रूपमा सक्षमता अभिवृद्धि गर्नुपर्ने कानुनी व्यवस्था गर्ने

३०. निर्धारित सक्षमता अभिवृद्धि हासिल गर्न नसक्ने तथा नचाहने शिक्षकलाई अवकाशको प्याकेज ल्याई सेवाबाट अलग गर्ने कानुनी व्यवस्था गरी कार्यान्वयन गर्ने
३१. नवप्रवेशी शिक्षकहरूका लागि अनुभवी दक्ष शिक्षकबाट मेन्टरिङको व्यवस्था गरी कार्यान्वयन गर्ने
३२. शिक्षकलाई समयानुकूल प्रविधि सम्बन्धी तालिम दिने
३३. शिक्षकलाई कार्यमूलक अनुसन्धान गर्न लगाउने
३४. माध्यमिक तहको विद्यालयमा छुट्टै प्रधानाध्यापक पदको सिर्जना गर्ने
३५. प्रधानाध्यापकलाई प्राज्ञिक र प्रशासनिक रूपमा अधिकारसम्पन्न एवम् स्वायत्त बनाउने
३६. विद्यालय विकास अवधारणा पत्रको आधारमा कार्य सम्झौता गरी प्रधानाध्यापक नियुक्ति गर्ने
३७. कार्य सम्झौताका आधारमा कार्य सम्पादन गर्न प्रधानाध्यापकलाई स्वायत्तता दिने
३८. प्रधानाध्यापक हुनलाई निश्चित अवधिको व्यवस्थापकीय तथा नेतृत्व विकाससम्बन्धी तालिम अनिवार्य गर्ने
३९. शिक्षक सक्षमता प्रारूपलाई अद्यावधिक गर्ने
४०. संघीयता अनुकुल हुनेगरी शैक्षिक तालिम केन्द्रहरूको सङ्ख्यामा विस्तार गर्ने
४१. कक्षा शिक्षण, विषय शिक्षण, बहुकक्षा शिक्षण, बहुकक्षा-बहुस्तर शिक्षण जस्ता विषयमा तालिम दिई क्षमता विकास गर्ने
४२. शिक्षक तालिम शैक्षिक सत्रको सुरु वा विद्यालय विदा भएको बेलामा सञ्चालन गर्ने । विद्यालय सञ्चालन भएको समयमा शिक्षक तालिम सञ्चालन गर्दा सट्टा शिक्षकको प्रबन्ध गरिने
४३. विश्वविद्यालयको सहकार्यमा शिक्षक पूर्वसेवाकालीन तालिमको पाठ्यक्रम परिमार्जन गर्ने । शिक्षण अभ्यासलाई व्यावहारिक र सान्दर्भिक बनाउने
४४. शिक्षकलाई व्यवहार कुशल सिपसम्बन्धी तालिम प्रदान गर्ने

४५. प्राकृतिक प्रकोपपछिको व्यवस्थापन, सङ्कटमा सिकाइ व्यवस्थापन तथा विविधता व्यवस्थापन तालिम प्रदान गर्ने

४६. अतिरिक्त क्रियाकलाप कला सङ्गीत सिप सामाजिक सिप आदि विकासका मापदण्ड बनाई कार्यान्वयन गर्ने

४७. सबै विद्यालयमा न्यूनतम शैक्षिक वातावरण बनाउने

**४.५.४ पाठ्यक्रम तथा पाठ्यपुस्तक**

विद्यालय शिक्षाको सुधारका लागि गुणस्तरीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको व्यवस्थापन गर्न सञ्चालन गरिने कार्य निम्नानुसार रहेका छन् :

१. पाठ्यक्रम हरेक वर्ष अद्यावधिक एवम् परिमार्जन गर्ने पद्धति अवलम्बन गर्ने

२. पाठ्यक्रमको ढाँचाको आधारमा शिक्षक स्वयम्लाई विद्यालयमा पाठ्यपुस्तक विकास गर्न सक्ने बनाउने

३. पाठ्यपुस्तक अद्यावधिक र स्तरीय बनाउने

४. पाठ्यपुस्तक अद्यावधिक, परिमार्जन र विकास गर्ने क्रममा विश्वविद्यालयको प्राविधिक सहयोग लिने

५. नयाँ पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्नुपूर्व शिक्षकको क्षमता विकास अनिवार्य गर्ने

६. विद्यालय तहको सबै पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाउने

७. स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि स्थानीय तहमा क्षमता विकास गर्ने

८. पाठ्यपुस्तकको बहुवर्षे प्रयोगमा जोड दिने

९. प्रारम्भिक कक्षामा कक्षाकोठामा पुस्तक राख्ने र प्रयोग गर्ने वातावरण बनाउने

१०. अभ्यासपुस्तिका विकास गरी कार्यान्वयनमा ल्याउने

११. विज्ञहरूबाट तयार गरी मूल्याङ्कनका लागि पाठ्यक्रम विकास केन्द्रमा पेस गरिने सामग्री मूल्याङ्कनमा कोडिङ प्रणाली लागु गरी स्वच्छता कायम गर्ने

१२. लेखक तथा प्रकाशकको पहिचान नखुल्ने गरी विज्ञ एवम् दक्ष मूल्याङ्कनकर्ताबाट मात्र मूल्याङ्कन गराउने परिपाटीको विकास गर्ने

१३. बहुपाठ्यपुस्तक कार्यान्वयनमा ल्याउने

१४. विद्यालयस्तरको पाठ्यपुस्तकलाई स्तरयुक्त, रङ्गीन र निःशुल्क बनाउने

१५. पाठ्यपुस्तकको छपाई गुणस्तरीय बनाइने

१६. सबै सेट पाठ्यपुस्तक विद्यार्थीको हातमा पुऱ्याउने

१७. विद्यालयमा पाठ्यक्रम, पाठ्यपुस्तक एवम् शिक्षक निर्देशिका राख्ने र प्रयोग गर्ने

१८. प्रत्येक शिक्षकले आफूले अध्यापन गर्ने कक्षा र विषयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाको वार्षिक रूपमा विश्लेषण गर्ने व्यवस्था गरी ती सामग्रीमा भएका कमीकमजोरीहरू, सुधार गर्नुपर्ने विषय, थप गर्नुपर्ने विषय समावेश गरी विस्तृत प्रतिवेदन तयार गर्ने

१७.१ प्रतिवेदन सम्बन्धित स्थानीय तहमा समेत पेस गर्ने

१७.२ स्थानीय तहले समग्र प्रतिवेदन तयार गरी पाठ्यक्रम विकास केन्द्रमा पठाउने व्यवस्था कार्यान्वयन गर्ने

१७.३ प्रतिवेदनबापत शिक्षकले कार्यसम्पादन मूल्याङ्कनमा अङ्क पाउने व्यवस्था गर्ने

१९. आपत्कालीन तथा सङ्कटकालीन सिकाइ व्यवस्थापनका लागि पाठ्यक्रम विकास गर्दा अनिवार्य रूपमा हासिल गर्नैपर्ने सधैँका लागि आवश्यक शैक्षिक सक्षमता, माथिल्लो कक्षाका लागि आवश्यक सक्षमता र पछि हासिल गर्दा पनि हुने सक्षमता समेत खुल्ने गरी निर्माण गर्ने

२०. पाठ्यक्रम ढाँचाका आधारमा शिक्षकलाई पाठ्यक्रममा आधारित भई पाठयोजना बनाउने र प्रयोग गर्न सक्ने बनाउने

### ४.५.५ शैक्षिक सामग्री

विद्यालय शिक्षाको सुधारका लागि गुणस्तरीय सिकाइका लागि शैक्षिक सामग्री निर्माण र प्रयोग गर्न सञ्चालन गरिने कार्यहरू निम्नानुसार रहेका छन्:

१. कक्षागत र तहगत रूपमा शैक्षिक सामग्रीको मापदण्ड बनाउने
२. मापदण्डको सूची तयार गर्ने र सोबमोजिम विद्यालयमा व्यवस्थापन गर्ने
३. पाठ्यक्रममा आधारित शैक्षिक सामग्रीको निर्माणमा शिक्षकलाई सहभागी गराउने
४. शैक्षणिक सामग्री शिक्षकबाट निर्माण र प्रयोग गर्ने
५. सामग्री विकास शिक्षक, विद्यार्थी तथा अभिभावकको सहभागितामा गर्ने
६. शैक्षिक सामग्री निर्माण र प्रयोगमा शिक्षकको क्षमता गर्ने
७. बहुभाषिक शैक्षिक सामग्री विकास गर्ने
८. सामग्रीहरूलाई प्रविधियुक्त (डिजिटाइज) बनाइ गरी प्रयोगमा ल्याउने
९. सबै तहमा प्रविधियुक्त (डिजीटल) शैक्षिक सामग्रीको व्यवस्था सुनिश्चित गर्ने
१०. माध्यमिक विद्यालयमा इलाइब्रेरीको स्थापना गर्ने । सबै विद्यालयमा पुस्तकालय बनाउने
११. शैक्षिक सामग्रीहरू अनलाइन तथा अफलाइनमा हेर्न र प्रयोग गर्न सक्ने व्यवस्था मिलाउने । सिकाइ एपको विकास गरी गुणस्तरीय सामग्री राख्ने
१२. कक्षा शिक्षण, बहुकक्षा शिक्षण तथा बहुकक्षा बहुस्तर शिक्षणका लागि उपयुक्त सिकाइ सामग्रीको विकास गरी कार्यान्वयन गर्ने
१३. उच्च शिक्षामा पुस्तकालय, प्रयोगशाला आदि व्यवस्था गर्ने
१४. सिकाइ एप्सको विकास गर्ने
१५. अन्तरक्रियात्मक शैक्षिक सामग्री विकास गरी कार्यान्वयनमा ल्याउने
१६. पुस्तकालयमा पर्याप्त मात्रामा सन्दर्भ सामग्रीको व्यवस्था गर्ने
१७. शैक्षिक सामग्रीको प्रयोगबाट मात्र शिक्षण क्रियाकलाप सञ्चालन गर्ने आदत निर्माण गर्ने

### ४.५.६ शैक्षिक सुशासन र सेवा प्रवाह

विद्यालय शिक्षाको सुधारका लागि शैक्षिक सुशासन र सेवा प्रवाहअन्तर्गत सञ्चालन गरिने कार्य निम्नानुसार रहेका छन् :

१. अनिवार्य र निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा पूर्ण रूपमा कार्यान्वयन गर्न लक्षित परिवारलाई सहयोग प्याकेज प्रदान गर्ने
२. मातृभाषा, स्थानीय भाषा वा बहुभाषामा सिकाइ गराउने व्यवस्था गर्ने
३. इच्छुक नागरिकका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा र सिप विकास तालिममा सहज पहुँच सुनिश्चित गर्ने
४. विविधताअनुकूल सिकाइ व्यवस्थापन गर्ने
५. ब्रेल लिपि तथा साङ्केतिक भाषामा सिकाइको पहुँच स्थापित गर्ने
६. निःशुल्क पाठ्यपुस्तक तथा सेनिटरी प्याडको व्यवस्था गर्ने
७. गरिबी, लक्षित वर्ग र विशेष आवश्यकताका आधारमा छात्रवृत्ति र आवासीय सुविधा उपलब्ध गराउने
८. कानुनद्वारा निर्दिष्ट दिन र समय विद्यालय खुल्ने र सिकाइ हुने व्यवस्था सुनिश्चित गर्न संयन्त्र बनाउने
९. शैक्षिक क्यालेन्डर, पाठ्यघण्टा कार्यान्वयन गर्ने
१०. शैक्षिक क्यालेन्डरअनुसार विद्यार्थी भर्ना, शिक्षण क्रियाकलाप, परीक्षा, मूल्याङ्कन सम्पन्न गर्ने
११. शैक्षिक तथा शैक्षणिक क्यालेन्डर (वार्षिक कार्यतालिका, दैनिक कार्यतालिका, एकाइ योजना, पाठ्योजना) निर्माण गरी कार्यान्वयन गर्ने
१२. विश्वसनीय र वास्तविक वर्गीकृत शैक्षिक सूचना समयमै सङ्कलन, प्रशोधन, प्रकाशन गर्न संयन्त्र बनाई कार्यान्वयनमा ल्याउने
१३. विद्यार्थीहरूमा न्यूनतम सिकाई सक्षमता पूरा गर्न विद्यालय र शिक्षकलाई जिम्मेवार बनाउने पद्धति विकास गरी कार्यान्वयनमा ल्याउने
१४. विद्यार्थीको शैक्षिक उपलब्धि विश्लेषण गरी उपलब्धिसम्बन्धी जानकारी अभिभावकलाई गराउने कानुनी व्यवस्था गर्ने

१५. सामाजिक परीक्षण, लेखापरीक्षण, अभिभावक भेला तोकिएको समयमा गर्ने कानुनी व्यवस्था गर्ने

१६. प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र स्थानीय तहको कार्य जिम्मेवारी स्पष्ट रूपमा विभाजन गर्ने

१७. प्रधानाध्यापकसँग विद्यालय व्यवस्थापन समिति र शिक्षकसँग प्रधानाध्यापकले कार्य सम्पादन सम्झौता गर्ने

१८. विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनलाई अनिवार्य गर्ने

१९. पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक मात्र प्रयोग भएको सुनिश्चितता गर्न स्वचालित संयन्त्र बनाई कार्यान्वयनमा ल्याउने

२०. नीतिगत तथा कानुनी व्यवस्था गरी संस्थागत विद्यालयहरूको नियमन गर्ने

२१. संस्थागत तथा निजी विद्यालयलाई सेवामूलक बनाउन कानुनी व्यवस्था गर्ने । संस्थागत तथा निजी विद्यालयले सरकारले तोकेको मापदण्डअनुसार छात्रवृत्ति उपलब्ध गराउने व्यवस्थाको कार्यान्वयन गर्ने

२२. संस्थागत तथा निजी विद्यालयका शिक्षकलाई कानुनबमोजिम तलब भत्ता उपलब्ध गराउने व्यवस्था गर्ने

२३. शैक्षिक योजना निर्माणमा सरोकारवालाको सहभागिता सुनिश्चित गर्ने कानुनी व्यवस्था गर्ने

२४. स्वचालित प्रतिवेदन प्रणालीको विकास गर्ने

२५. प्रभावकारी र प्रतिबद्ध अनुगमन प्रणालीको स्थापना गर्ने

२६. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ समयमा नै गठन गर्ने र पदाधिकारीको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने

२७. विद्यालय एकै पटक लामो समय बिदा नगरी धेरै पटक छोटो छोटो समय मात्र बिदा गर्ने कानुनी व्यवस्था गर्ने

२८. शैक्षिक संस्थामा रहने कर्मचारीको दरबन्दी यकिन गरी सेवा, शर्त र सुविधालाई व्यवस्थित गर्न कानुनी व्यवस्था गर्ने

२९. सिकाइमा असर पर्ने तथा कक्षाकोठा खाली रहने गरी शिक्षकलाई अन्य काममा खटाउने प्रचलनको अन्त्य गर्न कानुनी व्यवस्था गर्ने

३०. शैक्षिक सरोकारवालाहरूसँग नियमित संवादको व्यवस्था गरी सुझाव कार्यान्वयन हुने पद्धति स्थापना गर्ने

३१. नागरिक वडापत्र, सिकाइ वडापत्र तथा सार्वजनिक सुनुवाइको संयन्त्र अनिवार्य गरी कार्यान्वयन गर्ने । सबै प्रकारका गुनासोको शीघ्र सम्बोधन गर्ने संयन्त्र बनाई कार्यान्वयनमा ल्याउने

३२. भूगोल, जनसङ्ख्या तथा वर्तमान आवश्यकताका आधारमा शैक्षिक सङ्गठन र जनशक्तिको पुनर्संरचना गर्ने

३३. नियमित विद्यालय आई आफ्नो बच्चाको सिकाइको बारेमा जानकारी लिने, आफ्नो बच्चालाई नियमित विद्यालय पठाउने तथा बच्चालाई समय दिने अभिभावकलाई सम्मान गर्ने परिपाटीको विकास गर्ने । रिपोर्ट कार्ड बनाउने । सार्वजनिक गर्ने । अभिभावकसँग नियमित संवाद गर्ने

३४. विद्यालय स्तरीकरण गरी वर्गीकरण गर्ने

३५. विश्वविद्यालयको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन र वर्गीकरण गर्ने

३६. विश्वविद्यालयको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन र वर्गीकरण गर्ने

३७. प्रयोगात्मक कार्यलाई प्राथमिकता दिने

३८. तोकिएको समयमा (Task on time) कार्य सम्पन्न गर्ने

३९. प्रगति प्रतिवेदन तयार गरी समयमा नै सार्वजनिक गर्ने

४०. सेवा प्रवाहको मापदण्ड विधि र प्रक्रिया तय गरी सार्वजनिक गर्ने र पालना गराउने

४१. अनलाइन तथा अफलाइन सेवा प्रवाहको व्यवस्था गर्ने

४२. शिक्षक कर्मचारीको कार्य विवरण तयार गरी स्पष्ट जिम्मेवारी किटान गर्ने

४३. जिम्मेवार पदाधिकारीहरूसँग कार्य सम्पादन सम्झौता गर्ने

४४. सेवा प्रवाहमा प्रविधिको प्रयोग गर्ने

४५. शिक्षकबाट शिक्षण सामग्री निर्माण र प्रयोग गर्न सहयोग प्रणाली स्थापना गर्ने

४६. नतिजामा आधारित पुरस्कार तथा दण्ड प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याउने

४७. शिक्षासम्बन्धी असल अभ्यासको खोजी, सङ्कलन, अभिलेखन र प्रकाशन गर्ने

४८. असल अभ्यास विद्यालयबिच स्थानान्तरण गर्ने

४९. असल अभ्यासको अध्ययन, अवलोकन तथा प्रयोगका लागि शैक्षिक अवलोकन भ्रमण कार्यक्रमलाई कार्यान्वयन गर्ने

५०. विद्यालय तहमा पूर्व विद्यार्थी समाज, बाल क्लब, स्काउट, जुनियर रेडक्रस, आमा समूह तथा अन्य स्थानीय समूह तथा क्लब गठन गरी परिचालन गर्ने

५१. मूल (लिड) विद्यालय तोकी भूमिका स्पष्ट गर्ने

५२. सह (फिडर) विद्यालयको भूमिका समेत तोक्ने

५३. सामुदायिक-सामुदायिक, सामुदायिक-निजी र निजी-निजी विद्यालयहरूबीच साझेदारी गर्न विभिन्न क्रियाकलाप सञ्चालन गर्ने

५४. प्रत्येक आधारभूत विद्यालयमा कम्तीमा एक जना र प्रत्येक माध्यमिक विद्यालयमा कम्तीमा दुई जना प्रशासनिक सहायक वा विद्यालय कर्मचारीको व्यवस्था गर्ने

५५. समयानुकूल शिक्षा ऐन तथा नियमावलीमा सुधार, तर्जुमा र कार्यान्वयन गर्ने

### ४.५.७ शिक्षक पेसागत सहयोग

विद्यालय शिक्षाको सुधारका लागि कक्षाकोठामा हुने सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षक पेसागत सहयोग अन्तर्गत सञ्चालन गरिने कार्य निम्नानुसार रहेका छन् :

१. शिक्षक पेसागत सहयोगको स्वचालित प्रणाली विकास गर्ने

२. स्थानीय तहमा विद्यालयलाई समूहकृत (क्लस्टरिङ) गरी शिक्षक सहयोग केन्द्र स्थापना गर्ने
३. विषयगत शिक्षक समिति गठन गर्ने
४. अनुभवी र दक्ष शिक्षकलाई सहयोगी शिक्षकको रूपमा जिम्मेवारी प्रदान गरी शैक्षणिक सहयोग र परामर्शको व्यवस्था गर्ने
५. शिक्षकको निरन्तर पेसागत विकासका लागि आधारभूत तालिम, एकाडेमिक तालिम, पुनर्ताजगी तालिम, कार्यशाला, सेमिनारको व्यवस्था गर्ने
६. नवप्रवेशी शिक्षकलाई अनुभवी शिक्षकद्वारा मेन्टरिङ गर्ने प्रबन्ध मिलाउने
७. अनुसन्धान, कार्यमूलक अनुसन्धान (एक्सन रिसर्च), मामला (केस) अध्ययन गर्ने प्रणाली विकास गरी कार्यान्वयनमा ल्याउने
८. शिक्षक तथा प्रधानाध्यापकलाई कार्यसम्पादनका आधारमा पेसागत सहयोग उपलब्ध गराई शिक्षण सिकाइ प्रति स्व-जवाफदेही बनाइने
९. कक्षाकोठामा आधारित सहयोग प्रणाली स्थापना गर्ने
१०. प्रविधिमा आधारित शिक्षक सहयोग प्रणाली अवलम्बन गर्ने
११. अन्तरक्रियात्मक ढङ्गको प्रविधियुक्त (डिजिटल) शैक्षिक सामग्रीको विकास गरी शिक्षक क्षमता विकासमा प्रयोग गर्ने
१२. शिक्षकलाई कक्षाकोठा व्यवस्थापन र प्रविधि प्रयोगसम्बन्धी तालिम दिने
१३. मेन्टोरिङको अवधारणा कार्यान्वयन गर्ने
१४. अभिभावक र शिक्षकको निरन्तर र नियमित संवाद गर्ने

**४.५.८ अनुगमन**

विद्यालय शिक्षाको सुधारका लागि अनुगमनअन्तर्गत सञ्चालन गरिने कार्य निम्नानुसार रहेका छन् :

१. एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन गर्न संयन्त्र, साधन र प्रणाली विकास गरी कार्यान्वयनमा ल्याउने
२. अनुगमनमा प्रविधिको प्रयोग गर्ने
३. अनुगमन प्रतिवेदनका आधारमा निर्णय प्रक्रियामा प्राप्त सूचना प्रयोग गर्ने स्वचालित प्रणाली बनाउने

४. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई विद्यालयस्तरीय, स्थानीय तहस्तरीय, प्रदेशस्तरीय र राष्ट्रिय बनाउन एकीकृत पद्धति स्थापना गर्ने
५. राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकतानुसार स्थानीय सूचकलाई समेत सूचना प्रणालीमा आबद्ध गर्ने प्रणालीको विकास गर्ने
६. अनुसन्धानमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली विकास गरी कार्यान्वयनमा ल्याउने । तहगत जिम्मेवारी बाँडफाँट गर्ने
७. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई अनिवार्य कार्यान्वयन गर्ने प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याउने
८. अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक तथा सहभागितामूलक बनाउने
९. प्रत्येक शैक्षिक योजना, कार्यक्रम तथा परियोजनाको नियमित, आवधिक मध्यावधिक तथा अन्तिम अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई अनिवार्य गर्ने
१०. अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रभावकारी बनाउन सम्बद्ध पक्षको क्षमता विकास गर्ने
११. कक्षाकोठाको सिकाईको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली कार्यान्वयन गर्ने
१२. शैक्षिक गुणस्तरमा सुधार ल्याउन हरेक क्षेत्रको सुक्ष्म अनुगमन गर्ने गरी संयन्त्रको विकास गरी कार्यान्वयन गर्ने
१३. सूचक निर्माण गरी सोको आधारमा आवधिक अनुगमन गर्ने
१४. अनुगमन र पृष्ठपोषण प्रणाली कार्यान्वयनमा ल्याउने
१५. तहगत रूपमा अनुगमन प्रणाली विकास गरी कार्यान्वयनमा ल्याउने

### ४.५.९ परीक्षा तथा मूल्याङ्कन

परीक्षा तथा मूल्याङ्कन सिकाइका अभिन्न अङ्ग हुन् । विद्यालय शिक्षाको सुधारका लागि परीक्षा तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन सञ्चालन गरिने कार्य निम्नानुसार रहेका छन् :

१. विद्यार्थी मूल्याङ्कनको राष्ट्रिय ढाँचा तयार गर्ने

२. आधारभूत तहको परीक्षा कक्षा - ८ को अन्तमा स्थानीय तह स्तरीय, माध्यमिक तह कक्षा -१० को अन्तमा प्रदेश स्तरीय र माध्यमिक तह कक्षा-१२ को अन्तमा राष्ट्रिय रूपमा सञ्चालन गर्ने । अन्य कक्षाका परीक्षा विद्यालयस्तरमा सञ्चालन गर्न मापदण्ड बनाई कार्यान्वयमा ल्याउने

३. सिकाइका लागि मूल्याङ्नमा गर्ने पद्धति विकास गरी कार्यान्वयनमा ल्याउने

४. विद्यार्थी मूल्याङ्कन तहगत, कक्षागत, विषयगत तथा शिक्षकगत रूपमा गर्ने पद्धति विकास गरी कार्यान्वयनमा ल्याउने

५. निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिको सबलीकरण गरी विस्तार गर्ने

६. मूल्याङ्कन तथा मूल्याङ्कनका साधनमा विविधता कायम गर्ने

७. शैक्षिक संस्थामा नियमित परीक्षा सञ्चालन गरी वैयक्तिक रूपमा सुधारात्मक परामर्श तथा पृष्ठपोषण सेवा प्रदान गरी नतिजामा सुधार ल्याउने व्यवस्था गर्ने

८. स्तरयुक्त प्रश्नपत्रबाट मूल्याङ्कन गर्ने । प्रश्नपत्र बैङ्कको निर्माण गर्ने । स्तरयुक्त परीक्षाका लागि जनशक्ति विकासमा जोड दिने

९. निर्माणात्मक मूल्याङ्कनमा जोड दिने । मूल्याङ्कनलाई प्रयोगात्मक तथा परियोजनामा आधारित बनाई व्यावहारिक बनाउने

१०. मूल्याङ्कनलाई प्रविधिमा आधारित बनाउने

११. शिक्षक, विद्यालय, स्थानीय तह, प्रदेश र राष्ट्रिय तहमा परीक्षाको नतिजा विश्लेषण गरी सिकाइ सुधारमा प्रयोग गर्ने

१२. विद्यार्थी उपलब्धि परीक्षण आवधिक रूपमा गर्ने

१३. स्तरयुक्त परीक्षा सञ्चालन गर्ने

१४. शिक्षक क्षमता विकास गर्ने

१५. अन्तर्राष्ट्रिय अभ्याससँग आबद्धता गर्ने

१६. नतिजा विश्लेषण गरी शैक्षिक सुधारमा प्रयोग गर्ने प्रणालीको विकास गर्ने

### ४.५.१० शैक्षिक गुणस्तर सुधारका लागि गरिने विविध कार्य

विद्यालय शिक्षाको शैक्षिक गुणस्तरमा सुधारका लागि सञ्चालन गरिने कार्य निम्नानुसार रहेका छन् :

१. गुणस्तर मानक निर्माण गरी कार्यान्वयनमा ल्याउने
२. विषयगत, कक्षागत, तहगत मापदण्ड बनाई कार्यान्वयन गर्ने
३. सिक्दै कमाउँदै कार्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने
४. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन र नियमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न कार्ययोजना बनाई कार्यान्वयनमा लैजाने
५. सिकाइका आधारमा विद्यालयको उपलब्धि मापन गर्ने प्रणाली विकास गर्ने
६. वैकल्पिक सिकाइ र अनलाइन शिक्षा प्रणालीलाई प्रभावकारी बनाउने
७. तीनै तहको सरकारबाट सञ्चालन हुने शैक्षिक क्रियाकलापबिच आपसी समन्वय कायम गरी नतिजा सुनिश्चत गर्ने प्रणालीको विकास गर्न गुणस्तर मापदण्ड बनाई कार्यान्वयन गर्ने
८. दलित, उत्पिडित, अल्पसङ्ख्यक पिछडिएका वर्गको गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्ने
९. विभिन्न आन्दोलनका घाइते, अपाङ्ग एवम् द्वन्द्व पीडितलाई शैक्षिक अवसर प्रदान गर्ने
१०. शिक्षक कर्मचारीका पेसागत समस्या समाधान गर्न स्वचालित संयन्त्र बनाउने
११. नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम मातृभाषामा शिक्षा पाउने प्रबन्ध मिलाउने
१२. शैक्षिक प्रमाणपत्रका आधारमा अनिवार्य ऋण उपलब्ध गराई शैक्षिक बेरोजगारी न्यूनीकरण गर्ने
१३. शैक्षिक ऋणको व्यवस्थापन गर्न कानुनी व्यवस्था गर्ने
१४. एक विद्यालय-एक पुस्तकालय नीति अवलम्बन गरी कार्यान्वयन गर्ने
१५. नागरिक तथा नैतिक शिक्षालाई अनिवार्य गर्ने

१६. हरेक विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने व्यवस्था गरी नतिजाको आधारमा विद्यालयको स्तरीकरण गर्ने
१७. शिक्षकलाई वैदेशिक अध्ययन तथा भ्रमणको अवसर उपलब्ध गराउने
१८. शिक्षकगत सिकाइ सुधार योजना निर्माण गरी कार्यान्वयन ल्याउने
१९. शिक्षकले कक्षा कोठामा विताउने समयलाई सिकाइका केन्द्रित गर्न मापदण्ड बनाई कार्यान्वयन गर्ने
२०. विद्यार्थीको कक्षागत तथा विषयगत सिकाइ उपलब्धि परीक्षण व्यवस्था गर्ने
२१. सिकाइ उपलब्धि कमजोर रहेका विद्यार्थीको सिकाइ उपलब्धि पूरा गराउन थप समय शिक्षकलाई परिचालन गर्ने
२२. अतिरिक्त समय काम गरेबापत शिक्षकलाई थप प्रोत्साहन सुविधा उपलब्ध गराउन मापदण्ड बनाई कार्यान्वयनमा ल्याउने
२३. शिक्षक तथा विद्यार्थीको नियमितता एवम् सक्रियतामा जोड दिन आचारसंहिता बनाई कार्यान्वयन गर्ने
२४. एक शिक्षक एक ल्यापटप, एक कक्षा कोठा एक स्मार्टबोर्ड, प्रोजेक्टर, स्मार्ट टिभी, बुक कर्नर व्यवस्था गर्ने
२५. शिक्षकका लागि शैक्षणिक योजनासहितको डायरी प्रबन्ध गर्ने
२६. खर्चै नलाग्ने तथा थोरै खर्च लाग्ने (नो कस्ट लो कस्ट) कार्यक्रम र शैक्षिक सामग्री निर्माण गर्ने कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्ने
२७. विद्यार्थीहरूमा अनिवार्य आधारभूत सिप विकासका लागि विभिन्न क्रियाकलाप सञ्चालन गर्ने

# खण्ड-५
# उच्च शिक्षा

विद्यालय शिक्षापश्चात् औपचारिक शिक्षा प्रणालीको स्नातकदेखि विद्यावारिधि तहसम्मको शिक्षालाई उच्च शिक्षाको रूपमा लिइएको छ । राष्ट्रलाई चाहिने उच्चस्तरीय जनशक्ति उत्पादन उच्च शिक्षाको माध्यमबाट गरिन्छ । नेपालमा उच्च शिक्षाको सुरुवात वि.सं. १९७५ मा त्रिचन्द्र कलेजको स्थापनाबाट भएको हो । वि.सं. २०१६ मा त्रिभुवन विश्वविद्यालयको स्थापनापछि उच्च शिक्षाको विस्तारले गति लिएको पाइन्छ । शिक्षाप्रतिको बढ्दो आकाङ्क्षा र मागलाई सम्बोधन गर्न हाल ११ ओटा विश्वविद्यालय र छओटा विश्वविद्यालय स्तरका स्वास्थ्यविज्ञान प्रतिष्ठानमार्फत उच्च शिक्षा प्रदान भइरहेको छ । प्रदेशस्तरमा समेत विश्वविद्यालय खुल्न सुरु भएका छन् । सञ्चालित विश्वविद्यालय छुट्टाछुट्टै ऐनबाट स्थापना भएका छन् । विश्वविद्यालयहरूबिच समन्वय गर्ने, नयाँ विश्वविद्यालय स्थापनाका लागि नेपाल सरकारलाई राय सुझाव दिने, विश्वविद्यालयलाई अनुदान वितरण गर्ने, थप अनुदान माग गर्ने विश्वविद्यालयका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने, विश्वविद्यालयहरुको स्तर निर्धारण गरी गुणस्तरयुक्त शिक्षा प्रदान गर्न प्रोत्साहन गर्ने जस्ता कार्यका लागि विश्वविद्यालय अनुदान आयोग रहेको छ । चिकित्सा शिक्षालाई नेपालको राष्ट्रिय आवश्यकताअनुरूप विकास गर्न चिकित्सा शिक्षा आयोग स्थापना भई आयोगबाट चिकित्सा शिक्षासम्बन्धी कार्य सम्पादन भइरहेको छ ।

## ५.१ विद्यमान अवस्था

१. उच्च शिक्षातर्फ हाल नेपालमा १२ ओटा विश्वविद्यालय र छओटा स्वास्थ्य विज्ञान प्रतिष्ठान रहेका छन् । यी विश्वविद्यालय र प्रतिष्ठानअन्तर्गत १५० ओटा आङ्गिक र १२७७ ओटा सम्बन्धन प्राप्त क्याम्पस सञ्चालनमा रहेका छन् । हाल उच्च शिक्षामा कुल ५ लाख ५६ हजार ७ सय ९७ विद्यार्थी अध्ययनरत छन् ।

उच्च शिक्षा प्रदायक विश्वविद्यालय, प्रतिष्ठान, क्याम्पस तथा विद्यार्थी विवरणलाई तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका – ३ : विभिन्न विश्वविद्यालयअन्तर्गतका क्याम्पस तथा विद्यार्थी सङ्ख्या विवरण**

| विश्वविद्यालय | क्याम्पस | | विद्यार्थी सङ्ख्या आर्थिक वर्ष २०७७/७८ | | |
|---|---|---|---|---|---|
| | आङ्गिक | सम्बन्धन प्राप्त | आङ्गिक | सम्बन्धन प्राप्त | जम्मा |
| त्रिभुवन विश्वविद्यालय | ६२ | १०६० | १६१३४१ | २६१३१२ | ४२२६५३ |
| काठमाडौं विश्वविद्यालय | ७ | १७ | ७५२२ | ९३२५ | १६८४७ |
| पूर्वाञ्चल विश्वविद्यालय | ८ | ११५ | ३८९८ | ४४९६० | ४८८५८ |
| नेपाल संस्कृत विश्वविद्यालय | १४ | ११ | २८९५ | १५४ | ३०४९ |
| पोखरा विश्वविद्यालय | ९ | ५८ | ३३११ | २९१७३ | ३२४८४ |
| लुम्बिनी बौद्ध विश्वविद्यालय | २ | ८ | ४८२ | ५२९ | १०११ |
| कृषि तथा वन विज्ञान विश्वविद्यालय | ९ | ७ | ३८१४ | ६१३ | ४४२७ |
| सुदूर पश्चिमाञ्चल विश्वविद्यालय | १५ | - | १३८७३ | ० | १३८७३ |
| मध्य पश्चिमाञ्चल विश्वविद्यालय | १६ | १ | ७८६० | ७९६ | ८६५६ |
| खुला विश्वविद्यालय | १ | - | ९६९ | ० | ९६९ |
| राजर्षि जनक विश्वविद्यालय | १ | - | ३९९ | ० | ३९९ |
| मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय पूर्वाधार विकास समिति | | | ० | ० | ० |
| मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय पूर्वाधार विकास समिति | | | ० | ० | ० |
| विदुषी योगमाया विश्वविद्यालय पूर्वाधार विकास समिति | | | ० | ० | ० |
| नेपाल विश्वविद्यालय पूर्वाधार विकास समिति | | | ० | ० | ० |
| बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | १ | - | १३३४ | ० | १३३४ |
| कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान | १ | - | २६७ | ० | २६७ |
| चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान | १ | - | ९७१ | ० | ९७१ |
| पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान | १ | - | ९२४ | ० | ९२४ |

| | | | | | |
|---|---|---|---|---|---|
| पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान | १ | | ७५ | ० | ७५ |
| राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान | १ | | ० | ० | ० |
| जम्मा | १५० | १२७७ | २०९९३५ | ३४६८६२ | ५५६७९७ |

स्रोतः विश्वविद्यालय अनुदान आयोग, २०७८।

1. *हाल सञ्चालनमा रहेका क्याम्पसमध्ये १०.५८ प्रतिशत आङ्गिक, ५२.१२ प्रतिशत निजी र ३७.३ प्रतिशत सामुदायिक क्याम्पस रहेका छन् ।*
2. *विश्वविद्यालयका आङ्गिक क्याम्पसमा कुल विद्यार्थीको ३७ प्रतिशत र सम्बन्धन प्राप्त क्याम्पसमा ६३ प्रतिशत विद्यार्थी अध्ययनरत रहेका छन् ।*
3. *विभिन्न विधामा विधागत विद्यार्थी भर्नाको अवस्था*
4. *उच्च शिक्षामा विद्यार्थी भर्नाको अनुपात साधारण कार्यक्रममा ७७.८३ प्रतिशत र प्राविधिक कार्यक्रममा २२.१७ प्रतिशत रहेको छ ।*
5. *उच्च शिक्षाको सहजै देखिने भर्ना दर (GER) १५ प्रतिशत रहेको छ । स्नातक तहमा सहजै देखिने भर्ना दर (GER) १८.९१ प्रतिशत र स्नातकोत्तर तहको सहजै देखिने भर्ना दर (GER) ५.५२ प्रतिशत रहेको छ ।*
6. *उच्च शिक्षामा लैङ्गिक समता सूचक (GPI) १.०७ प्रतिशत रहेको छ ।*
7. *शिक्षा क्षेत्रको कुल बजेटमा उच्च शिक्षाको बजेट हिस्सा करिब ११ प्रतिशतको हाराहारीमा रहेको छ (आ.व. २०७८/०७९ को बजेट) ।*
8. *त्रिभुवन विश्वविद्यालयको विद्यार्थी उत्तीर्ण दर २९.२ प्रतिशत रहेको छ ।*

## ५.२ समस्या तथा चुनौती

उच्च शिक्षाको विकास तथा सुधारका लागि विभिन्न नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था रहेका छन् । हाल भएका व्यवस्था र कार्यान्वयन गरिएका कार्यक्रमबाट विभिन्न शैक्षिक सूचकमा सुधार आए पनि समग्ररूपमा अपेक्षित उपलब्धि हासिल गर्न सकिएको छैन । उच्च शिक्षाको क्षेत्रमा रहेका मुख्य मुख्य समस्या तथा चुनौती देहायबमोजिम पहिचान गरिएका छन् :

### ५.२.१ नीतिगत

१. साधारण शिक्षाको बाहुल्य कायमै रहनु

२. अनुसन्धानमा आधारित उच्च शिक्षा प्रणालीको विकास गर्नु

२. उच्च शिक्षालाई योग्यता प्रणालीमा आधारित बनाई लागत साझेदारी (Cost sharing) मा सञ्चालन गर्नु

३. राष्ट्रिय योग्यता प्रारूप तथा गुणस्तर मापदण्ड तयार गरी सोको कार्यान्वयनद्वारा गुणस्तर सुनिश्चितता तथा नियमन गर्नु

४. बढ्दो विदेश पढ्न जाने विद्यार्थी सङ्ख्या एवम् स्वदेशमा विदेशी संस्थाको सम्बन्धनमा सञ्चालित शैक्षिक संस्था बढ्दो अवस्थामा सन्तुलन ल्याउनु

५. उच्च शिक्षालाई प्रतिस्पर्धी र उत्पादनमुखी बनाउनु

६. विदेशी बोर्डहरूको सम्बन्धनमा सञ्चालित उच्च शैक्षिक संस्थाहरूको नियमन गर्नु

७. गुणस्तर सुनिश्चितता र स्तर निर्धारण मापदण्ड विकास र कार्यान्वयन गर्नु

८. छाया शैक्षिक संस्थाहरूको सञ्चालन, व्यवस्थापन र नियमन गर्नु

९. चिकित्सा शिक्षा सञ्चालन गर्ने संस्थाहरूलाई गैरनाफामुखी बनाउनु

१०. वस्तुपरक शुल्क निर्धारण मापदण्ड निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नु

### ५.२.२ संस्थागत

११. त्रिभुवन विश्वविद्यालयकै ढाँचामा अन्य विश्वविद्यालयका पनि कार्यक्रम सञ्चालन हुनु

१२. शासकीय र व्यवस्थापकीय कार्यमा जवाफदेही, पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गरी सुशासन कायम गर्नु

१३. रोजगार खोज्ने होइन रोजगार सिर्जना गर्ने जनशक्ति उत्पादन गर्नु

### ५.२.३ कार्यक्रमगत

१४. प्राविधिक शिक्षाको विस्तार गर्नु

१५. सम्बन्धन प्राप्त उच्च शिक्षा प्रदायक संस्थाको प्रभावकारी नियमन तथा अनुगमन हुनु

१६. शैक्षिक क्यालेन्डरको पालना हुनु

१७. सबै विश्वविद्यालय तथा प्रतिष्ठानबाट उत्पादन हुने जनशक्तिलाई अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी र समकक्षी बनाउनु

## ५.३ राष्ट्रिय उद्देश्य

उच्च शिक्षाको राष्ट्रिय उद्देश्य निम्नानुसार हुने छन् :

- ज्ञानको उत्पादन र प्रयोग, विचारको विकास र परीक्षण, दिगो विकास, राष्ट्रिय विकासका लागि चाहिने जनशक्ति उत्पादन र विश्वव्यापी प्रतिस्पर्धी नागरिक तयार गर्ने
- राष्ट्रिय वा प्रादेशिक आवश्यकता तथा अन्तर्राष्ट्रिय स्तरमा अनुसन्धानात्मक प्रतिस्पर्धा गर्न सक्षम सर्जक तथा दक्ष विषय विज्ञ तयार गर्ने
- राष्ट्रिय स्वास्थ्य सेवाको आवश्यकता पूर्ति गर्नका लागि पेसागत दक्षता र सामाजिक दायित्वबोध भएका विवेकशील स्वास्थ्य जनशक्ति उत्पादन गर्नु तथा न्यायपूर्ण, गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा प्रणाली स्थापना गर्न सघाउनु

## ५.४ रूपान्तरणका क्षेत्र र अपेक्षित उपलब्धि

यस सोचपत्रमा उल्लिखित उच्च शिक्षाका उद्देश्य पूरा गर्न देहायका रूपान्तरणका क्षेत्र पहिचान गरिएका छन् । यस्ता रूपान्तरणका क्षेत्रअन्तर्गत ५, १० र १५ वर्षमा हासिल गर्ने अपेक्षा देहाय बमोजिम रहेका छन् ।

| क्षेत्र | ५ वर्ष | १० वर्ष | १५ वर्ष |
|---|---|---|---|
| पहुँच | ३० प्रतिशत | ५० प्रतिशत | ७५ प्रतिशत |
| विश्वविद्यालय/कलेज | मापदण्ड पूरा गरी स्वायत्त | गुणस्तर सुनिश्चितता प्राप्त<br>अनुसन्धानमुखी | उत्कृष्ट प्राज्ञिक केन्द्र<br>विश्वस्तरीय शैक्षिक केन्द्र |
| विद्यार्थी | डिजिटलमैत्री<br>खोजमुखी<br>अध्ययनशील | स्थानीय राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशअनुकूल<br>योग्य र प्रतिस्पर्धी<br>अनुसन्धान केन्द्रित | विवेकशील सामाजिक दायित्वबोध<br>उच्च सिकाइ उपलब्धि<br>असल नागरिक<br>स्वरोजगारमुखी |

| | | | |
|---|---|---|---|
| शिक्षक | प्राज्ञिक र पेसागत योग्यता प्राप्त, प्रतिस्पर्धाको आधारमा नियुक्ति, डिजिटलमैत्री, क्षमतावान् अनुसन्धानमा संलग्न | अनुसन्धानप्रेमी, शिक्षक सिकाइका नवीनतम विधि र प्रविधिको विकास गर्न सक्षम सिपको प्रयोग गर्न सक्ने | पहिलो रोजाइको पेसा, रोलमोडल शिक्षणमा अनुसन्धानको बाहुल्य सिप आर्जन र प्रयोग गर्न सक्ने |
| सिकाइको अवस्था | अनुसन्धानका कार्यक्रमहरू सञ्चालन, परियोजनामा आधारित, खोजमुखी प्राज्ञिक वातावरणको अनुभव | ज्ञान निर्माण र उत्पादनमा केन्द्रित, उत्पादन र सेवाका क्षेत्रमा आबद्ध प्राज्ञिक वातावरणको सुनिश्चितता | अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धी, अन्तर्राष्ट्रिय विद्यार्थी आकर्षित प्राज्ञिक वातावरणको उच्चतम प्रयोग |

## ५.५ सुधारका कार्य

परिवर्तित मूल्य, मान्यताअनुरूप नीति, संरचना, प्रक्रिया, व्यवहार र मनोवृत्तिमा समयानुकूल परिवर्तन ल्याई शैक्षिक प्रणालीमा नवीनता र सिर्जनात्मकताको प्रवर्धन गराउन समयसीमा निर्धारण गरी विविध सुधारका क्रियाकलाप सञ्चालन गर्नु अपरिहार्य छ ।यसबाट अपेक्षित सुधार हुन सक्छ । उच्च शिक्षाको क्षेत्रमा सुधारका लागि गरिने कार्यलाई देहायबमोजिम प्रस्तुत गरिएको छ :

१. उच्च शिक्षासम्बन्धी छाता ऐनको तर्जुमा गरी कार्यान्वयनमा ल्याउने

२. विश्वविद्यालय अनुदान आयोगलाई सशक्तीकरण गरी नियामक निकायका रूपमा रुपान्तरण गर्ने।

३. विश्वविद्यालयहरूको सङ्गठन संरचनामा परिवर्तन गरी छरितो र चुस्त बनाउने
४. विश्वविद्यालयहरूमा आवश्यक जनशक्ति पदपूर्तिका लागि एउटै सेवा आयोग बनाउने
५. मापदण्ड स्वीकृत गरी केन्द्रीय विश्वविद्यालय तथा प्रादेशिक विश्वविद्यालयमा वर्गीकरण गर्ने
६. मानित विश्वविद्यालयको अवधारणा कार्यान्वयनमा ल्याउने
७. हरेक विश्वविद्यालयका शैक्षिक क्यालेन्डर बनाई लागु गर्ने
८. प्रत्येक शैक्षिक कार्यक्रमका लागि एकल प्रवेश परीक्षा सञ्चालन गर्ने
९. राष्ट्रिय योग्यता प्रणाली (एनक्युएफ) स्थापना गरी कार्यान्वयनमा ल्याउने
१०. निश्चित मापदण्डको आधारमा सङ्काय परिवर्तनका साथै साधारण र व्यावसायिक धार परिवर्तन गर्न पाउने व्यवस्था कार्यान्वयन गर्ने
११. क्रेडिट ट्रान्सफर हुने व्यवस्था गर्ने
१२. सक्षम शिक्षक प्रणाली अपनाउने
१३. विश्वविद्यालयमा अध्यापन अनुमति पत्रको व्यवस्था गर्ने
१४. उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउन प्राध्यापनमा संलग्न व्यक्तिलाई अनुसन्धान अनिवार्य गर्नेः
    क. एक प्राध्यापक एक अनुसन्धान अनिवार्य गर्ने
    ख. अनुसन्धानलाई जर्नलमा प्रकाशन गर्ने व्यवस्था गर्ने
    ग. अनुसन्धानलाई वृत्तिविकाससँग आबद्ध गर्ने
    घ. विभिन्न विश्वविद्यालय मातहतका अनुसन्धान संस्थाहरूलाई सबलीकरण र एकीकरण गरी व्यवस्थित बनाउने।
१५. विभिन्न विश्वविद्यालयबाट उत्पादन हुने जनशक्तिलाई राष्ट्रिय आवश्यकताअनुकूल हुने गरी योजनाबद्ध रूपमा प्रक्षेपण गर्न संयन्त्र बनाई कार्यान्वयनमा ल्याउने
१६. सबै विश्वविद्यालयको भौतिक सम्पत्तिको संरक्षण र सदुपयोग गर्न एकीकृत अभिलेख संयन्त्र बनाउने

१७. मुलुकमा सञ्चालन नभएका विधामा मात्र विदेशी सम्बन्धन प्राप्त कार्यक्रम सञ्चालन गर्ने गरी विश्वविद्यालयसँग सहकार्य गर्ने व्यवस्था गर्ने र विश्वविद्यालय अनुदान आयोगले नियमित अनुगमन गर्ने

१८. सबै शैक्षिक संस्थामा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) अनिवार्य गर्ने

१९. उच्च शिक्षण संस्थाहरूको राष्ट्रिय स्तर निर्धारण गर्ने

२०. विश्वविद्यालय शिक्षाको पाठ्यक्रम, सिकाइ विधि, प्रविधि र प्रक्रियामा समयानुकूल सुधार गर्न समय तालिका निर्माण गरी कार्यान्वयनमा ल्याउने

२१. उच्च शिक्षामा सबैको सहज पहुँच स्थापित गर्न नक्साङ्कनका आधारमा आङ्गिक तथा सामुदायिक क्याम्पसको सङ्ख्या वृद्धि मापदण्डका आधारमा गर्ने

२२. राष्ट्रिय विकास र विश्वविद्यालयबाट हुने अनुसन्धानबिच सम्बन्ध कायम गर्ने

२३. सरकारी कोषबाट गरिने अनुसन्धानलाई विश्वविद्यालयबाट गराउने व्यवस्था गर्ने

२४. उच्च तहमा अध्ययन गर्ने विद्यार्थीलाई निश्चित अवधि सामाजिक सेवामा अनिवार्य संलग्नता गराउने कानुनी व्यवस्था गर्ने

२५. अन्तर्राष्ट्रिय विद्यार्थी आकर्षण हुने खालका पूर्वीय दर्शनमा आधारित उच्च शिक्षाका कार्यक्रम पहिचान गरी सञ्चालन गर्ने

२६. खुला तथा दूर शिक्षा प्रणालीलाई विस्तार एवम् प्रवर्द्धन गर्ने

२७. खुला विश्वविद्यालयको कार्यक्रमलाई थप विस्तार गर्ने

२८. सबै शिक्षण सिकाइ क्रियाकलाप तथा कार्यक्रममा प्रविधिको प्रयोग गर्ने

२९. परीक्षा प्रणालीमा सुधारका लागि प्रविधिको प्रयोग, नतिजा विश्लेषण र प्रयोग गर्ने

३०. अनुगमन तथा नियन्त्रण प्रणालीलाई व्यवस्थित गरिने

३१. प्रविधि र सूचकमा आधारित अनुगमनमा जोड दिने

३२. उच्च शिक्षाको विधा छनोट बजारको माग र आवश्यकताका आधारमा गर्ने
३३. राष्ट्रिय प्राथमिकताका आधारमा कृषि तथा वन, पर्यावरण, विज्ञान तथा प्रविधि, चिकित्सा विज्ञान, आयुर्वेद, पर्यटन, इजिनियरिङ, जलविद्युत्, नवीकरणीय ऊर्जा, उद्योग तथा व्यापारलगायतका प्राविधिक विषय क्षेत्रलाई उच्च शिक्षामा सम्बद्ध गरी बाहिर जाने जनशक्तिलाई देशमा नै रहने वातावरण सिर्जना गर्न कार्यमूलक एवम् रोजगारमूलक उच्च शिक्षाको विकास र विस्तारमा प्राथमिकता दिने
३४. उच्च शिक्षामा प्रवेश गर्ने जनशक्तिको पूर्वयोग्यता परीक्षा प्रणाली कार्यान्वयन गर्ने
३५. विदेशी विश्वविद्यालयमा अध्यापन गर्ने जनशक्ति नेपाली विश्वविद्यालयमा भित्र्याउन उत्प्रेरित गर्ने
३६. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासमा औद्योगिक प्रशिक्षार्थी कार्यक्रम विस्तार गर्न तथा विद्यालय, शिक्षालय, तालिम प्रदायक सङ्घ-संस्था र शिक्षार्थीका लागि आर्थिक सहजीकरणका लागि औद्योगिक प्रशिक्षार्थी सहुलियत ऋण उपलब्ध गराउन सिप विकास बैङ्कको अवधारणा लागु गर्ने
३७. उच्च शिक्षालाई अनुसन्धानमुखी बनाउँदै सिपलाई उत्पादन र रोजगारमा जोड्दै वैज्ञानिक, प्राविधिक र व्यावसायिक बनाउने
३८. सक्षमतामा आधारित पाठ्यक्रम विकासमा जोड दिने
३९. शिक्षण अभ्यासलाई व्यावहारिक बनाउने
४०. सबै कार्यक्रममा अध्ययन अनुसन्धानमा जोड दिने
४१. विश्वविद्यालय तथा क्याम्पसको भौतिक पूर्वाधार निर्माणमा जोड दिने
४२. अध्ययन, अनुसन्धान तथा वस्तुगत आवश्यकताका आधारमा मात्र शिक्षासम्बन्धी संस्थाको स्थापना र विस्तार गर्ने
४३. वैज्ञानिक प्रक्षेपणको आधारमा शैक्षिक कार्यक्रमको सिट सङ्ख्या तोक्ने
४४. उच्च शिक्षाका सबै विधा र तहमा योग्यताका आधारमा मात्र भर्ना गर्ने

४५. उच्च शिक्षाका संस्थारबिच भर्ना, परीक्षा, पाठ्यक्रम, शिक्षण विधि तथा मूल्याङ्कन विधिमा सामञ्जस्यता कायम गर्ने
४६. शैक्षिक क्यालेन्डर बनाई कार्यान्वयन गर्ने
४७. प्राज्ञिक, नैतिक, सामाजिक, अन्तरवैयक्तिक एवम् भावनात्मक बौद्धिकता भएका सक्षम र दक्ष व्यक्तिलाई मात्र शिक्षकमा छनोट गर्ने
४८. यथार्थका आधारमा वस्तुपरक शुल्क निर्धारण र कार्यान्वयन गर्ने । उच्च शिक्षा अध्ययनका लागि सहुलियतपूर्ण शैक्षिक कर्जाको व्यवस्था गर्न कानुनी व्यवस्था गर्ने
४९. छात्रवृत्ति तथा निःशुल्क शिक्षाको अवसर पाएका व्यक्तिलाई निश्चित अवधिभर अनिवार्य सेवा गर्नुपर्ने व्यवस्थालाई कार्यान्वयन गर्ने
५०. अनुसन्धान केन्द्रलाई स्रोत, साधन एवम् अधिकार सम्पन्न बनाउने
५१. प्रविधियुक्त एवम् सशक्त अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गर्ने
५२. नेपालको मौलिक चिकित्सा प्रणालीको रूपमा रहेको आयुर्वेद चिकित्साको विकासका लागि आयुर्वेदलाई चिकित्सा प्रणालीमा मूलप्रवाहीकरण गर्ने
५३. गुणस्तरको मापदण्ड बनाई कार्यान्वयनमा ल्याउने
५४. प्राज्ञिक वातावरणको मापदण्ड बनाई कार्यान्वयनमा लैजाने
५५. पुस्तकालय र प्रयोगशालाको मापदण्ड बनाई कार्यान्वयन गर्ने
५६. स्वयम्सेवालाई अनिवार्य गर्ने
५७. उच्च शिक्षामा विद्यालय शिक्षापछि (पोस्ट सेकेण्डरी एजुकेसन) का कार्यक्रम सञ्चालन गर्ने

# खण्ड-६
# प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम

विद्यार्थीलाई प्राविधिक तथा व्यावसायिक ज्ञान र सिप प्रदान गरी शिक्षालाई जीवनोपयोगी बनाउने उद्देश्यले नेपालमा वि.सं. २००४ मा आधार स्कुलबाट नै प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात भएको पाइन्छ । राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ अनुसार आधारभूत विद्यालयलाई विस्थापन गरी बहुउद्देश्यीय विद्यालयको माध्यमबाट व्यावसायिक शिक्षा दिने व्यवस्था गरिएको थियो । बहुउद्देश्यीय माध्यमिक विद्यालय कार्यक्रम नयाँ भए तापनि पुरानै पद्धतिमा आधारित थियो । वि.सं. २०२८ मा सुरु भएको राष्ट्रिय शिक्षा पद्धितिको योजना २०२८-२०३२ ले देशका सबै साधारण माध्यमिक विद्यालयलाई व्यावसायिक विद्यालयको स्वरूप प्रदान गऱ्यो । यस यजनाले व्यावसायिक विषयलाई समेत अनिवार्य विषयको रूपमा पाठ्यक्रममा समावेश गऱ्यो।

देशमा आधारभूत तथा मध्यमस्तरका प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षालय नीति सन् १९७९ देखि अवलम्बन गरियो । सन् १९८० मा प्राविधिक शिक्षालय योजना लागु गरियो । सन् १९८२ मा राष्ट्रिय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम समिति गठन गरिएको थियो । प्राविधिक शिक्षालयको व्यवस्थापन तथा प्रशासनिक कामकाजका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा निर्देशनालय स्थापना गरिएकामा वि.सं. २०४५ मा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन २०४५ पारित भई देशमा प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तारका लागि प्राविधिक तथा व्यावसायिक तालिम परिषद्को स्थापना भयो । हाल परिषद्का आङ्गिक शिक्षालय विभिन्न साझेदारीमा सञ्चालित कार्यक्रम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम र निजी स्तरबाट सञ्चालित शिक्षण संस्थामार्फत विभिन्न प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रम सञ्चालन भइरहेका छन् ।

सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा वि.सं. २०७० बाट सञ्चालन हुन सुरु भएको थियो । शिक्षा मन्त्रालयले तत्कालीन शिक्षा विभागमार्फत् सामुदायिक विद्यालयमा कक्षा नौबाट प्राविधिक शिक्षा सञ्चालन गर्ने निर्णय गरी विद्यालयमा प्राविधिक शिक्षाको पन पाठन प्रारम्भ भएको थियो । हाल मन्त्रालयअन्तर्गतका प्राविधिक धारमा इन्जिनियरिङतर्फ सिभिल, इलेक्ट्रिकल, कम्प्युटर र कृषि तथा पशु विज्ञानतर्फ बाली विज्ञान र पशु विज्ञानका कार्यक्रम सञ्चालनमा छन् । हाल प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत शिक्षालयमा छुट्टाछुट्टै पाठ्यक्रमका आधारमा प्राविधिक शिक्षा सञ्चालन हुँदै आएका छन् ।

## ६.१ विद्यमान अवस्था

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत ६३ ओटा आङ्गिक शिक्षालय, ४२ ओटा साझेदारी स्वरूपमा सञ्चालनमा रहेका शिक्षालय, ५७२ ओटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२९ ओटा लामो अवधिको कार्यक्रम सञ्चालन गर्न सम्बन्धन प्राप्त निजी शिक्षालय र १,३७० ओटा छोटो अवधिको तालिम सञ्चालन गर्न स्वीकृति लिएका निजी संस्थामार्फत विभिन्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम सञ्चालन भइरहेका छन् (प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, २०७८)। ती संस्थामा कुल ३५,९५० विद्यार्थी भर्ना भएका छन् ।हाल देशभरका ७५३ स्थानीय तहमध्ये ६५५ स्थानीय तहमा प्राविधिक शिक्षाको पहुँच पुगेको छ ।

## ६.२ समस्या तथा चुनौती

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी विद्यमान कानुनी संस्थागत तथा कार्यक्रमिक व्यवस्था र त्यसको कार्यान्वयनबाट विभिन्न शैक्षिक सूचकमा सुधार आए पनि अपेक्षित उपलब्धि हासिल गर्न विभिन्न कठिनाइ देखिएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा रहेका मूलभूत चुनौती देहायबमोजिम पहिचान गरिएका छन् :

### ६.२.१ नीतिगत

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमको बजारसँग तालमेल हुनु
२. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रममा सबै वर्ग क्षेत्र र समुदायमा समतामूलक पहुँच स्थापित गर्नु
३. राष्ट्रिय योग्यता प्रारूप (एनभिक्युएफ) कार्यान्वयन गर्नु
४. एकीकृत कानुन तथा गुणस्तर सुनिश्चितता मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्नु
५. उद्यमशीलता र नवप्रवर्तनात्मक सक्षमता विकास गर्नु
६. सेवामूलक निजी क्षेत्र र सामाजिक उद्यमी आकर्षित गर्नु
७. अध्ययन अनुसन्धान गरी माग र आपूर्तिको प्रक्षेपण गर्नु

### ६.२.२ संस्थागत

८. इच्छुक सबै विद्यार्थी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रममा भर्ना हुन पाउनु
९. दक्ष शिक्षक र प्रशिक्षक व्यवस्था गर्नु
१०. व्यावहारिक र प्रयोगात्मक अभ्याससहित गुणस्तर र सान्दर्भिकता वृद्धि गर्नु
११. पाठ्यक्रम तथा शैक्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा एकरूपता कायम गर्नु

### ६.२.३ कार्यक्रमगत

१२. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रममा शिक्षकलाई टिकाउनु
१३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको एकीकत व्यवस्थापन सूचना प्रणाली प्रभावकारी बनाउनु
१४. श्रम बजारको माग र आपूर्तीको नक्साङ्कन (म्यापिङ) गरी सो का आधारमा कार्यक्रम सञ्चालन गर्नु
१५. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमसँग अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसँग एकीकृत गर्नु

## ६.३ राष्ट्रिय उद्देश्य

(क) समाज र राष्ट्रको विकासको आवश्यकताअनुरूप दक्ष र सिपयुक्त जनशक्ति उत्पादन गर्ने

(ख) आर्थिक रूपले सक्रिय उमेरसमूहका सबै युवाका लागि प्रवर्तनात्मक र उद्यमशीलतामा आधारित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासको अवसर सुनिश्चित गरी समाज र राष्ट्रको विकासको आवश्यकताअनुरूप दक्ष र सिपयुक्त जनशक्ति उत्पादन गर्ने

## ६.४ रूपान्तरणका क्षेत्र र अपेक्षित उपलब्धि

यस सोचपत्रमा उल्लिखित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका उद्देश्य पूरा गर्न देहायका रूपान्तरणका क्षेत्र पहिचान गरिएका छन् ।यस्ता रूपान्तरणका क्षेत्रअन्तर्गत ५, १० र १५ वर्षमा हासिल गर्ने अपेक्षा देहाय बमोजिम रहेका छन् ।

| क्षेत्र | ५ वर्ष | १० वर्ष | १५ वर्ष |
|---|---|---|---|
| पहुँच (जम्मा विद्यार्थीमा) | ४० प्रतिशत | ६० प्रतिशत | ७५ प्रतिशत |
| शिक्षालय | न्यूनतम मापदण्ड पूरा | न्यूनतम गुणस्तर मापदण्ड पूरा | व्यावहारिक अभ्यासको अन्तर्राष्ट्रिय गुणस्तर कायम |
| विद्यार्थी | प्राविधिक शिक्षामा विद्यार्थीको आकर्षण सिप विकासमा संलग्न | श्रमको सम्मान | सिपवान्र जनशक्तिको विकास |
| शिक्षक/प्रशिक्षक | योग्य र तालिम प्राप्त सूचना प्रविधिमैत्री गतिशील सक्षम | प्रशिक्षण अनुमति प्राप्त | आफैँ पाठ्यसामग्री विकास र प्रयोग गर्न सक्षम र स्वायत्त |
| सिकाइको अवस्था | समान पाठ्यक्रम; आधुनिक सूचना प्रविधिको प्रयोग; प्रविधियुक्त शिक्षण प्रशिक्षण | सान्दर्भिक र उपयोगी शिक्षाको सर्वसुलभता | श्रम बजारको आवश्यकतानुसार स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको गुणस्तरीय र प्रतिस्पर्धी शिक्षा र सिप विकास |

## ६.५ सुधारका कार्य

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा अपेक्षित सुधारका लागि गरिने कार्यलाई देहायबमोजिम प्रस्तुत गरिएको छ :

१. प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका लागि गुरुश्रयोजना निर्माण गरी कार्यान्वयनमा ल्याउने

२. राष्ट्रिय योग्यता प्रारूप तथा राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप (एनभिक्युएफ) सम्बन्धी कानुनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउने

३. नक्साङ्कनको आधारमा शैक्षिक संस्था तथा तालिम केन्द्र एवम् कार्यक्रम स्थापना र सञ्चालन गर्ने

४. प्राविधिक माध्यमिक तहमा एउटै पाठ्यक्रम व्यवस्था गर्ने

५. प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास तथा विस्तारमा रोजगारदाता तथा उद्योगीको संलग्नता बढाउन संयन्त्र बनाउने

६. व्यक्तिको रुचि, क्षमता र चाहना एवम् श्रम बजारको माग र आवश्यकतालाई दृष्टिगत गरी स्थानीय स्तरमै प्राविधिक सिप विकासका अवसर उपलब्ध गराउन संयन्त्र बनाउने

७. परम्परागत सिपहरूलाई आधुनिकीकरण गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने

८. निश्चित वर्गलाई निःशुल्क सिप हासिल गराउने गरी सरकारी स्तरबाट आवासीय सुविधासहितका प्राविधिक शिक्षालय वा सिप विकास केन्द्र स्थापना गर्ने

९. निजी ट्रेड स्कुल एवम् प्रतिष्ठानलगायत शिक्षालय तथा सिप विकास केन्द्र स्थापना तथा सम्बन्धनका लागि सूचकसहितको मापदण्ड विकास र कार्यान्वयन गर्ने

१०. सिप परीक्षण केन्द्रको आधुनिकीकरण गरी प्रविधिमैत्री बनाउने

११. सिप परीक्षण केन्द्रलाई विस्तार गरी हरेक प्रदेशमा एक-एक गरी सातओटा पुऱ्याउने

१२. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम सञ्चालन गर्ने संस्थाका लागि गुणस्तर प्रत्यायन प्रमाणपत्र अनिवार्य गर्ने

१३. आधारभूत तह कक्षा ८ पछि विद्यार्थीलाई सिप विकासमा आकर्षित गराउन निःशुल्क परामर्श सेवा सञ्चालन गर्ने प्रणालीको विकास गर्ने
१४. भौतिक पूर्वाधार विकासमा जोड दिइने
१५. व्यावहारिक अभ्यास शिक्षणमा जोड दिने
१६. प्रयोगशालालाई सुविधा सम्पन्न बनाउने
१७. प्रशिक्षकहरूका लागि प्रशिक्षण अनुमति पत्रको व्यवस्था गर्ने
१८. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा सम्बद्ध प्रशिक्षक, व्यवस्थापक, सुपरिवेक्षक, मूल्याङ्कनकर्ताको नियमित क्षमता विकास गर्ने
१९. सिप विकासलाई अभियानका रूपमा सञ्चालन गर्ने
२०. स्वरोजगार र उद्यमशीलताका लागि सहुलियत ऋणको व्यवस्था गर्न कानुनी व्यवस्थासहित संयन्त्र बनाउने
२१. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासमा शिक्षा बजेटको कम्तीमा पाँच प्रतिशत लगानी गर्ने
२२. लक्षित वर्गका लागि योग्यतामा आधारित छात्रवृत्तिको व्यवस्था गर्न विद्यार्थी सङ्ख्याको दश प्रतिशत सिट निर्धारण गर्ने
२३. दक्ष प्राविधिक जनशक्तिमार्फत कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्न एकीकृत प्रणाली विकास गर्ने
२४. प्रत्येक स्थानीय तहमा सिप विकास तालिम केन्द्र तथा प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच स्थापित गर्ने
२५. मापदण्डका आधारमा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षाको पढाइ सञ्चालन गर्ने
२६. मापदण्डका आधारमा प्रत्येक सामुदायिक विद्यालयमा एउटा प्राविधिक धारको शिक्षा सञ्चालन गर्ने
२७. विद्यालय शिक्षाको पहुँचबाट बाहिर रहेका वा विद्यालय शिक्षामा नजोडिएका युवालाई सिप विकासका अवसर उपलब्ध गराई रोजगारी र स्वरोजगारीसँग जोड्ने

२८. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासमा पहुँच र अवसरमा व्यापकता ल्याउन तथा सार्वजनिक, सहकारी र औद्योगिक तथा निजी क्षेत्रसँग सहकार्य गरी कार्यस्थलको सिकाइसहित रोजगार सुनिश्चित गर्न औद्योगिक प्रशिक्षार्थी कार्यक्रम (Apprenticeship) सञ्चालन गरिने

२९. बहुआयामिक गरिबीको क्षेत्रभित्र परेका, बहुवञ्चितीकरणमा परेका (Multiple Disadvantaged), आर्थिक-सामाजिक रूपमा पछाडि परेका, अपाङ्गता भएका र औपचारिक शिक्षा हासिल गर्ने अवसरबाट वञ्चित नागरिकका लागि आवश्यकताका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासको समन्यायिक अवसर प्रदान गर्न विद्यार्थी वित्तीय सहायता प्रणाली लागु गर्ने

३०. विद्यार्थीको आर्थिक भार कम गर्न पढ/सिक, कमाउ र तिरको अवधारणा (स्किम) कार्यान्वयन गर्ने

३१. सिप तालिम प्राप्त जनशक्तिलाई सिप र दक्षता उल्लेख भएको सिप-राहदानी (Skills Passport) उपलब्ध गराउने व्यवस्था गर्ने

३२. नागरिकले विभिन्न माध्यमबाट प्राप्त गरेका सिपको पहिचान गरी पूर्व सिकाइ अनुभव (Recognition of prior learning-RPL) को प्रमाणीकरण कार्यक्रम सञ्चालन गर्ने

३३. स्थानीय तहको सहकार्यमा सिप नक्साङ्कन कार्यक्रम कार्यान्वयन गर्ने

३४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा उच्चस्तरीय जनशक्ति उत्पादन गर्न प्राविधिक विश्वविद्यालय सञ्चालन गर्ने

३५. प्रदेशलाई एकाइ मानी राष्ट्रिय विज्ञान माध्यमिक विद्यालयको विकास गर्ने

३६. डिप्लोमा तहका कार्यक्रम विद्यालय शिक्षा (कक्षा १२) पश्चात् मात्र अध्ययन गर्ने व्यवस्था गर्ने

# खण्ड-७
# अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा

राष्ट्रिय शिक्षा आयोग, २०११ को प्रतिवेदनले प्रौढ साक्षरता कार्यक्रमलाई जोड दिन सिफारिस गरेपछि वि.सं.२०१३ देखि योजनाबद्ध रूपमा अनौपचारिक प्रौढ साक्षरता कार्यक्रम सञ्चालनमा ल्याइएको हो । साक्षरता शिक्षालाई जीवनपद्धतिसँग आबद्ध गर्न जरुरी महसुस गर्दै वि.सं. २०२२ देखि कार्यमूलक साक्षरताको अवधारणालाई पनि समावेश गरियो । राष्ट्रिय शिक्षा पद्धितिको योजना, २०२८ को मध्यावधि मूल्याङ्कनपछि साक्षरता कार्यक्रमलाई अझ व्यापक बनाइयो। शिक्षा मन्त्रालयमा २०३७ सालदेखि प्रौढ शिक्षा शाखा स्थापना गरी साक्षरता शिक्षालाई संस्थागत संरचनामार्फत विस्तार गरियो । अनौपचारिक क्षेत्रमा देखिएका चुनौतीको सम्बोधनका लागि अनौपचारिक शिक्षा नीति, २०६३ कार्यान्वयन गरियो ।निरक्षरता उन्मूलनका लागि वि.सं. २०४५, वि.सं. २०६५ र वि.सं. २०६९ मा राष्ट्रिय साक्षरता अभियान कार्यक्रम सञ्चालन गरियो ।

अनौपचारिक शिक्षाको क्षेत्रमा साक्षरता कार्यक्रम, साक्षरता अभियान, आधारभूत प्रौढ साक्षरता, महिला साक्षरता प्रथम, महिला साक्षरता दोस्रो, निरन्तर शिक्षा, सामुदायिक सिकाइ केन्द्र, आयआर्जन कार्यक्रम, अनौपचारिक प्रौढ शिक्षा कार्यक्रम, अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम, प्राथमिक शिक्षा विस्तार कार्यक्रम, विद्यालय बाहिरका बालबालिकाका लागि शिक्षा कार्यक्रम आदि सञ्चालन भएका छन् । साक्षर नेपाल अभियान सञ्चालन गरी साक्षर स्थानीय तह तथा साक्षर जिल्ला घोषणा कार्य जारी रहेको छ । ६१ वटा जिल्ला साक्षर जिल्ला घोषित भइसकेका छन् । सङ्घीयता कार्यान्वयन हुनु अघि अनौपचारिक शिक्षा केन्द्रमार्फत अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाका कार्यक्रमहरू सञ्चालन हुँदै आएकोमा हाल केन्द्र खारेज भएको छ । हाल स्थानीय तहबाट अनौपचारिक शिक्षाको सञ्चालन व्यवस्थापन भइरहेको छ ।

## ७.१ विद्यमान अवस्था

१. हालसम्म ५६ जिल्ला र २ प्रदेश (बागमती र गण्डकी) साक्षर घोषणा भएका छन् । १५ वर्ष भन्दा माथि उमेर समूहमा महिला ५९.७ प्रतिशत पुरुष ७८.६ प्रतिशत गरी कुल ६७.९ प्रतिशत साक्षर रहेका छन् **(UNESCO, 2018)** ।१५-२४ वर्ष उमेर समूहमा महिला ९०.९ प्रतिशत पुरुष ९४ प्रतिशत गरी कुल ९२.४ प्रतिशत साक्षर रहेका छन् **(UNESCO, 2018)** ।प्रौढ साक्षरता (१५-६० वर्ष) ८२ प्रतिशत पुगेको छ **(Literate Nepal Year, 2019)** ।

२. समुदायको आवश्यकताअनुसार साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ तथा सामुदायिक विकास कार्यक्रम पहिचान, व्यवस्थापन, कार्यान्वयन तथा समन्वय र सामुदायिक सूचना केन्द्रसमेतको कार्य गर्न हाल देशभर २ हजार १ सय ५१ सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन् ।

## ७.२ समस्या तथा चुनौती

अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको क्षेत्रमा विद्यमान रहेका समस्या तथा चुनौती निम्नानुसार पहिचान गरिएका छन् :

### ७.२.१ नीतिगत

१. साक्षर नेपाल घोषणा गरी जीवनपर्यन्त सिकाइको निरन्तरता दिनु

२. जीवनपर्यन्त सिकाइ र अनौपचारिक शिक्षाको निम्ति स्पष्ट संरचनाको व्यवस्था गर्नु

३. अनौपचारिक शिक्षाको लक्ष्य, उद्देश्य र कार्यक्षेत्र स्पष्ट गर्नु

४. अनौपचारिक शिक्षा सञ्चालनको नमुना, ढाँचा र कार्यक्रम बारम्बार परिवर्तन नहुने वातावरण मिलाउनु

### ७.२.२ संस्थागत

५. सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक तथा निरन्तर शिक्षाको केन्द्रको रूपमा विकास गर्नु

६. जीवनपर्यन्त शिक्षाका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास गर्नु

७. राष्ट्रिय योग्यता प्रारूप (एनक्यएफ) को कार्ययोजना सहित कार्यान्वयनमा लैजानु

### ७.२.३ कार्यक्रमगत

८. पठन संस्कृतिको विकास गर्नु
९. अनौपचारिक शिक्षा प्राथमिकतामा राख्नु
१०. सहभागी अनुकूल सिकाइ सामग्री, कक्षा सञ्चालन विधि, प्रविधि र पाठ्यक्रमको व्यवस्था गर्नु

### ७.३ राष्ट्रिय उद्देश्य

अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको राष्ट्रिय उद्देश्य निम्नानुसार हुने छन् :

शिक्षाको अवसर विस्तार गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्नु

### ७.४ रूपान्तरणका क्षेत्र र अपेक्षित उपलब्धि

यस सोचपत्रमा उल्लिखित अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाका उद्देश्य पूरा गर्न देहायका रूपान्तरणका क्षेत्र पहिचान गरिएका छन् ।यस्ता रूपान्तरणका क्षेत्रअन्तर्गत आगामी ५, १० र १५ वर्षमा हासिल गर्ने अपेक्षाहरु देहाय बमोजिम रहेका छन् ।

| क्षेत्र | ५ वर्ष | १० वर्ष | १५ वर्ष |
|---|---|---|---|
| कक्षा | सिकारुको आवश्यकता पहिचान गरी कक्षा सञ्चालन | सिकारुको माग र सहभागितामा कक्षा सञ्चालन व्यवस्थापन | सिकारुको स्वव्यवस्थापनमा कक्षा सञ्चालन |
| सिकारु | सबै साक्षर<br>वित्तीय साक्षर | निरन्तर शिक्षाप्रति जागरुक,<br>डिजिटल साक्षर | आजीवन सिकाइप्रति स्वउत्प्रेरित |
| शिक्षक | सिकारुअनुकूल तालिम प्राप्त | सिकारुको आवश्यकताअनुकूल स्वसिकाइ व्यवस्था गर्न सक्ने | भूगोल, आवश्यकता र सिकारुअनुकूल पाठ्यक्रम पाठ्यसामग्री विकास गर्न सक्ने |
| सिकाइको अवस्था | निरन्तर सिकाइ केन्द्रित | आयआर्जन केन्द्रित | उद्यमशीलताकेन्द्रित, आजीवन सिकाइ संस्कृतिको विकास |
| सामुदायिक अध्ययन केन्द्र | मापदण्डअनुरूप सञ्चालित,<br>न्यूनतम पूर्वाधार निर्माण | योजना निर्माण र कार्यक्रम सञ्चालनमा दक्ष | जीवनपर्यन्त सिकाइको केन्द्र |

## ७.५ सुधारका कार्य

परिवर्तित मूल्य, मान्यताअनुरूप नीति, संरचना, प्रक्रिया, व्यवहार र मनोवृत्तिमा समयानुकूल परिवर्तन ल्याई शैक्षिक प्रणालीमा नवीनता र सिर्जनात्मकताको प्रवर्धन गराउन समयसिमा निर्धारण गरी रणनीतिक सुधारका क्रियाकलाप सञ्चालन गर्नु अपरिहार्य छ ।यसबाट अपेक्षित सुधार हुन सक्छ । अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको क्षेत्रमा सुधारका लागि गरिने कार्यलाई देहायबमोजिम प्रस्तुत गरिएको छ :

१. साक्षरोत्तर अभियान सञ्चालन गर्ने
२. जीवनपर्यन्त शिक्षालाई सिकाइ संस्कृतिको रूपमा विकास गर्न पुस्तकालय स्थापना र सञ्चालन गर्ने
३. स्थानीय तहमा आमासमूह, युवा क्लब आदिको अपनत्वमा निरन्तर शिक्षाका अवसर विस्तार गर्न विभिन्न क्रियाकलाप सञ्चालन गर्ने
४. सामुदायिक सिकाइ केन्द्रलाई जीवनपर्यन्त सिकाइ तथा निरन्तर शिक्षाको केन्द्रको रूपमा विकास गर्ने
५. कार्यक्रम सञ्चालन, सामग्री विकास तथा अनुगमन मूल्याङ्कनमा सरकारी तथा गैरसरकारी संस्थाबिच समन्वय र सहकार्य गर्ने
६. साक्षरताको परिभाषालाई समयसापेक्ष रूपमा परिमार्जन गर्ने
७. डिजिटल साक्षरताका कार्यक्रम सञ्चालन गर्ने
८. माध्यमिक तहसम्म अनौपचारिक विद्यालय विस्तार गर्ने । खुला विश्वविद्यालयमार्फत उच्च शिक्षाको अवसर उपलब्ध गराउने
९. राष्ट्रिय योग्यता प्रणाली (National Qualifications System) आबद्ध गर्ने
१०. अनौपचारिक क्षेत्रमा विद्यमान सिपहरूको अभिलेखीकरण, सिप परीक्षण र प्रमाणीकरण गर्ने कार्यविधि, प्रक्रिया र संयन्त्रलाई सुदृढ गर्ने
११. आधारभूत सुविधासहितको वाचनालय, पुस्तकालय र विद्युतीय-पुस्तकालय सेवा विस्तार गर्ने
१२. सिप विकास र निरन्तर शिक्षालाई जोड्ने
१३. पठन संस्कृतिको विकास गर्न विद्यालय तहदेखि नै विविध क्रियाकलाप सञ्चालन गर्ने
१४. समुदाय तहसम्म पुस्तकालय स्थापना गर्ने

# खण्ड-८
# विविध

## ८.१ विद्यमान अवस्था

१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत तीनओटा पुस्तकालय (केशर पुस्तकालय, नेपाल राष्ट्रिय पुस्तकालय र डिल्लीरमण कल्याणी रेग्मी पुस्तकालय) सञ्चालमा रहेका छन् । विद्यालय, उच्च शिक्षा सञ्चालन गर्ने शैक्षिक संस्थाका साथै जनस्तरबाट समेत पुस्तकालय सञ्चालनमा रहेका छन् ।

२. माध्यमिक शिक्षाको कक्षा दश ( एसइई) र माध्यमिक शिक्षाको अन्त्यमा हुने कक्षा बाह्रको परीक्षा (एसएलसिई) सञ्चालन व्यवस्थापन गर्न राष्ट्रिय परीक्षा बोर्ड रहेको छ । कक्षा दशको परीक्षा प्रदेश तहमा र १२ को परीक्षा केन्द्रीय तहबाट सञ्चालन गरिएका छन्। राष्ट्रिय परीक्षा बोर्डका सातओटा प्रदेश कार्यालयहरू र पाँचओटा शाखा कार्यालय रहेका छन् ।

३. नेपालभरिका सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा शिक्षक तथा कर्मचारी पदको नियुक्ति र बढुवाको सिफारिस गर्न शिक्षक सेवा आयोग रहेको छ । यसले आर्थिक वर्ष २०६१।०६२ देखि खुला विज्ञापनमार्फत प्रतिस्पर्धाका आधारमा शिक्षक छनोट गरी नियुक्तिका लागि सिफारिस गरिरहेको छ । त्यस्तै गरी आयोगले शिक्षकको अध्यापन अनुमतिपत्रका लागि विभिन्न समयका विज्ञापनमार्फत तीनओटै तहको अध्यापन अनुमतिपत्र समेत वितरण गर्दै आएको छ ।

४. सामुदायिक विद्यालयका स्थायी शिक्षकहरूको व्यक्तिगत विवरण राख्ने कार्य राष्ट्रिय किताबखाना (शिक्षक) ले गर्छ । यसले नीति निर्मातालाई शिक्षकसम्बन्धी आवश्यक विवरण एवम् तथ्याङ्क उपलब्ध गराउनुका साथै सेवाबाट अलग भएका शिक्षकलाई निवृत्तभरण, उपदान, पारिवारिक निवृत्तभरण पारिवारिक वृत्ति, शैक्षिक भत्ता तथा सन्तति वृत्ति, बिरामी बिदा (अस्थायी अवधिको समेत) को रकम जस्ता सेवा, सुविधा प्रदान गर्ने कार्य गर्छ ।

५. मुलुकभर सञ्चालित सामुदायिक विद्यालय मध्ये ५१.२५ प्रतिशत विद्यालयमा कम्प्युटर सुविधा उपलब्ध भएको छ। उक्त विद्यालयमध्ये ३३ प्रतिशत विद्यालयले शिक्षण सिकाइ क्रियाकलापमा सूचना प्रविधिको प्रयोग गर्दै आएका छन् (शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७८) ।

## ८.२ समस्या तथा चुनौती

शिक्षामा देहायका अन्तरक्षेत्रगत चुनौती देखिएका छन्:

१. आम नागरिकको पहुँचमा पुस्तकालय विस्तार गर्नु
२. शिक्षामा लगानी थप गर्नु
३. पठन संस्कृतिको विकास र विस्तार गर्नु
४. सिकाइलाई प्रविधिसँग जोड्दै लैजानु
५. दिगो लगानी स्रोत पहिचान गर्नु
६. हरेक क्षेत्रको गुरुयोजना बनाई कार्यान्वयनमा लैजानु
७. विज्ञान र प्रविधिलाई उपयोग गर्नु
८. सबैको पहुँचमा लैजानु
९. मन्त्रालयसम्बद्ध परीक्षा बोर्ड तथा कार्यालयको एकीकृत सङ्गठनात्मक स्वरूप निर्धारण गर्नु
१०. राष्ट्रिय किताबखाना (शिक्षक) को सेवालाई सरल र प्रभावकारी बनाउनु
११. शिक्षक सेवा आयोगको क्षमता अभिवृद्धि गरी सेवाको गुणस्तर सुनिश्चित गर्नु
१२. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिमको संस्थागत संरचना सुधार र गुणस्तर सुनिश्चित गर्नु

# खण्ड-९
# शिक्षामा लगानी

गुणस्तरीय शिक्षाका लागि पर्याप्त लगानी आवश्यकता पर्छ । नेपालमा शिक्षा क्षेत्रमा सरकार, घरपरिवार, सामाजिक धार्मिक सङ्घसंस्था आदिबाट हुँदै आएको पाइन्छ । नेपालमा शिक्षामा लगानीका पद्धति र प्रक्रियामा विभिन्न कालखण्डमा विविधता अपनाएको देखिन्छ। राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ पूर्व शिक्षामा लगानीको दायित्व मुख्यतः समुदायमा रहेकोमा यस योजना लागु भएपछि शिक्षाको लगानीको दायित्व राज्यले लिएको पाइन्छ । शैक्षिक विकासका लागि कम्तीमा पनि कुल बजेटको २० प्रतिशत शिक्षाका लागि छुट्याउनुपर्ने विभिन्न अध्ययनले सिफारिस गरेको भए पनि सो अनुसारको लगानी भएको पाइँदैन।

### ९.१ शिक्षामा लगानी/ बजेट चार्ट

विगत २० वर्षमा शिक्षा, विज्ञान तथा प्रविधिको क्षेत्रमा भएको बजेट विनियोजन यसप्रकार रहेको छः

**तालिका- : वार्षिक बजेटमा शिक्षा बजेट प्रतिशत**

| आ. व. | शिक्षामा कुल गार्हस्थ्य उत्पादनको प्रतिशत | कुल राष्ट्रिय बजेटमा शिक्षा क्षेत्रको बजेट प्रतिशत |
|---|---|---|
| २०५९/६० | ३.१ | १४.९८ |
| २०६३/६४ | ३.७ | १५.९९ |
| २०६७/६८ | ४.३ | १७.११ |
| २०७१/७२ | | १३.९२ |
| २०७५/७६ | | १०.२३ |
| २०७९/०८० | | १०.९४ |

स्रोतः अर्थ मन्त्रालय र शिक्षा मन्त्रालय (२०५९-२०७९)

## ९.२ तहगत विनियोजन

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लागु भएपछि शिक्षा क्षेत्रमा विनियोजन गरिएको बजेटको तहगत विनियोजन यसप्रकार रहेको छः

**तालिका- : वार्षिक बजेटमा शिक्षा बजेटको तहगत बजेट प्रतिशत**

| क्र.सं. | आ. व. | सुरु बजेटमा भएको विनियोजन (प्रतिशत) | | |
|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | स्थानीय |
| १ | २०७९/०८० | ३५.६७ | २.७१ | ६१.६२ |
| २ | २०७८/७९ | ३३ | ३ | ६४ |
| ३ | २०७७/७८ | ३२ | ३ | ६५ |
| ४ | २०७६/७७ | ४० | २ | ५८ |
| ५ | २०७५/७६ | ३५ | २ | ६३ |

स्रोतः अर्थ मन्त्रालय र शिक्षा मन्त्रालय (२०५९ २०७५-२०७९)

## ९.३ शिक्षामा लगानीको ढाँचाः

शिक्षा क्षेत्रमा विद्यमान लगानीसम्बन्धी व्यवस्थालाई सुधार गर्नका लागि गरिने कार्य देहायबमोजिम प्रस्तुत गरिएको छः

१. कुल गार्हस्थ्य उत्पादनको पाँच प्रतिशत र कुल राष्ट्रिय बजेटको २० प्रतिशत शिक्षामा लगानीको सुनिश्चतता गर्ने

२. लगानीको अंश क्रमशः वृद्धि गर्दै लगी पाँच वर्षभित्रमा लक्षित अंशमा पुऱ्याउने

३. शिक्षाका उपक्षेत्रहरूमा समेत प्राथमिकता तोकी लगानी गर्ने

४. प्रदेश सरकारको शिक्षामा  लगानी २० प्रतिशत पुऱ्याउने

५. स्थानीय तहले कुल बजेटको २० प्रतिशत शिक्षामा लगानीको सुनिश्चितता गर्ने

६. निजी क्षेत्रको लगानी वृद्धि गर्न सहकार्यको ढाँचा विकास गरी कार्यान्वयनमा ल्याउने
७. अभिभावक सहयोग र सहकार्य वृद्धि गर्न ढाँचा विकास गरी कार्यान्वयनमा ल्याउने
८. व्यावसायिक प्रतिष्ठानका लगानी विविध क्रियाकलाप सञ्चालन गर्ने
९. दिगो लगानीको ढाँचा विकास गरी कार्यान्वयनमा ल्याउने
१०. वैकल्पिक लगानीको स्रोत पहिचान गरी कार्यान्वयनमा ल्याउने
११. विद्यमान कार्यक्रमको पुनर्संरचना गर्ने
१२. अनुदानको ढाँचा समायानुकूल सुधार गर्ने
१३. शिक्षामा लाग्ने लागत तहगत र जम्मा गणना गरिने
१४. खर्च बेहोर्ने स्रोत र अनुमान तय गरिने
१५. प्रतिव्यक्ति लगानी एकीन गरिने
१६. सङ्घ, प्रदेश र स्थानीय तहको लगानी ढाँचा तय गरिने

# खण्ड-१०
# विभिन्न निकायको भूमिका

उपर्युक्त सोच व्यावहारिक रूपमा कार्यान्वयनमा ल्याउन सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका र कर्तव्य देहायबमोजिम हुनेछः

## १०.१ सङ्घको भूमिका

### १०.१.१ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको भूमिका

१. राष्ट्रिय नीति, कानुन, मापदण्ड तर्जुमा गर्ने र कार्यान्वयनमा समन्वय गरी प्रभावकारी नियमन गर्ने

२. शिक्षक तथा कर्मचारीको न्यूनतम सेवा, सर्त, सुविधा, योग्यता र सक्षमता तथा क्षमता विकाससम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने

३. राष्ट्रिय पाठ्यक्रम प्रारूप निर्माण गरी कार्यान्वयनमा ल्याउने

४. राष्ट्रिय शैक्षिक गुणस्तर मानक निर्धारण गर्ने

५. केन्द्रीय एकीकृत शैक्षिक तथ्याङ्क व्यवस्थापन गर्ने

६. विद्यार्थी मूल्याङ्कन तथा परीक्षाको राष्ट्रिय मापदण्ड निर्माण गर्ने

७. राष्ट्रिय उपलब्धि परीक्षण सञ्चालन गर्ने

८. समकक्षता निर्धारण मापदण्ड तयार गरी कार्यान्वयन गर्ने

९. प्रदेश तथा स्थानीय तहको शैक्षिक विषयमा नियमन तथा सहजीकरण गर्ने

### १०.१.२ अन्य सङ्घीय निकायको भूमिका

१. नीति र मापदण्ड बनाउने, नियमन गर्ने, मूल्याङ्कन गर्ने

२. शैक्षिक योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनमा सहजीकरण र समन्वय गर्ने

३. राष्ट्रिय पाठ्यक्रम तथा पाठ्यपुस्तक एवम् पाठ्यसामग्रीको विकास र कार्यान्वयनमा सहजीकरण गर्ने । स्थानीय पाठ्यक्रम विकासमा सहयोग र परामर्श प्रदान गर्ने

४. क्षमता विकासका कार्यक्रम तय गरी कार्यान्वयन गर्ने

५. कार्यक्रमहरूको प्रभावकारिताको अनुगमन सुपरिवेक्षण गरी पृष्ठपोषण प्रदान गर्ने
६. स्तरीकृत परीक्षा सञ्चालनका लागि सहजीकरण गर्ने
७. अनुसन्धानात्मक कार्य गर्ने

## १०.२ प्रदेश तहको भूमिका

१. शिक्षाको राष्ट्रिय नीति तथा मापदण्डको अधिनमा रही प्रदेश तहको शिक्षासम्बन्धी कानुन, योजना, कार्यक्रम, प्रशासन, व्यवस्थापन र नियमन गर्ने
२. विद्यालय शिक्षक तथा कर्मचारीको सेवा, सर्त र सुविधाको सञ्चालन तथा अभिलेख व्यवस्थापन गर्ने
३. राष्ट्रिय पाठ्यक्रम प्रारूपको अधिनमा रही पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास, उत्पादन र वितरण गर्ने
४. स्थानीय तह, सङ्घीय सरकारका साथै विभिन्न निकायसँग समन्वय गर्ने
५. प्रदेशस्तरीय एकीकृत शैक्षिक तथ्याङ्क व्यवस्थापन गर्ने
६. विद्यालय तहका शिक्षकको पेसागत विकास तथा तालिमसम्बन्धी पाठ्यक्रम, पाठ्यसामग्री विकास, तालिम सञ्चालन र अनुगमनसम्बन्धी कार्य कार्यान्वयनमा सहजीकरण गर्ने
७. विशेष शिक्षासम्बन्धी योजना निर्माण र कार्यान्वयन गर्ने

## १०.३ स्थानीय तहको भूमिका

१. कानुन निर्माण, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन एवम् अनुमति, सञ्चालन र व्यवस्थापन (प्रारम्भिक बाल विकास, आधारभूत तथा माध्यमिक शिक्षा, अनौपचारिक, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइ, खुला तथा दूर शिक्षा, निरन्तर सिकाइ तथा सामुदायिक सिकाइ केन्द्र, अभिभावक शिक्षा) सम्बन्धी कार्य गर्ने
२. मातृभाषामा शिक्षा प्रदानसम्बन्धी आवश्यक प्रबन्ध गर्ने
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन तथा व्यवस्थापन गर्ने
४. स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन गर्ने

५. विद्यालयस्तरीय निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने, अनुगमन गर्ने, मूल्याङ्कन गर्ने
६. छात्रवृत्ति वितरण, दिवा खाजा व्यवस्थापन, सेनेटरी प्याड वितरणलाई प्रभावकारी बनाउने
७. परीक्षा तथा मूल्याङ्कनलाई सिकाइको अभिन्न अङ्गको रूपमा उपयोग गराउने
८. गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन गर्ने
९. सामुदायिक विद्यालयको दरबन्दी मिलान गर्ने
१०. विद्यालय नक्साङ्कन गरी समायोजन, स्तरवृद्धिमा प्रयोग गर्ने
११. विद्यालयको नामकरण, नाम परिवर्तन र स्थानान्तरणसम्बन्धी कार्य गर्ने
१२. विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण गर्ने गराउने
१३. विद्यालयको गुणस्तर अभिवृद्धिमा विशेष जोड दिने
१४. सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापनमा प्राथमिकता दिने
१५. स्थानीय स्तरमा विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन गर्ने
१६. अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयन गराउने
१७. अतिरिक्त तथा सहक्रियाकलाप सञ्चालन तथा व्यवस्थाप गर्ने
१८. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन गर्ने
१९. शिक्षक कर्मचारी पुरस्कार तथा प्रोत्साहनलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्ने
२०. शैक्षिक कार्यक्रम तथा संस्थाको अनुगमन गर्ने गराउने
२१. क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिने

# खण्ड-११
# अपेक्षित उपलब्धि

## ११.१ अपेक्षित उपलब्धि

शैक्षिक संस्था निश्चित मापदण्ड आधारित भएर मात्र स्थापना र सञ्चालन हुने छन् । सबै शैक्षिक संस्थामा आदर्श शैक्षिक वातावरणको विकास भएको हुने छ । शिक्षामा सबैको पहुँच स्थापित हुने छ । गुणस्तरीय शिक्षाको सुनिश्चितता हुने छ । शैक्षिक संस्थामा न्यूनतम आधारभूत पूर्वाधार पूरा भएको हुने छ । स्रोत, साधन र जनशक्तिको न्यायपूर्ण वितरण भएको हुने छ । सबै विद्यालयमा समान शैक्षिक सुविधा र शैक्षिक स्तर कायम भएको हुने छ । विद्यार्थी तथा अभिभावकले राम्रो शिक्षाका लागि शैक्षिक संस्था छनोट गर्न र प्रवेश पाउन भौंतारिनुपर्ने छैन । शैक्षिक संस्था तथा पदाधिकारी जिम्मेवार, उत्प्रेरित र जवाफदेही हुने छन् । सार्वजनिक शिक्षाप्रति सबैको आकर्षण र विश्वास बढ्ने छ । निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन भएको हुने छ । शिक्षामा लगानी वृद्धि भएको हुने छ । छिटो र छरितो शैक्षिक सेवा प्रवाह भएको हुने छ । समयसापेक्ष रूपमा नीति, कानुन, संरचना तथा संस्थाको सुधार एवम् परिमार्जन भएको हुने छ । समग्र शैक्षिक प्रणालीमा सुशासन कायम भएको हुने छ ।

स्वस्थ, सक्रिय, सक्षम र अनुशासित विद्यार्थी तयार हुने छन् । सबै बालबालिकाले अपेक्षित सिकाइ उपलब्धि प्राप्त गरेका हुने छन् । विद्यार्थीहरू प्रविधिमैत्री हुने छन् । प्राविधिक शिक्षामा विद्यार्थीको आकर्षण बढेको हुने छ ।श्रमप्रति सकारात्मक धारणाको विकास भएको हुने छ । सिपवान् जनशक्तिको विकास हुने छ । दैनिक जीवनमा आइपर्ने जीवनोपयोगी सिप प्राप्त गरी उपयोग गर्न सक्षम हुने छन् । कुनै पनि विषयवस्तुमा आफ्नो धारणा बनाउन व्यक्त गर्न र तर्क गर्न सक्षम हुने छन् । आफ्नो अधिकार र कर्तव्यप्रति सचेत हुने छन् । सिद्धान्त र व्यवहार मिलाउन अभ्यस्त हुने छन् । आफ्नो मौलिक मूल्य, मान्यता, दर्शन, पहिचानप्रति परिचित हुने छन् । राष्ट्र र राष्ट्रियतप्रति

बफादार हुने छन् । स्थानीय राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशअनुकूल योग्य र प्रतिस्पर्धी हुने छन् ।

मेधावी जनशक्तिको शिक्षण सेवामा आकर्षण वृद्धि भएको हुने छ । शिक्षकको प्राज्ञिक योग्यता वृद्धि हुने छ । शिक्षक तयारी र विकासका लागि प्राज्ञिक र पेडागोजिकल कोर्सको विकास र कार्यान्वयन हुने छ । शैक्षणिक ज्ञान, सिप र तौरतरिकामा परिवर्तन भई कक्षाकोठामा प्रतिविम्बित  हुने छ । शिक्षक पेसाप्रति सामाजिक प्रतिष्ठा वृद्धि हुने छ । शिक्षक स्वउत्प्रेरित, जिम्मेवार, जवाफदेही एवम् उत्तरदायी हुने छन् । शिक्षक डिजिटलमैत्री हुने छन् । शिक्षक सिकाइका नवीनतम विधि र प्रविधिको विकास गर्न सक्षम हुने छन् । शिक्षण सिकाइमा प्रयोग भइरहेको नवीनतम प्रविधिको खोजी गरी प्रयोग गर्न सक्षमता प्राप्त गरेका हुने छन् । विद्यार्थीको सिकाइलाई केन्द्रमा राखी शिक्षण पेसालाई सम्मान र गर्व गरेका हुने छन् । सहजकर्ता, उत्प्रेरक, नेतृत्वकर्ता, परामर्शदाता, पथप्रदर्शक, समस्या समाधान कर्ताजस्ता भूमिका निर्वाह गरी रोलमोडलको रूपमा स्थापित हुने छन् ।

शैक्षिक प्रणाली चुस्त, उत्तरदायी (रेस्पोन्सिभ), पारदर्शी, जवाफदेही, निष्पक्ष, प्रभावकारी भएको हुने छ । गुणस्तरीय सेवा प्रवाह भएको हुने छ । समग्रमा शिक्षाको सेवा प्रवाह लागत किफायती र मितव्ययी हुने छ । गुणस्तरीय शिक्षामा आम नागरिकको समान पहुँच स्थापित भएको हुने छ । प्रतिस्पर्धी र उत्पादनशील जनशक्ति निर्माण हुने छ ।

# खण्ड-१२
# सोचपत्रको कार्यान्वयन सम्बन्धी व्यवस्था

सोचपत्रले अपेक्षा गरेका उद्देश्य परिपूर्तिका लागि देहायबमोजिमका कानुनी र कार्यक्रमगत व्यवस्था गरी कार्यान्वयन गरिने छः

## १२.१ कानुनी व्यवस्था

सोचपत्रको प्रभावकारी कार्यान्वयनका लागि देहायबमोजिमका कानुनी प्रबन्ध गरी कार्यान्वयनमा ल्याइने छः

१. विद्यालय शिक्षासम्बन्धी ऐन तर्जुमा गरी कार्यान्वयन गर्ने
२. उच्च शिक्षासम्बन्धी एकीकृत ऐन तर्जुमा गरी कार्यान्वयन गर्ने
३. प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी ऐन तर्जुमा गरी कार्यान्वयन गर्ने
४. राष्ट्रिय योग्यता प्रारूप (एन्क्यूएफ) सम्बन्धी ऐन तर्जुमा गरी कार्यान्वयन गर्ने
५. एकीकृत स्वास्थ्य शिक्षा ऐन तर्जुमा गरी कार्यान्वयन गर्ने
६. विद्यालयीय सेवा सुविधा शैक्षिक वातारण शिक्षक विकास अनुगमन मूल्याङ्कन शैक्षिक गुणस्तरसम्बन्धी मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने
७. प्रदेश र स्थानीय तहको क्षेत्राधिकारभित्र रहेका विषयको सञ्चालन, व्यवस्थापन र नियमनका लागि तत्तत् तहका सरकारबाट कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याउने
८. आवश्यकताअनुसार संयन्त्र, नियमावली, निर्देशिका र कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउने

## १२.२ कार्यक्रमगत व्यवस्था

सोचपत्रको प्रभावकारी कार्यान्वयनका लागि देहायबमोजिमका कार्यक्रम कार्यान्वयनमा ल्याइने छः

१. दिवा खाजा कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, सेनेटरी प्याड, अभिभावक शिक्षा, शैक्षिक संस्था नक्साङ्कन, हरित विद्यालय, विद्यालय स्वास्थ्य सेवा, क्षमता विकास, शिक्षक पेसागत सहयोग, शैक्षिक कर्जा, पढ्दै कमाउँदै, पढ, सिक, कमाऊ र तिर, आवासीय विद्यालय, नमुना विद्यालय, विज्ञान विद्यालय, विशेष विद्यालय आदि
२. विद्यालय शिक्षा क्षेत्र योजना तथा कार्यक्रम
३. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम
४. प्राविधिक तथा व्यावसायिक शिक्षा सुधार कार्यक्रम
५. सिप विकाससम्बन्धी तालिम तथा परियोजना
६. उच्च शिक्षा सुधार परियोजना तथा कार्यक्रम
७. साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त शिक्षा अभियान
८. गुणस्तरसम्बन्धी कार्यक्रम
९. समकक्षतासम्बन्धी कार्यक्रम
१०. साधारण शिक्षाबाट प्राविधिक तथा व्यावसायिक शिक्षामा र प्राविधिक तथा व्यावसायिक शिक्षाबाट साधारण शिक्षामा तथा वृत्ति विकास (Permiability & Mobility) सम्बन्धी कार्यक्रम
११. सिप विकास अभियानसम्बन्धी कार्यक्रम

# खण्ड-१३
# जोखिम र अवरोध

## १३.१ जोखिम र अवरोध

शैक्षिक सोचपत्र कार्यान्वयनमा आउन सक्ने सम्भावित जोखिम र अवरोध देहायबमोजिम हुन सक्ने आकलन गरिएको छः

१. शिक्षा क्षेत्र सरकारको उच्च प्राथमिकतामा नपर्नु

२. समयमै कानुन, मापदण्ड, संयन्त्र, कार्यविधि बन्न नसक्नु

३. संविधानको भावना अनुसार सङ्घ, प्रदेश र स्थानीय तहबिच सहअस्तित्व, समन्वय र सहकार्यमा आधारित कार्यप्रणाली अवलम्बन हुन नसक्नु

४. तीनै तहका सरकारबाट शिक्षामा पर्याप्त लगानी नहुनु

५. सम्बद्ध सरोकारवाला निकाय तथा पदाधिकारीको सहयोग प्राप्त नहुनु

६. स्थानीय तहदेखि सङ्घसम्मका शैक्षिक जनशक्तिको क्षमता विकास हुन नसक्नु

७. सबै तहका शैक्षिक संरचना भूगोल, जनसङ्ख्या र आवश्यकताका आधारमा पुर्नसंरचित हुन नसक्नु

८. साझेदारीमा कार्य सम्पादन हुन नसक्नु

**अन्त्यमा,**

शिक्षा क्षेत्रमा बन्ने  सबै प्रकारका योजना र कार्यक्रम यो सोच अनुकूल बन्ने छन् । यस सोचले शिक्षा विकासका लागि मार्गदर्शन गर्ने छ । प्रस्तुत सोचपत्रको कार्यान्वयनबाट समाज प्रति समर्पित, सामाजिक रूपमा सहिष्णु र नयाँ विचारको सर्जक तथा प्रविधिको उत्पादन गर्न सक्षम, वैज्ञानिक, नैतिकवान्, राष्ट्रप्रेमी, उत्पादनशील, प्रतिस्पर्धी र योग्य नागरिक निर्माण हुने छ ।

<u>सन्दर्भ सामग्री</u>


- नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरू, मकालु बुक्स एन्ड स्टेसनर्स, पुतलीसडक, काठमाडौं ।
- राष्ट्रिय शिक्षा नीति, २०७६, नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
- शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९, शिक्षक सेवा आयोग नियमावली, २०५७, नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानुन किताब व्यवस्था समिति ।
- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।
- Sustainable Development Goal 4: Education 2030, Nepal National Framework, MoEST, 2019
- पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१), नेपाल बुक हाउस, पुतलीसडक, काठमाडौं ।
- शैक्षिक सूचनाका विभिन्न अङ्क, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
- विद्यालय क्षेत्र विकास योजना, वि.स. २०७३/७४-२०७९/८०, शिक्षा मन्त्रालय ।
- विद्यालय क्षेत्र सुधार योजना, २०६६-२०७२, शिक्षा मन्त्रालय ।
- सबैका लागि शिक्षा राष्ट्रिय समीक्षा प्रतिवेदन (२००१-२०१५) नेपाल सरकार, शिक्षा मन्त्रालय ।
- उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७५, प्रतिवेदन (अप्रकाशित), नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
- विद्यालय शिक्षा क्षेत्र योजना (मस्यौदा), नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं ।
- www.opmcm.com
- www.lawcommission.gov.np
- www.moe.gov.np

- www.cehrd.gov.np
- www.npc.gov.np
- www.tsc.gov.np
- www.neb.np
- www.ero.np
- www.moecdc.gov.np
- www.stro.gov.np
- www.ugc.gov.np

अनुसूची

Ministry of Education, Science and Technology